# बालबालिकाको बस्तुगत विवरण(पार्श्वचित्र)

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

# परिच्छेद -१

# बालबालिका सम्बन्धी बस्तुगत विवरण(CHILD PROFILE)को परिचय

## पृष्ठभूमि

वस्तुगत विवरण सूचनाको सँगालो हो, जसमा कुनै पनि संघसंस्था, तह, निकाय या कार्यालयका सम्पूर्ण सूचनाहरू संग्रह गरिएका हुन्छन् । छरिएर रहेका सूचनालाई संग्रह गरी वस्तुगत विवरण तयार पारिन्छ । यसमा कुनै पनि निकायको सम्पूर्ण सूचना रहने हुँदा वस्तुगत विवरणलाई पार्श्वचित्र पनि भनिन्छ। ऐनामा हेर्दा आफ्नै अनुहार देखिए सरह वस्तुगत विवरणले कुनै पनि निकायको सम्पूर्ण सूचना या यथार्थ स्वरूप चित्रण गर्ने गर्दछ। तसर्थ विभिन्न तह र निकायले आफ्नो सूचनाको सँगालोका रूपमा पार्श्वचित्र या वस्तुगत विवरण तयार पार्ने गर्दछन् ।

पार्श्वचित्र या वस्तुगत विवरण निर्माणबाट सम्बन्धित क्षेत्रको यथार्थ सूचना व्यवस्थित हुने गर्दछ। तसर्थ वस्तुगत विवरण विशेष सावधानीका साथमा तयार गरिनु पर्दछ । वस्तुगत विवरण तयारीका लागि सर्वप्रथम सूचनाहरू संकलन गरिन्छ। सूचना पनि प्रकृतिका आधारमा प्राथमिक र द्वितीयक गरी जम्मा दुई प्रकारका हुन्छन् । संकनकर्ता आफैले सम्बन्धित क्षेत्रमा गएर संकलन गरेका सूचनालाई प्राथमिक सूचना भनिन्छ । अरूले संकलन गरेको सूचनालाई भने द्वितीयक सूचना भनिन्छ।

वस्तुगत विवरण या पार्श्वचित्र तयारीका क्रममा यी दुवै प्रकारका सूचना संकलन, प्रशोधन, तालिकीकरण, विश्लेषण तथा प्रकाशन गर्नेसम्मका कार्यहरू पर्दछन् । यी दुवै प्रकारका सूचनालाई एक अर्कामा तुलना गरेर तिनमा रहेका त्रुटीलाई कम गर्ने कार्य गर्नु पर्दछ। सूचनाको व्यवस्थापन गर्ने काम भने नगरपालिकाको हो। आवश्यकता अनुसार चाहिएको मात्रामा र समयमा सूचना प्राप्त गर्न सकियोसूभन्ने उद्देश्यले सूचना व्यवस्थापन गरिन्छ । सूचना व्यवस्थापनको मतलव वस्तुगत विवरण तयारीको कार्य नै हो। व्यवस्थित गरिएको सूचनालाई आवश्यक मात्रामा प्रयोग गर्न सकिन्छ। सूचना व्यवस्थापन नगरी सवै वा अनावश्यक मात्रामा प्रस्तुत गर्नाले भने मुख्य विषय छुट्ने वा ओझेलमा पर्ने सम्भावना रहन्छ।

यथार्थमा वस्तुगत विवरण या पार्श्वचित्र निश्चित खाकामा रहेर तयार पार्न आवश्यक हुन्छ। तसर्थ यसलाई निश्चित खाकामा तयार पारिएको छ । एकातर्फ नेपाल सरकारले जारी गरेको बाल मैत्री शासन कार्यान्वयन निर्देशिकाको ढाँचामा यो वस्तुगत विवरण तयार पारिएको छ भने यसमा भौगोलिक र स्थानीयतालाई पनि महत्व दिइएको छ। प्रस्तुत बस्तुस्थिति विवरण तयार गर्दा यथासक्य ज्यादा सूचना समावेश गर्ने, आवश्यक सूचनालाई छुट्न नदिने तथा यसको शुद्धतालाई महत्व दिइएको छ।

बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागिताजस्ता बाल अधिकारका सबाललाई स्थानीय निकायको नीति, संरचना, प्रणाली र कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्न नेपालमा अहिले बाल मैत्री स्थानीय शासनको अवधारणा अघि सारिएको छ। सबै स्थानीय तहहरुले यसलाई अवलम्बन गर्दै बालबालिकाको हितमा योजना तर्जुमा, स्रोतको विनियोजन, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन जस्ता कार्य गर्न बालमैत्री स्थानीय शासनले सघाउँदछ।

बाल विकासमा राज्यले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा विभिन्न प्रतिवद्धता व्यक्त गरेको छ। बालहितको लागि विभिन्न नीतिगत, संस्थागत र प्रक्रियागत प्रयासहरु गरी बालबालिकासम्बन्धी सबाललाई सम्बोधन गर्नुपर्ने आवश्यकता देखिएको छ। नेपालको वर्तमान राजनैतिक परिवर्तनसंगै समावेशीकरण उच्चतम् प्राथमिकतामा रहेको र बालबालिकाका सबालहरुलाई एकीकृत रुपमा सम्बोधन गर्न आवश्यक देखिएको छ।

स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी नगरपालिकाले थाहा नगरपालिकाले नगरको १ देखि ६ नम्बर वडालाई समेटेर बाल प्रोफाइल तयार पारेको छ।

## मुख्य उद्देश्यहरू

नगरपालिकाको बालबालिका सम्बन्धी वस्तुगत विवरण अध्ययन या पार्श्वचित्र निर्माणबाट अधिकारमा आधारित बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्धन गर्न आवश्यकता अनुसारका सूचना एकीतृत हुने गर्दछन्। यिनीहरूको उद्देश्य एकातर्फ स्थानीय तहलाई चाहिने सूचना संग्रह गर्न गरिन्छ भने अर्कातर्फ जनताको सूचनाको हकलाई पनि यसले सम्मान गर्दछ। वस्तुगत विवरण तयार गरी वेभसाईटमा राख्नाले देश विदेशमा बस्ने जो कोहीले पनि आवश्यकता अनुसार नगरपालिकाको सूचना प्राप्त गर्न सक्दछन्।

यसका साथै यस वस्तुगत विवरण निर्माण कार्यका मुख्य उद्देश्यहरू निम्नानुसार छन् :

१) नगरपालिकाको बालबालिकासम्बन्धी वास्तविक र सही सूचना संकलन तथा व्यवस्थापन गर्न मद्दत गर्ने ,

२) नगरपालिकाका बालबालिकासम्बन्धी तथ्यांकहरू आवश्यकताअनुसार सम्बद्ध निकायलाई उपलब्ध गराउने,

३) स्रोत, साधन र सीपको पहिचान गरी त्यसको सदुपयोग गर्न तथा सम्भावित जोखिमहरूबाट वच्ने उपायहरूको खोजी गर्ने,

४) बालबालिका सम्बन्धी योजना छनौट र प्राथमिकता निर्धारणका लागि आधार तयार पार्ने,

५) बाल अधिकारमा आधारित स्थानीय शासनमा नवीन सोंच र चिन्तनको सम्भावनाका लागि मार्ग प्रशस्त गर्ने ,

६) आवश्यक हुने निकाय र व्यक्तिलाई छिटो र छरितो ढंगमा सूचना उपलब्ध गराउने,

७) वस्तुगत विवरणलाई वेभसाईटमा अपलोड गरी विश्वका जुनै कुनाबाट पनि तिनको सूचना प्राप्त गर्न सक्ने व्यवस्था मिलाउने।

## वस्तुगत विवरणको महत्व

विकासका प्रतिफलहरू केन्द्रबाट जनता समक्ष पुऱ्याउन एवं सबै वर्गले उपयोग गर्न सक्ने वातावरणको श्रृजना गर्नका लागि स्थानीय तहको वास्तविक वस्तुस्थिति र आवश्यकताको पहिचान गर्नु आजको सन्दर्भमा प्रमुख आवश्यकता हुन्छ। देशका सबै भागमा समय सापेक्ष ढंगले समानुपातिक विकासका प्रकृयाहरू अगाडि बढाउन पनि

सम्बन्धित क्षेत्रको वस्तुगत र विश्लेषणात्मक अध्ययन हुनु जरूरी पर्दछ । यस अध्ययनले बालकालिकाको वास्तविक वस्तुस्थिति पहिचान गरी भावी विकास योजना र रणनीतिहरू तर्जुमा गर्न तथा विकासका विभिन्न प्रकारका क्रियाकलापहरू संचालन गर्न सहयोग गर्ने देखिन्छ । साथै प्रस्तुत वस्तुगत विवरण सम्बन्धित क्षेत्रका संघसंस्था, अनुसन्धानकर्ता, योजनाकार, विकासका चिन्तक, समाजसेवी लगायत जिज्ञाशु महानुभावहरूलाई समेत उपयोगी हुने भएकोले यस अध्ययनको निकै ठूलो महत्व रहेको छ ।

## बाल प्रोफाइल निर्माणको औचित्य

नेपाल सरकारले स्थानीय निकायहरूलाई पुनःसंगठित गरी स्थानीय तहहरू गठन गरेको छ । नेपाल सरकारले स्थानीय तहहरूलाई विकास निर्माणका लागि ठूलो रकम अनुदानका रूपमा दिने गर्दछ भने यिनीहरू आफैंले पनि जनताबाट करहरू संकलन गर्ने गर्दछन् । यी बजेटलाई अनिवार्य रुपमा बालबालिकाको क्षेत्रमा समेत लगानी गर्नुपर्ने हुन्छ । त्यसलाई योजनाबद्ध ढंगमा खर्च गर्न आवश्यक हुने गर्दछ । तर योजना निर्माण बालबालिकासम्बन्धी यथेष्ट सूचना हुन आश्यक पर्दछ । साथै नगरपालिका तथा तिनको कार्यक्षेत्रभित्र पर्ने बालबालिकासम्बन्धी गतिविधि तथा वस्तुहरूको सूचना पाउनु जनताको नैसर्गिक अधिकार हो । आवश्यक पर्ने जनतालाई यस्ता सूचना प्रदान गर्नका लागि नगरपालिकाले वस्तुगत विवरण तयार पार्न आवश्यक हुने गर्दछ । तसर्थ पनि बालबालिकासम्बन्धी यो वस्तुगत विवरण तयार पार्ने काम औचित्यपूर्ण छ ।

## प्रयोग गरिएका विधिहरू

नगरपालिकाको बालबालिकासम्बन्धी वस्तुगत विवरण निश्चित ढाँचामा तयार पारिनु पर्दछ । ढाँचा निश्चित नगरी तयार पारिएको वस्तुगत विवरणले आवश्यकताअनुसारका सूचना प्रदान नगर्न सक्दछ । तसर्थ यसका लागि निश्चित ढाँचाको आवश्यकता परेको हो ।

बालबालिकाको स्थितिपत्र तयार पार्ने सम्बन्धमा सरकारबाट पछिल्लोपटक जारी भएको बालमैत्री स्थानीय शासन : राष्ट्रिय रणनीति, २०६८ र बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ समेटिएको छ । यसैलाई आधार मानेर देशैभर स्थानीय तहरुले एउटा साझा ढाँचामा बाल प्रोफाइल तयार पारिरहेका छन् । यस अध्ययनमा पनि सोही ढाँचामा आधारित भएर तथ्यांक या सूचना संकलन गर्ने तथा बस्तुगत विवरण तयार पार्ने कार्य गरिएको छ । प्रस्तुत बालबालिका सम्बन्धी वस्तुगत विवरण तयारीका क्रममा एउटा निश्चित ढाँचा तयार भएपछि प्राथमिक र द्वितीयक सूचनाहरू संकलन गरिएका छन् । प्राथमिक सूचना Kobo Toolbox सफ्टवेयरको उपयोगबाट लिइएको छ ।

विषयगत कार्यालय तथा संघसंस्थाका प्रतिवदेन तथा सूचनालाई द्वितीयक सूचना मानी तिनीहरूलाई पनि प्रयोग गरिएको छ । यता जनगणना २०७८ सालको प्रतिवेदनलाई पनि केही विषयवस्तुका लागि आधार बनाइएको छ । जनसंख्यासम्बन्धी विवरण नगरपालिकाको वस्तुस्थिति विवरण २०७४ बाट लिइएको छ । यता प्राथमिक सूचना घरधुरी सर्वेक्षण, स्थानीय नगरपालिका र वडाका कर्मचारी तथा स्थानीय व्यक्तिहरूसँगको छलफल, भेला, अन्तरवार्ता र अवलोकनबाट पनि संकलन गरिएका छन् । यसरी प्राथमिक र द्वितीयक दुवै प्रकारका सूचनाहरू

संकलन गरेपछि तिनीहरूलाई तुलना तथा परीक्षण गरी थाहा नगरपालिकाको वडा नं. १,२,३,४,५ र ६ को वस्तुगत विवरण, २०८० तयारीको कार्यलाई अन्तिम रूप दिइएको छ। यहाँका सूचनालाई अनुसन्धानात्मक ढंगमा प्रस्तुत गरी सूचनाहरूको सत्यतामा अभिवृद्धि गरिएकोछ भने यसबाट दोहोरोपना पनि हटेर गएको छ

## सूचना विश्लेषण र प्रस्तुतीकरण

प्रस्तुत वस्तुगत विवरण तयारीका क्रममा सफ्टवेयर Kobo Toolbox बाट सूचना संकलन गरी प्राप्त भएका तथ्यांकलाई Excel को pivot table को माध्यमबाट तथ्यांकीय विधिबाट विश्लेषण गर्ने काम गरिएको छ। घरधुरी सर्वेक्षण र सहभागितामुलक विधिद्वारा प्राप्त सूचना/तथ्यांकलाई पनि विश्लेषण गरी प्राप्त सूचनालाई विभिन्न स्वरुपमा प्रस्तुत गरिएको छ। त्यसपछि सुचनालाई वर्णनात्मक तथ्यांकीय विधिबाट विश्लेषण गरिएको छ।

## वस्तुगत विवरण तयारीका क्षेत्र र सीमा

कुनै पनि वस्तुगत विवरणको क्षेत्र निकै ठूलो हुने गर्दछ। तथापि यो एउटा खास क्षेत्रमा तयार पारिएको विवरण भएकाले मुलतः यसको क्षेत्र बालबालिका हो। अन्तरराष्ट्रिय तथा राष्ट्रिय रुपमा पारित बाल अधिकारका दृष्टिले यस विवरणमा बालबालिकाहरुको स्थिति केलाउने प्रयास गरिएको छ। यसमा बाल अधिकारका चारै क्षेत्रहरु बाल बचावट, बाल विकास, बाल संरक्षण र बाल सहभागितासम्बन्धी अवस्थालाई समेटिएको छ। एकै विवरणमा अध्ययन गर्न र तुलना गर्नसमेत सजिलो होस् भनेर यसमा स्थानीय सरकार संचालन ऐन २०७४ ले समेटेका बालबालिका सम्बन्धी विषयहरु र सन् २०३० सम्मको दिगो विकाससम्बन्धी विश्व लक्ष्यले समेटेका बालबालिकासम्बन्धी सूचक र लक्ष्यहरुलाई समेत समावेश गरिएको छ।

यस विवरण तयारीको सीमा थाहा नगरपालिकाको वडा नं. १, २, ३, ४, ५ र ६ लाई समेटेर यो विवरण तयार पारिएको छ। त्यसो त कतिपय विषयमा समग्र थाहा नगरपालिकालाई समेट्नु पर्ने देखिएकोले कतिपय नगरस्तरका सूचनाहरुलाई समेत महत्वका साथ समेटिएको छ।

वास्तवमा थाहा नगरपालिकाको बालबालिकासम्बन्धी पार्श्वचित्र निर्माण गर्ने क्रममा प्राथमिक र द्वितीयक दुवै प्रकारका स्रोत सामग्रीको प्रयोग गरिएको छ। यसमा विशेषगरी स्थलगत सर्वेक्षण गर्ने क्रममा घरधुरी सर्वेक्षण फारमको प्रयोग गरिएको छ भने यस बाहेक जनगणना २०७८ को प्रतिवेदन, नगरपालिक, वडा तथा सरोकारवाला संस्था(जस्तै स्वास्थ्य संस्था, विद्यालय आदि)का रेकर्ड, स्थानीय समुदायसँगको छलफल तथा अन्तरकृयाबाट पनि महत्वपूर्ण तथ्यांक संकलन गरिएको छ। त्यसपछि प्राप्त सूचनाहरूलाई तालिकीकरण गर्ने र विश्लेषण गर्ने कार्य गरी यो वस्तुगत विवरण तयार पारिएको छ।

# परिच्छेद -२
# थाहा नगरपालिकाको सङ्क्षिप्त परिचय

## क्षेत्रफल र सीमाना

थाहा नगरपालिका नेपालको बागमती प्रदेश अन्तर्गत मकवानपुरको उत्तरी क्षेत्रमा छ । यो जिल्लाको दोस्रो नगरपालिका हो । धादिङ र काठमाण्डौं जिल्लालाई समेत छुने यस नगरपालिकाको पूर्वमा इन्द्रसरोवर गाउँपालिका, दक्षिणमा भीमफेदी गाउँपालिका, उत्तरमा धादिङ/काठमाण्डौं तथा पश्चिममा कैलाश गाउँपालिका रहेका छन् । क्षेत्रफलका हिसाबले यो नगरपालिका १९१ बर्ग किलोमिटरमा फैलिएको छ ।

साविक गाविसहरु दामन, पालुङ र बज्रवाराहीलाई समेटेर मिति २०७१ साल वैषाख २५ गते नेपाल सरकारले थाहा नगरपालिका घोषणा गरेको थियो । पछि टिस्टुङ, आग्रा र चित्लाङ गाविसलाई समेत समावेश गरी थाहा नगरपालिका विस्तार गरिएको हो । थाहामा १२ वडा रहेका छन् ।


## नामाकरण

थाहा नगरपालिकाको नामाकरण नेपालमै नयाँ आधारमा राखिएको छ । संसारमै यो एउटा प्रयोग पनि हो । थाहा एउटा शब्द मात्र नभएर परिभाषा हो र यही परिभाषालाई सार्थक बनाउने गरी यसको नामाकरण भएको हो । आखिर थाहा नै किन भन्ने प्रश्न धेरैले गर्छन् । वास्तवमा यो मकवानपुरको एउटा सचेत अभियान  र आन्दोलनको नाम हो जुन स्व रुपचन्द्र विष्टले स्वचेतना अभियानको रुपमा प्रचार गरेका थिए । थाहा नगरपालिकाको साविक दामन गाविस घर्तिखोलामा विस १९९० साल पुस २६ गते जन्मिएका रुपचन्द्र विष्ट महान राजनीतिक विचारक र सामाजिक अभियन्ता थिए ।


## जनसङ्ख्यासम्बन्धी सङ्क्षिप्त विवरण

२०७८ सालको जनगणना अनुसार थाहा नगरपालिकाको जनसङ्ख्या ३८८७० रहेको छ । यसमा महिला ५०.८ प्रतिशत रहेका छन् भने पुरुष ४९.२ प्रतिशत रहेका छन् । जनघनत्व प्रति वर्ग किलोमिटर २०३ रहेको छ । नगरमा जम्मा घरधुरी सङ्ख्या ९७४९ रहेको छ । थाहा नगरपालिकाको जनसङ्ख्यालाई विभिन्न आधारमा देहायमा प्रस्तुत गरिएको छ (श्रोत : जन गणना २०७८)


## थाहा नगरपालिकाको वडागत जनसङ्ख्या




## थाहा नगरपालिकाको जातिगत जनसङ्ख्या




## धर्मको आधारमा थाहा नगरपालिकाको जनसङ्ख्या




## मातृभाषाको आधारमा थाहा नगरपालिकाको जनसङ्ख्या



# परिच्छेद -३
# बालमैत्री स्थानीय शासनको अवधारणा र कार्यक्षेत्र

## बालमैत्री

ङ्बालबालिकालाई मित्रवत वा मैत्रीपूर्ण व्यवहार गर्नु नै बालमैत्री हो। अर्को अर्थमा बालमैत्री भन्नाले बालबालिकालाई मनपर्ने, उनीहरूलाई सहज, रमाइला र सुरक्षित लाग्ने तथा बालअधिकार हनन् नहुने व्यवहार वा वातावरण भन्ने बुझिन्छ। जस्तैः विद्यालयमा बालबालिका अनुकूल वातावरण हुनु, शिक्षकले बालबालिकालाई साथी जस्तै व्यवहार गर्नु, घरमा अभिभावकले बालबालिकालाई राम्रो व्यवहार गर्नु आदि। यस्तै बालबालिकाको लिङ्ग, जाति, भाषा, धर्म आदिको आधारमा भेदभाव नगर्नु बालबालिका सम्बन्धी विषयमा बालबालिकाका विचारहरू सुन्नु र कदर गर्ने वातावरणलाई बालमैत्री भनिन्छ।

## बालमैत्री स्थानीय शासन

बालमैत्री स्थानीय शासन स्थानीय तहमा बाल अधिकार सुनिश्चित गर्न ल्याइएको शासकीय अवधारणा हो। यस अवधारणामा बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागितालाई बाल अधिकारका चार पक्षलाई मुख्य आधारको रुपमा लिईएको छ। नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बालबालिका सम्बन्धी ऐन, २०७५, बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (CRC), १९८९, पन्ध्रौं योजना लगायतका कानून, नीति तथा कार्यक्रमहरूमा बाल अधिकारको समग्र पक्षलाई सम्बोधन गर्न विभिन्न व्यवस्था गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम बालमैत्री शासन प्रवर्द्धन गरी बालमैत्री वडा घोषणा गर्ने जिम्मेवारी गाउँ/नगरपालिकालाई दिइएको छ । उक्त ऐन अनुसार कार्य गरी गाउँ/नगरपालिले बालमैत्री स्थानीय तह घोषणा गर्ने जिम्मेवारी पुरा गर्नुपर्ने हुन्छ ।

## बालमैत्री शासनका क्षेत्रहरू

### बाल बचाउ

बालबालिकालाईपोषणयुक्त खाना,आवास, लत्ता कपडा, औषधी, तोकिएका खोपहरू, स्तनपान गर्न पाउने अधिकार, अभिव्यक्तिको स्वतन्त्रता, राष्ट्रियताको अधिकार, भेदभाव विरूद्दको अधिकार, हेरचाह र पालनपोषणको अधिकार र स्वास्थ्यको अधिकार तथा आराम गर्न पाउने अधिकार, खेलकुद, मनोरन्जन एवम् सांस्कृतिक अधिकार बालबालिकाको बाँच्न पाउने अधिकार अन्तर्गत पर्दछन्।

## बाल संरक्षण

बाल संरक्षण अन्तर्गत बालबालिकाको नाम र जन्म दर्ता, आफू विरूद्द हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार, बेचविखन, ओसार पसार शोषण र बेवास्ताबाट संरक्षण प्राप्त गर्ने अधिकार, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा परेका र सडक बालबालिकालाई सुनिश्चित भविश्यको लागि स्थानीय तहबाट पुऱ्याइने विशेष संरक्षण, बालबालिकालाई निजको बाबु आमा, संरक्षक, शिक्षक वा जोसुकैबाट हुने शारीरिक तथा मानसिक यातना र अमानवीय व्यवहार विरूद्द संरक्षण जस्ता विषय पर्दछन् ।

## बाल विकास

बाल विकास अन्तर्गत बालबालिकाको शारीरिक, मानसिक र संवेगात्मक विकास सहितको व्यक्तित्व विकासका लागि शिक्षा, संरक्षकत्व प्राप्त गर्ने जस्ता अधिकारलाई सम्झनुपर्दछ। बालबालिकासँग सम्बद्द विषयगत क्षेत्रहरू जस्तै सार्वजनिक भौतिक सुविधाहरू, भवन, विद्यालय, अस्पताल, उद्यान, मनोरन्जनस्थल, सडकपेटी, जेब्राक्रसिङ आदिको उपयोगमा बालबालिकाको अधिकार सुरक्षित रहने विषयहरू पनि विकासको अधिकारभित्र पर्दछन्। स्थानीय आवश्यकता र सम्भावनाको आधारमा बालप्रतिभा उजागर हुनेगरी सञ्चालन गरिने विभिन्न अतिरिक्त क्रियाकलापहरू बाल विकासका क्षेत्रभित्र पर्दछन्।

## बालसहभागिता

बालबालिकाको सरोकारका विषय र उनीहरूको जीवनमा प्रत्यक्ष प्रभाव पार्ने नीतिहरूको निर्माण तथा निर्णय प्रकृयामा बालबालिकाको कुरा सुनुवाई गर्ने र उनीहरूको विचारको कदर गर्ने, सामाजिक र सांस्कृतिक क्रियाकलाप तथा जीवनका हरेक पक्षमा विना रोकतोक र विना भेदभाव सहभागी हुन पाउने, आस्था अनुसारको धर्ममा संलग्न हुन पाउने, कुनै पनि विषयको जानकारी राख्न र अभिव्यक्त गर्न पाउने,रचनात्मक कार्य गर्न तथा संघ-संस्था खोल्न वा सहभागी हुन पाउने लगायतका अधिकारहरू नै बालबालिकाको सहभागिताको अधिकार हो । बालबालिकाले आफूलाई विभिन्न स्थानमा सहभागी गराउदै सिक्ने, अनुभव गर्ने, अनुभूति गर्दै यसलाई व्यवहारिक तरिकाबाट आत्मसाथ गर्दै आफूलाई परिपक्व र सक्षम बनाउदै लैजानु बाल सहभागिता हो।

## बालमैत्री स्थानीय शासनका उद्देश्यहरू

बालमैत्री स्थानीय शासन शासनका उदेश्यहरू देहाय बमोजिम रहेका छन् ।

(१) बालबालिका सुरक्षित भई बाँच्न पाउने हकको प्रवर्द्धन गर्ने,

(२) बालबालिकाको संरक्षण सम्बन्धी हकको प्रवर्द्धन गर्ने,

(३) बालबालिकाको विकास सम्बन्धी हकको प्रवर्द्धन गर्ने,

(४) योजना तर्जुमा सम्बन्धी निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता तथा उनीहरूको आवाजको सुनुवाईको सुनिश्चितताको लागि नीतिगत र संस्थागत व्यवस्था गर्ने,

(५) बालबालिकाको लागि आधारभूत सेवा प्रवाहगर्ने,

(६) निर्माण हुने भौतिक संरचना बालमैत्री बनाउने ।

## बालमैत्री स्थानीय शासनको आवश्यकता

नेपालको शासकीय पद्धति र सेवा प्रवाहका सम्बन्धमा बालबालिकाका सवालहरू सम्बोधन गर्न आवश्यक ठानी विगत लामो समयदेखि नेपालमा बालबालिकाको अधिकारलाई प्रत्याभूत गराउन तथा बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न सरकारी तथा गैरसरकारी क्षेत्रबाट विभिन्न कार्यक्रमहरू सञ्चालन भएका थिए । यस्ता कार्यक्रमलाई निरन्तरता दिदै हालको परिवर्तित सन्दर्भ र नेपालको संविधान अनुरुप राष्ट्रका सबै स्थानीय तहमा सञ्चालन हुने कार्यक्रम तथा गतिविधिहरू बीच एकरुपता कायम गरी बालबालिकाको सर्वाङ्गीण विकास गर्न अत्यावश्यक छ। तसर्थ स्थानीय सरकारको शासन प्रक्रियामा बालबालिकाको अधिकार सम्बन्धी सवाललाई समावेशी सिद्वान्तको आधारमा मूलप्रवाहीकरण गर्नका लागि बालमैत्री स्थानीय शासनको आवश्यकता छ ।

## बालमैत्री स्थानीय शासनकोआवश्यकता र औचित्य

- स्थानीय तहको आवधिक तथा वार्षिक योजनामा बालबालिकाको सवाललाई समेट्न,
- बालबालिका सम्बन्धी नीति तथा कार्यक्रममा अन्तर सरकार समन्वय स्थापित गर्न,
- निर्माण हुने पूर्वाधार तथा संरचनालाई बालमैत्री बनाउन,
- विपद् तथा जोखिममा बालबालिकालाई प्राथमिकतामा राख्न,
- संस्थागत क्षमता र मानवीय संशाधन तयार गर्न,
- सरकारी तथा गैर सरकारी निकायबीच समन्वय गर्दै बाल अधिकार र बालमैत्री अवधारणालाई प्रवर्द्धन गर्न,
- नेपालले प्रतिवद्धता जनाएका अन्तराष्ट्रिय सन्धी, अभिसन्धी र अनुबन्ध तथाअवलम्बन गरेको कानुनी व्यवस्था अनुसार बालबालिकाको बचाउ, संरक्षण, विकास र सहभागीताको सुनिश्चितता गर्न ।

## बालमैत्री स्थानीय शासनको सैद्दान्तिक पक्ष

गैरविभेदीकरण, बालबालिकाको सर्बोत्तम हित, बालबालिकाको सर्वाङ्गीण विकास, बालबालिकाको सहभागिता र विचारको सम्मान, सन्निकटता, समावेशीकरण र समुदायमा आधारित विकासको विषय बालबालिकाका प्रमुख सवाल हुन । बालमैत्री स्थानीय शासन प्रवर्द्धनमा यिनै विषयलाई निर्देशक सिद्दान्तको रूपमा लिई अवलम्बन गरिने व्यवस्था भएको छ।

१) गैरविभेदीकरणः

प्रत्येक बालबालिकालाई धर्म, वर्ण, जात, जाति, लिङ्ग, उमेर-समुह, उत्पत्ति, भाषा, सामर्थ्य, शारीरिक वा मानसिक अवस्था, पारिवारिक हैसियत, स्वास्थ्य स्थिति, आर्थिक वा सामाजिक स्थिति, भौगोलिक क्षेत्र वा यी मध्ये कुनै कुराको आधारमा कुनै प्रकारको भेदभाव गरिनेछैन।

२) बालबालिकाको सर्वोत्तम हितः

शासन सञ्चालनका हरेक पक्षमा बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राखिनेछ। सरकारी तथा गैरसकारी क्षेत्रवाट हुने सेवा प्रवाह, विकास क्रियाकलाप तथा समाज र घरपरिवारले गर्ने व्यवहारमा समेत बालबालिकाको अधिकार सुनिश्चित गर्न अभिप्रेरित गरिनेछ।

३) बालबालिकाको सर्वाङ्गीण विकासः

बालबालिकाको बाँच्न पाउने अधिकार र उनीहरूको सर्वाङ्गीण विकासको सुनिश्चितता गर्न हरेक बालबालिका जन्मेपछि नामकरण र जन्म दर्ताको अधिकार, राष्ट्रियताको अधिकार, बालश्रम विरुद्धको अधिकार, हेरचाह र पालनपोषणको अधिकार, स्वास्थ्यको अधिकार, आराम गर्न पाउने अधिकार, खेलकुद, मनोरञ्जन एवं साँस्कृतिक अधिकार तथा शिक्षा र संरक्षकत्वको अधिकार सुनिश्चित गर्न अभिप्रेरित गरिनेछ।

४) बालबालिकाको सहभागिता र विचारको सम्मानः

स्थानीय तहका बालबालिकासँग सम्बन्धित निकायहरूमा बालबालिकाहरूको परिपक्वता र क्षमताका आधारमा संलग्न हुन पाउने अधिकारको साथै बालबालिकाले अभिव्यक्त गरेको विचारलाई सम्मान गर्ने प्रणालीको विकास गरिनेछ।

५) सन्निकटताको सिद्धान्तः

बालबालिकाको सर्वाङगीण विकासको लागि आवश्यक पर्ने आवश्यक सेवा तथा सुविधाहरू बालबालिकाको नजिकमा रहेको सरकारी तथा गैरसरकारी क्षेत्रवाट सन्निकटताको सिद्धान्तमा आधारित भई प्रवाह गर्ने व्यवस्था गरिनेछ।

६) समावेशीकरणको सिद्धान्तः

सबै वर्ग, क्षेत्र, लिङ्ग, र क्षमताका बालबालिकाहरूलाई बाल सरोकार सम्बन्धी स्थानीय शासन प्रणालीका हरेक पक्षहरूमा समान रुपमा समावेश हुन पाउने अधिकार सुनिश्चित हुनेछ। स्थानीय शासन र विकाससम्बन्धी गतिविधिमा समावेशीकरणको अवधारणालाई अंगीकार गरिनेछ।

७) समुदायमा आधारित विकासको सिद्धान्तः

समुदाय र स्थानीय तहको सक्रिय सहभागितामा बालमैत्री स्थानीय शासन प्रक्रियाको सञ्चालन हुने र यस कार्यान्वयन निर्देशिकामा आधारित भई आवश्यक अन्यकुराहरु स्थानीय तहले आफै मिलाउने व्यवस्था गरिनेछ।

## बालमैत्री स्थानीय शासनको विकासक्रम

नेपालमा बालमैत्री स्थानीय शासनको अवधारणा कार्यान्वयन गर्न वि.सं. २०६५ देखि साविकका केही नगरपालिका र गाउँ विकास समितिहरूले बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरेको पाईन्छ।स्थानीय निकायको आफ्नै प्रयासमा भएका त्यस्ता कार्यक्रमहरूबीच एकरुपता ल्याउन, सामञ्जस्यता कायम गर्न र स्थानीय शासन प्रक्रियामा बालबालिकाको अधिकार सम्बन्धी सवाललाई मूलप्रवाहीकरण गर्दै बालमैत्री स्थानीय शासनको संस्थागत विकास गर्न बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति, २०६८ तथा बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८ कार्यान्वयनमा ल्याइयो।उक्त रणनीति बमोजिम साबिकका स्थानीय निकायको समन्वय र सहकार्यमा बाल अधिकार प्रवर्द्धनको लागि बालक्लव तथा बालसञ्जालको गठन, परिचालन, क्षमता विकास, स्थानीय तहको योजना तर्जुमामा सहभागिता, बालमैत्री पूर्वाधारको विकास एवम् सचेतीकरण जस्ता कामहरू भएका छन्।

यस अवधिमा केही गाउँ/नगरपालिकामा बालमैत्री शासनको अभियानहरू सञ्चालन गरी बालमैत्री गाउँ।नगरपालिका घोषणाका कार्यहरू भएको देखिन्छ । राज्यको पुनःसंरचनासँगै प्रदेश सरकार तथा स्थानीय तहको संबैधानिक जिम्मेवारी र नेपाल सरकारको समृद्ध नेपाल, सुखी नेपालीको अभियान पुरा गर्न पन्ध्रौयोजनामा राखिएको दूरदृष्टि तथा दीगो विकास लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरी बालमैत्री स्थानीय शासनः कार्यान्वयन निर्देशिका, २०७८ र बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि कार्यान्वयनमा ल्याईएको छ।

## बालबालिकासम्बन्धी नीतिगत तथा कानूनी व्यवस्था

## बालअधिकार सम्बन्धी महासन्धी १९८९

(UN Convention on theRights of the Child-CRC)

बालअधिकारलाई परिभाषित गर्ने विभिन्न महासन्धीहरु बनेका छन् र विश्वभर कार्यान्वयनमा रहेका छन् । यीमध्ये सन् १९८९ मा संयुक्त राष्ट्रसंघको महासभाबाट सर्वसम्मत रुपमा पारित भएको बालअधिकार सम्बन्धी महासन्धी बालअधिकारका सन्दर्भमा अत्यन्तै महत्वपूर्ण एक दस्तावेज हो।यस महासन्धिले बालबालिकाका जीवनरक्षा, विकास, सुरक्षा वा संरक्षण तथा सम्मानपूर्वक

सक्रिय जीवनका लागि आवश्यक सबै आधारभूत अधिकारको विश्वव्यापी रुपमा नै स्पष्ट आधार तयार गरेको छ । नेपालले सन् १९९० को सेप्टेम्बर १४ तारिखमा यस महासन्धिलाई अनुमोदन गरी नेपाली बालबालिकाको हक अधिकारको परिपूर्तिका लागि यो महासन्धि कार्यान्वयन गरिरहेको छ।अहिलेसम्म विश्वका १९३ राष्ट्रले बालअधिकारसम्बन्धी महासन्धी १९८९ लाई अनुमोदन गरेकाले महासन्धीमा व्यवस्था भएका बालअधिकारका प्रावधानहरुले विश्वस्तरमा नै स्वीकृति पाएको देखिन्छ।

## सशस्त्र द्वन्दमा बालबालिकाको प्रयोगविरूद्द बाल अधिकारसम्बन्धी महासन्धीको ऐच्छिक प्रलेख, २०००

बालअधिकार सम्बन्धी महासन्धीमा भएको पक्षराष्ट्रहरूकोव्यापक समर्थनबाट उत्साहित भई प्रतिबद्धता स्वरुप यो ऐच्छिक प्रलेख आएको हो जुन बालबालिकाहरुको अधिकारको संरक्षण र रक्षा गर्न प्रयासरत छ। बालबालिकाको अधिकारलाई विशेष संरक्षणको आवश्यकता पर्दछ भन्ने कुरामा पुनः विश्वस्त भई र बिना कुनै भेदभाव बालबालिकाहरुको अवस्थाको निरन्तर सुधारको साथसाथै शान्ति सुरक्षाको वातावरणमा तिनीहरुको विकास र शिक्षाका लागि ऐच्छिक प्रलेखले आह्वान गरिएको छ।बालबालिकाको अधिकार जुन बालअधिकारसम्बन्धी महासन्धिले मान्यता दिएको छ ति अधिकारहरुको प्रभावकारी कार्यान्वयनका लागि यो प्रलेख प्रतिबद्ध छ। सशस्त्र संघर्षमा बालबालिकाको प्रयोगलाई रोक्न र उनीहरुको संरक्षणको प्रयासमा अरु जोड दिन आवश्यक छ भन्ने कुराप्रति प्रलेख विश्वस्त रहेको छ। राष्ट्को फौजी समूह भन्दा अलग रहेका सशस्त्र समूहहरुले राष्ट्रिय सिमाभित्र वा क्षेत्रमा बालबालिकालाई विद्रोहको निमित्त भर्ना गर्ने, तालिम दिने र प्रयोग गर्नेगरेको विषयलाई गम्भीरतापूर्वक चासो दिई भ्रत्सना गर्न यो प्रलेख उत्तरदायी छ भन्ने विषयलाई मान्यतादिएकोछ।

## बालबालिकाको बेचबिखन, बालबेश्यावृत्ति र अश्लील चित्रणविरुद्ध बालअधिकारसम्बन्धी महासन्धीको ऐच्छिक प्रलेख, २०००

बालअधिकारसम्बन्धी महासन्धिका उद्देश्यहरुलाई प्रभावकारी रूपमा हासिल गर्नको लागि राज्यपक्षले बालबालिकाको बेचबिखन, वेश्यावृत्ति र अश्लिल चित्रण हुनबाट बचाउन, उनीहरुलाई संरक्षणको निश्चितता प्रदान गर्न अपनाउनुपर्ने उपायहरुमा व्यापकता ल्याउन आवश्यक ठानी संयुक्त राष्टसंघले यो ऐच्छिक प्रलेख ल्याएको हो । विभिन्न समूहहरु, खासगरी जोखिममा पर्न सक्ने अवस्थाएवम् यौन शोषण हुनेहरुमध्ये पनि बालबालिकाको संख्या नै अत्यधिक रहेको छ भन्ने कुरालाई इंगित गर्दै यो प्रलेख आवश्यकभएको हो।बालअधिकारसम्बन्धी महासन्धीले बालबालिकालाई आर्थिक शोषण हुनबाट जोगाउन, उनीहरुलाई हानिकारक हुनसक्ने वा उनीहरुको शिक्षामा असर पुग्न सक्ने वा उनीहरुको स्वास्थ्य वा

मानसिक,आध्यात्मिक, नैतिक वा सामाजिक विकासका लागि हानिकारक हुनसक्ने काम गर्नबाट संरक्षण प्रदान गर्न आवश्यक देखिएकाले यो प्रलेख ल्याइएको हो ।

यस इच्छाधिन आलेखले यसका राज्यपक्षलाई आफ्नो भूभागमा आलेखका सिद्धान्त तथा प्रावधानहरुलाई कार्यान्वयन गर्नका लागि कानूनको तर्जुमा एवं मापदण्डहरुतयार गरी लागू गराउनुपर्दछ भन्ने कुरामा जोड दिएको छ ।

## बालश्रमका निकृष्ट स्वरूप सम्बन्धी महासन्धी, १९९९

अन्तराष्टिय श्रम संगठनको महासम्मेलनले बालश्रमका निकृष्ट स्वरुपहरुको उन्मूलनको लागि प्रतिबन्ध तथा तत्काल कारबाहीसम्बन्धी महासन्धि ल्याउन आवश्यक ठान्यो । निशुल्क आधारभूत शिक्षाको महत्व र सम्बद्ध बालबालिकालाई सबै प्रकारका निकृष्ट कार्यहरुबाट अलग गर्नुपर्ने तथा उनीहरूको पुनःस्थापना एवम् सामाजिक एकीकरणको व्यवस्था गर्नुपर्ने समेतका आवश्यकतालाई महशुस गरी बालश्रमका निकृष्ट स्वरुपहरुको प्रभावकारी उन्मूलन गर्न तत्काल र व्यापक कारबाही जरुरी पर्दछ भन्ने विषयमा पक्षपोषण गर्नयो महासन्धी ल्याइएको हो।

## स्वतन्त्रबाट बन्चित बालबालिकाको संरक्षण सम्बन्धी संयुक्त राष्ट संघीय नियमावली, १९९०

बाल न्याय प्रणालीले बालबिज्याईंकर्ताकोअधिकार तथा सुरक्षा कायम राख्ने र तिनको शारीरिक तथा मानसिक भलाई प्रर्वद्धन र कैद सजायलाई छनोटको अन्तिम विकल्पको रुपमा प्रयोग गर्नुपर्छ भन्ने मूल ध्येयका साथ यो नियमावली ल्याइएको हो । बालबिज्याईकर्तालाई स्वतन्त्रताबाट बन्चित गर्ने कुरा बाल न्याय प्रशासनका लागि संयुक्त राष्ट्रसंघीय न्यूनतम मापदण्डको नियमावलीमा स्थापित गरिएको सिद्धान्त र कार्यविधिबमोजिम मात्र गरिनु पर्दछ  भन्ने मान्यता नियमावलीले राख्दछ। हरेक सदस्य राष्ट्मा रहेको आर्थिक, सामाजिक र सांस्कृतिक अवस्थाका सन्दर्भमा यो नियमावलीको कार्यान्यवन हुने विषय नियमावलीमा उल्लेख छ ।

## दक्षिण एसियामा बालकल्याण प्रवर्द्धनका लागि क्षेत्रीय व्यवस्थासम्बन्धी सार्क महासन्धी, २००२

संसारका बालबालिकामध्ये एक चौथाई बालबालिका दक्षिण एसियामा बसोबास गर्दछन् । यी मध्ये अधिकांशलाई अधिकार प्राप्त गर्नतथा पूर्ण उपयोग गर्न, बालबालिकाको सम्पूर्ण विकास गर्न, परिवार र समाजमा एउटा जिम्मेवारपूर्ण जीवन बिताउने नागरिक तयार गर्ने कार्यमा सहयोग र संरक्षण आवश्यकताको लागि यो क्षेत्रीय महासन्धी ल्याइएको हो। यस महासन्धीबमोजिम बालबालिकालाई हुर्काउने र विकास गर्ने प्राथमिक जिम्मेवारी बाबुआमा वा कानुनी अभिभावकमा निहित हुनेछ भन्ने कुरालाई मान्यता दिएको छ। परिवार समाजको आधारभूत एकाईका साथै बाबालिकाको वृद्धि र समृद्धिका लागि स्याहारसुसारको आदर्श वातावरण पनि हो भन्ने कुरा यस महासन्धीले गरेको छ ।

बालबालिकाको अधिकार सुनिश्चित गर्न रप्रवर्द्धनका लागि अनुभव, विशेषज्ञता, सूचना र स्रोतको साझेदारीबाट क्षेत्रीय एकता र सहयोग आवश्यक रहने कुरा प्रस्तुत महासन्धीमा उल्लेख गरिएको छ।

## वेश्यावृत्तिको लागि महिला तथा बालबालिकाको जीउ मास्ने बेच्ने काम रोमथाम गर्ने र सो विरुद्ध संघर्ष गर्ने सम्बन्धमा व्यवस्था भएको सार्क महासन्धि, २००२

वेश्यावृत्तिको प्रयोजनका लागि महिला तथा बालबालिकाको जीउ मास्नेबेच्ने काममा सन्निहित खराबी मानवजातिको प्रतिष्ठा तथा समयानुकूल नहुने तथा मानव अधिकारको गम्भिर उल्लंघन हुने कुरालाई जोड दिदै यो महासन्धी आएको छ । वेश्यावृत्तिको लागि महिला तथा बालबालिकाको जीउ मास्नेबेच्ने संगीन अपराध विरुद्ध संघर्ष गर्न एक क्षेत्रीय महासन्धीको सम्भाव्यता पहिल्याउनुपर्छ भन्ने नवौ सार्क शिखर सम्मेलन (मे १९९७) को निर्णयलाई मूर्त रुप दिनका निम्ति यो महासन्धी परिलक्षित रहेको छ । जीउ मास्ने बेच्ने काम गर्ने व्यक्तिले सार्क मुलुकबाट महिला तथा बालबालिकाको बढ्दो रुपमा शोषण गर्ने गरेको र विभिन्न मुलुकमा पठाउने, प्राप्त गर्ने तथा मार्गस्थल विन्दुका रुपमा बढ्दो रुपमा प्रयोग गर्ने गरेको कुरालाई चासोसहित यस महासन्धीमा उल्लेख गरिएको छ । साथै बेश्यावृत्तिका लागि जीउ मास्ने बेच्ने काम रोकथाम गर्न तथा जीउ मास्नेबेच्ने कामका लागि त्यस्ता जिम्मेवार व्यक्तिहरुको अनुसन्धान, पहिचान, प्रतिरोध, अभियोजन तथा सजायको लागि प्रभावकारी क्षेत्रीय सहयोग स्थापना गर्ने उद्देश्यले यो महासन्धी आएको हो। नेपालको संविधान, कानून तथा नीतिहरुमा बालबालिका सम्बन्धी व्यवस्था

नेपाल बालअधिकार सम्बन्धी राष्ट्रसंघीय महासन्धीको पक्षराष्ट्र बन्नुभन्दाअघि बालअधिकारको विषयलाई कल्याणकारी दृष्टिकोणबाट हेर्ने गरेको पाइन्छ । विशेष गरी मुलुकी ऐन, नागरिकता ऐन, सैनिक ऐन

लगायतका ऐनहरुमा राखिएका दण्डव्यवस्थाको सन्दर्भ, बालिग र नाबालिग छुट्याउन, सुरक्षाफौजमा भर्ना गर्दा न्यूनतम उमेर निश्चित गर्न, उमेरको हद तोक्नुपर्ने भएकोले यिनै सन्दर्भहरुमा बालबालिकाको विषयलाई समावेश गरिएको थियो । नेपाल महासन्धीको पक्ष राष्ट्र बनिसकेपछि पहिलोपटक बालबालिकाका अधिकार सुनिश्चित गर्नका लागि वि.सं. २०४८ सालमा बालबालिका सम्बन्धी छुटै ऐन र नियमावली २०५१ बन्यो । यसैगरी बालश्रम निषेध र नियमित गर्ने उद्देश्यले बालश्रम निषेध तथा नियमित गर्न बनेको ऐन, २०५६ र नियमावली, २०६२ बन्यो ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा २२ मा मौलिक हक भित्र बालबालिकाको हकको व्यवस्था गरिएको थियो भने नेपालको वर्तमान संविधानको भाग ३, धारा ३९ मा बालबालिका सम्बन्धीमौलिक हकको व्यवस्था गरिएको छ ।

(क) नेपालको संविधान

नेपालको संविधानको मौलिक हक अन्तर्गत समानताको हक, बालबालिकाको हक र सामाजिक सुरक्षाको हकमा बालबालिका सम्बन्धी देहाय बमोजिमको प्रावधान रहेको छ।

१) समानताको हक (धारा २२): राज्यले नागरिकहरूका बीच कुनै भेदभाव नगर्ने तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका बालबालिका लगायतका नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सक्ने प्रावधान समानताको हकमा रहेको छ।

२) बालबालिकाको हक (धारा ३९) मा देहाय बमोजिमका प्रावधान रहेका छन्ः

अ) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुनेछ।

आ) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ।

इ) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ।

ई) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन।

उ) कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन।

ऊ) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुव्र्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन।

ए) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन।

ऐ) प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ।

ओ) असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ।

औ) बुँदा (घ), (ङ), (च) र (छ) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

३) सामाजिक सुरक्षाको हक (धारा ४३)स्बालबालिकालाई कानून बमोजिम सामाजिक सुरक्षाको हक प्राप्त हुने प्रावधान रहेको छ।

४) राज्यका नीतिहरू (धारा ५१) : श्रम र रोजगार सम्बन्धी नीति (झ)(३) मा बालश्रम लगायत श्रम शोषणका सबै रुपको अन्त्य गर्ने नीति रहेको सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति, (ञ) (४) मा बालबच्चाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रुपमा मूल्यांकन गर्ने, (ञ) (५) बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रुपमा ध्यान दिने नीति रहेको छ ।

यसै गरी संविधानको धारा १३३(२) मा मौलिक हकको प्रचलन नभएको खण्डमा सर्वोच्च अदालतले आफ्नो असाधारण अधिकार क्षेत्र प्रयोग गरी पिडितलाई संवैधानिक उपचारको व्यवस्था गरेको छ । सर्वोच्च अदालतको यस धारा अन्तर्गत 'संविधानद्धारा प्रदत्त मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भएपनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरुपणको लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने, उचित उपचार प्रदान गर्ने, त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुंगो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ' भन्ने व्यवस्था रहेको छ।यस प्रयोजनका लागि पूर्ण रुपमा न्याय गरी उचित उपचार प्रदान गर्न सर्वोच्च अदालतले बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छामध्ये उपयुक्त आदेश जारी गर्न सक्दछ।यसैगरी मौलिक हकको प्रचलनका लागि उच्च अदालतलाई पनि बन्दीप्रत्यक्षीकरण, परमादेश उत्प्रेषण, प्रतिषेध रअधिकारपृच्छामध्ये उपयुक्त आदेश जारी गर्न सक्ने व्यवस्था नेपालको संविधानले गरेको छ।राज्यले बाल अधिकार सुनिश्चित गर्ने दिशातिर अगाडि

बढ्न निर्माण गरेका बालबालिका सम्बन्धी विशिष्ट कानूनमा भएका प्रमुख व्यवस्था निम्न अनुसार छन्।

## क ) बालबालिका सम्बन्धी ऐन, २०७५ र नियमावली, २०७८:

नेपाल सरकारले बालबालिका सम्बन्धी ऐन, २०४८ लाई प्रतिस्थापन गरी बालबालिका सम्बन्धि ऐन, २०७५ जारी गरेको छ । यो ऐनमा बाल अधिकार महासन्धीको मूलभूत सिद्धान्त र प्रावधान अनुकुल बालबालिकाका १३ वटा मूलभूत अधिकारहरु (दफा ३ देखि १५ सम्म) सुनिश्चित गरिएका छन् । ऐनको परिच्छेद १ को दफा २ (ज) मा १८ वर्ष उमेर पूरा नभएका व्यक्तिलाई बालबालिकाको रुपमा परिभाषित गरिएको छ । दफा १६ मा बालबालिकासँग सम्बन्धित प्रत्येक संघसँस्था तथा निकायले बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्ने लगायत दफा १७मा परिवार र संरक्षकको दायित्व, दफा १८ मा राज्यको दायित्व र दफा १९ मा संचार क्षेत्रको बालबालिका सम्बन्धी दायित्वको व्यवस्था गरिएको छ । यसैगरी, परिच्छेद ४ मा बालन्याय सम्बन्धी व्यवस्था, परिच्छेद ५ मा बालबालिकाको विशेष संरक्षण र पुर्नस्थापना सम्बन्धी व्यवस्था, दफा ४८ मा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको वैकल्पिक हेरचाहको व्यवस्था, दफा ५० मा बालबालिकाको संरक्षण सम्बन्धी व्यवस्था र परिच्छेद १० अन्तर्गत दफा ७७ मा बाबु,आमा, संरक्षक, परिवारका अन्य सदस्य, शिक्षक तथा समाजसेवीले बालबालिकाको सर्वोत्तम हितलाई ख्याल गरी दिएको सल्लाह, सुझाव, मार्गदर्शन र निर्देशन पालना गर्नु, सबैलाई सम्मान र आदर गर्नु प्रत्येक बालबालिकाको कर्तव्य हुने व्यवस्था समावेश छ।

उपरोक्त प्रावधानहरुलाई विश्लेषण गर्दा बालबालिका सम्बन्धि ऐन, २०७५ मा बालबालिकाको समग्र हक हित र अधिकारलाई समेटिएको छ।

## ख) बालश्रम निषेध तथा नियमित गर्ने ऐन, २०५६ र नियमावली २०६२

कसैले पनि १४ वर्ष उमेर पूरा नगरेका बालबालिकालाई श्रमिकका रुपमा काममा लगाउन नपाइने साथै उनीहरुलाई जोखिमपूर्ण व्यवसाय वा काममा लगाउन नहुने प्रावधान यो ऐनमा रहेको छ। बालबालिकालाई ललाई फकाई वा झुक्याएर वा कुनै प्रलोभनमा पारी वा डर, त्रास वा दबाबमा पारी वा अन्य कुनै तरिकाले निजको इच्छा विरुद्ध काममा लगाउन हुदैन। यो ऐनले जोखिमपूर्ण व्यवसाय वा कार्यहरुनिम्नानुसार पहिचान गरेको छ :

- चुरोटबिडी बनाउने, गलैचा बुन्ने, जुवाघर वा क्यासिनो, बार, होटल, रेष्टुरेन्ट, पदयात्रा, पर्वतारोहण, पर्यटनसँग सम्बन्धित व्यवसायहरु,
- प्रयोगशाला, कार्यशाला, पशुबधशाला, शीतभण्डार जस्ता सेवामूलक व्यवसायहरु,

- सार्वजनिक परिवहन, निर्माण व्यवसायहरु, रंगाउने, छाला प्रशोधन, सिमेन्ट उत्पादन तथा प्याकिः,
- सलाई तथा बिस्फोटक पदार्थ उत्पादन र बिक्री गर्ने, मदिरा, बियर जस्ता पेय पदार्थ उत्पादन र बिक्री गर्ने,किटनाशक औषधी, तेल उत्पादन, फोहोरमैला उत्पादन तथा प्रशोधन,रबर, सिन्थेटिक, प्लाष्टिक, सिसा, पारोसँग सम्बन्धित कार्यहरु,
- जलस्रोत, कोइला, प्राकृतिक तेल वा ग्याँस, वायो ग्याँस तथा उर्जा उत्पादन र पैदा गर्ने प्रशासरण र वितरण गर्ने कार्यहरु
- खानी तथा खनिज पदार्थको उत्खनन, प्रशोधन र वितरण सम्बन्धि कार्यहरु
- रिक्सा, ठेलागाडा,
- कटि मेसिन जस्ता कार्यहरु
- जमिनमुनी, पानीमुनी र धेरै उचाइमा चढी गर्नुपर्ने कार्यहरु,
- रसायनिक पदार्थसँग सम्पर्क हुने कार्यहरु र,
- प्रचलित कानून बमोजिम तोकिएका अन्य जोखिमपूर्ण कार्यहरु।

जोखिमपूर्ण व्यवसाय वा कार्यसञ्चालन गरिरहेको वा गर्ने व्यवस्थापकले तोकिएबमोजिमको विवरण श्रम कार्यालयमा दिनुपर्ने, प्रतिष्ठानमा बालबालिकालाई श्रमिकका रुपमा काममा लगाउनुअघि श्रम कार्यालयमार्फत् चिकित्सकद्धारा काम गर्न सक्ने योग्यताको प्रमाणपत्र लिनुपर्ने जस्ता व्यवस्था ऐनले गरेको छ।

## मानब बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ नियमावली २०६५

कुनै पनि उद्देश्यले मानिसलाई बेच्ने वा किन्ने, कुनै प्रकारको फाइदा लिई वा नलिई बेश्यावृतिमा लगाउने, प्रचलित कानून बमोजिम बाहेक मानिसको अंग झिक्ने कार्यलाई मानब बेचविखन तथा ओसारपसार सम्बन्धीअपराधको रूपमा ऐनले परिभाषित गरी यस्ता कार्यलाई बर्जित गरेको छ ।बालबालिकाको बेचबिखन तथा ओसारपसारलाई सामाजिक अपराधको रूपमा व्याख्या गरी सजायको व्यवस्था ऐनले गरेको छ।

## मुलुकी संहिताहरु

परम्परागत न्याय प्रशासनको अवधारणामा अहिले उल्लेख्य परिवर्तन आएको छ । विशिष्टिकृत रुपमा न्याय प्रशासनका विभिन्न पक्षहरुमा कार्यसम्पादन गर्न थालिएको छ । बालबालिकाका शारीरिक, मानसिक एवं सामाजिक परिवेश वयस्क व्यक्तिको तुलनामा फरक हुन्छन् । किशोरावस्था शारीरिक एवं मानसिक रुपमा पूर्ण विकास भइनसकेको अवस्था भएकोले न्यायिक प्रक्रियामा बालबालिकालाई फरक ढंगले व्यवहार गरिनुपर्दछ भन्ने मान्यताको आधारमा बाल न्यायको अवधारणा विकास भएको हो ।

साविकको मुलुकी ऐनको व्यवस्थालाई परिमार्जन तथा समसामयिक बनाई मुलुकी देवानी संहिता, मुलुकी देवानी कार्यविधि संहिता, मुलुकी अपराध संहिता र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ साल असोज ३ गते जारी भएको हो ।

## मुलुकी अपराध (संहिता) ऐन, २०७४

समाजमा अपराध अविभाज्य रुपमा रहेको हुन्छ । मानव सभ्यताको प्रारम्भदेखि अपराध कुनै न कुनै रुपमा रहेको र मानव सभ्यता रहुन्जेल समाजमा कुनै न कुनै स्वरूपमा रहिरहन्छ । त्यस्ता अपराधहरू हुन नदिनु व्यक्ति, समाज र राज्यको दायित्व हो। अपराध नियन्त्रण गर्नु र पिडकलाई कानूनी दायरामा ल्याई पिडितलाई राहत, क्षतिपूर्ति सहित सम्मानित जीवनयापन गर्न पाउने अधिकारको सुनिश्चितता गर्नु राज्यको जिम्मेवारी हो।

## मुलुकी अपराध (संहिता) ऐन, २०७४ का मूलभूत विशेषताहरु

१) नेपालको कानून प्रणालीलाई रुपान्तरण गर्ने महत्वपूर्ण दस्तावेजको रुपमा मूलुकी अपराध संहिता जारी भएको छ ।

२) फौजदारी कानून खासगरी फौजदारी कसूरको एकीकरण, संहिताकरण, विस्तृतिकरण र आधुनिकीकरण गर्ने उद्देश्यले यो कानून जारी भएको हो ।

३) नेपाली नागरिकले निश्चित प्रकारका कसूरहरु नेपाल बाहिर गरेको अवस्थामा नेपाल भित्रै कसूर गरे सरह सजाय हुने गरी बाह्य क्षेत्रीय प्रयोगको प्रबन्ध गरिएको छ ।

४) यो ऐनले कसूरलाई गम्भिर र जघन्य कसूरको रुपमा वर्गीकरण गरेको छ । निश्चित प्रकारका कसूरमा आजिवन कैद हुने प्रबन्ध गरेको छ ।

५) जन्मकैदको सजाय सीमालाई २५ वर्ष निर्धारण गरिएको छ ।

६) कुनै खास कसुरलाई कुनै विशेष ऐनद्वारा छुटै कसूर मानी सजाय गर्ने व्यवस्था भएको रहेछ भने, त्यस्तो कसूरको सम्बन्धमा विशेष ऐनकै व्यवस्था लागू हुनेगरी त्यसलाई सामान्य कानूनको रुपमा उल्लेख गरिएको छ ।

७) संविधानको मौलिक हकमा प्रत्याभूत गरेजस्तै अपराध पिडितलाई आफू पिडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने र सामाजिक पुर्नस्थापना र क्षतिपूर्ति सहितको न्यायको हक हुने प्रबन्ध छ ।

८) संहिताले प्राय सबैजसो कसूरमा सजायको मात्रा वृद्धि गरेको छ ।

९) अपराध अनुसन्धानको क्रममा सहयोग पुर्याउने कसूरदारलाई सजाय छुट दिन सकिने गरी नयाँ व्यवस्थागरिएकोछ ।

१०) बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी अनुकूल हुनेगरी बालबालिकाको परिभाषामा उमेर हद १८ वर्ष कायम गरिएकोछ ।

११) फौजदारी न्याय प्रशासनका मौजुदा कानूनका मूल्य र मान्यतालाई कायम राखी अन्तर्राष्ट्रिय मूल्य, मान्यता रमापदण्डलाई आत्मसात गरिएकोछ ।

१२) कसूरको गाम्भिर्यताको आधारमा आजीवन कैद, जन्मकैद, कैद, जरिवाना, क्षतिपूर्ति, क्षतिपूर्ति वा जरिवाना नतिरे बापतको कैद वा कैदको सट्टा सामुदायिक सेवाको व्यवस्था गरी सजायका विभिन्न प्रकारहरुलाई आत्मसात गरिएको छ ।

१३)कानून बमोजिम अनुसन्धान र अभियोजनको जिम्मेवारी भएका अधिकारीले निर्दोष व्यक्तिलाई फसाउने वा वास्तविक कसूरदारलाई जोगाउने मनसायले बदनियतपूर्वक अनुसन्धान र अभियोजन गरेमा दण्डित हुनुपर्ने प्रबन्ध गरेकोछ ।

१४) विवाहित पुरुषले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा अर्को विवाह गरेमा त्यस्तो विवाह स्वतः बदर हुने प्रबन्ध गरिएको छ ।

## मुलुकी फौजदारी (संहिता), २०७४

सारवान कानूनद्धारा सिर्जना गरिएका हक अधिकारको हनन भएको अवस्थामा सोको उपचार वा प्रचलनको लागि अवलम्बन गरिने कानूनलाई कार्यविधि कानून भनिन्छ। विशेष गरी मुद्दा मामिला वा विवादको निरूपणको रोहमा साधिकार निकायबाट बाध्यात्मक रुपमा पालना वा लागु गरिने कानून नै कार्यविधि कानून हो । कार्यविधि कानूनको उपेक्षा गरिएको वा सोको पालना वा अबलम्बन नगरिएको निर्णयले वैधता पाउन सक्दैन अर्थात् त्यस्तो निर्णय त्रुटीपूर्ण मानिन्छ। कार्यविधि कानूनले विवादको निरूपण प्रक्रियामा एकरुपता कायम गर्नुका साथै निर्णय प्रक्रियामा सरल तथा बोधगम्य मार्गदर्शन गर्दछ ।

यसबाट न्यायिक प्रक्रियाको निश्चितता तथा स्वच्छ न्यायको प्रत्याभूति हुन्छ। फौजदारी सारवान कानूनको व्यवहारिक रुपान्तरण गरी कार्यविधिगत पक्षलाई समेट्न यो कार्यविधिको निर्माण गरिएको हो। फौजदारी मुद्दाको अनुसन्धान, अभियोजन, दायरा, कारबाही, सुनुवाई र किनारा तथा सोसँग सम्बन्धित अन्य कार्यविधि र त्यस्ता मुद्दामा भएको फैसला कार्यान्वयन सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गरी कार्यविधि कानूनलाई सरलीकृत र समयानुकूल बनाउन यो ऐन जारी भएको हो । नेपालको कानून

प्रणालीमा कार्यविधि कानूनलाई मार्गदर्शन गर्ने प्रमुख कानूनको रुपमा रहेको मुलुकी ऐनलाई प्रतिस्थापन गरी यो ऐन जारी भएको हो ।

## मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन २०७४ का मुख्य विशेषताहरु

१) ऐनको अनुसूची १ देखि ४ सम्म फौजदारी कसुरको सूचीकरण गरिएकोछ र देवानी प्रकृतिका विवाद बाहेक अरु विवादलाई फौजदारी मुद्दाको रुपमा परिभाषित गरिएकोछ ।

२) कुनै अपराधको अनुसन्धान, अभियोजन र सुनुवाईका लागि ऐनमा व्यवस्था गरिएकोमा बाहेक फौजदारी मुद्दाको कारबाही र किनारामा यो ऐनको व्यवस्था लागू हुने व्यवस्था रहेको छ ।

३) कसूरको जाहेरी दरखास्त नजिकको प्रहरी कार्यालयमा दिनुपर्ने र त्यस्तो जाहेरी इन्कार भएमा सरकारी वकिल कार्यालय वा माथिल्लो तहको प्रहरी कार्यालय वा प्रमुख जिल्ला अधिकारी समक्ष उजुरी गर्न सकिने व्यवस्था रहेको छ ।

४) यो संहिताले कुनै पनि व्यक्तिलाई अनुसन्धानको सिलसिलामा पक्राउ गर्नुपूर्व मुद्दा हेर्ने अधिकारीको अनुमति लिनुपर्ने र तत्काल पक्राउ गर्नुपर्ने अवस्थामा जरुरी पक्राउपूर्जी दिन सकिने व्यवस्था छ ।

५) झुटा वा काल्पनिक सूचनालाई तामेलीमा राख्न सकिने, अनुसन्धान गर्न विशेष टोली गठन गर्न सकिने, अनुसन्धानको क्रममा २५ दिन सम्म हिरासतमा राख्न सकिने, गम्भिर प्रकृतिका मुद्दामा थप १५ दिन सम्म हिरासतमा राख्न सकिने व्यवस्थाहरु गरिएको छ ।

६) जासुसी, मानव बेचविखन तथा ओसारपसार लगायतका मुद्दामा अदालतले बन्द इजलासबाट सुनुवाई गर्न उचित देखी आदेश गरेका मुद्दा बाहेक अरु मुद्दाको पुर्पक्ष खुला इजलासबाट हुने प्रबन्ध छ । अभियुक्तले आफ्नो प्रतिरक्षाको लागि कानून व्यवसायी नियुक्त गर्न सकिने प्रबन्ध लगायतका व्यवस्था संहितामा उल्लेख छन् ।

## मुलुकी देवानी (संहिता) ऐन, २०७४

मुलकमा कानून र व्यवस्था कायम गरी सर्वसाधरणको नैतिकता, शिष्टचार, सदाचार, सुविधा एवं आर्थिक हित कायम राख्न तथा आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गरी विभिन्न जातजाति वा सम्प्रदायहरु बीचको सुसम्बन्ध कायम राख्नको लागि मुलुकी ऐन तथा अन्य कानूनमा रहेको देवानी सम्बन्धी व्यवस्थालाई संशोधन र एकीकरण समेत गरी समयानुकूल बनाउनयो ऐन जारी भएको हो। यस ऐनका निम्नउद्देश्यहरु रहेका छन् :

१) मुलुकमा कानून र व्यवस्था कायम गर्नु,

२) सर्वसाधरणको नैतिकता, शिष्टचार, सदाचार तथा आर्थिक हित कायम राख्न,

३) आर्थिक, सामाजिक र साँस्कृतिक क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्नु,

४) विभिन्न जातजाति वा सम्प्रदायहरु बीच सुसम्बन्ध कायम गर्नु,

५) छरिएर रहेको देवानी कानूनलाई संशोधन र एकीकरण गर्नु,

## मुलुकी देवानी (संहिता) ऐन, २०७४ का विशेषताहरु

१) कानूनको दृष्टिमा सबै नागरिक समान हुने, धर्म, वर्ण, लिंग, जातजाति, शारीरिक अवस्था, वैवाहिक स्थिति इत्यादिका आधारमा भेदभाव गर्न नपाइने, गोपनियताको अधिकार अतिक्रमण गर्न नपाइने, कानून बमोजिम बाहेक कर लगाउन नपाइने, इच्छा विरुद्ध काममा लगाउन नपाइने जस्ता नागरिक अधिकार सम्बन्धी व्यवस्था भएको ।

२) असल छिमेकीपन कायम गर्नुपर्ने ।

३) आफ्नो दाहसंस्कारको विधि आफै निर्धारण गर्न सक्ने,

४) मृत्युपछि आफ्नो शव वा शरीरको कुनै अंग दान गर्न सकिने,

५) झुटा उजुरी दिएमा क्षतिपूर्ति भराउनु पर्ने,

६)विवाह पछिको थर, वैवाहिक सम्बन्धको अन्त्य, पुनः विवाह गर्न पाउने अवस्था, आपसी सहमतिमा घरव्यवहार चलाउनुपर्ने, सम्बन्ध बिच्छेद गर्न लाग्ने अवधि, पितृत्व वा मातृत्व दावी जस्ता विषयहरुको व्याख्या गरिएको,

## स्थानीय सरकार सञ्चालन ऐन, २०७४

बालबालिकाको हक सम्बन्धी संवैधानिक व्यवस्था अनुसार स्थानीय तहलाई जिम्मेवार बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा विभिन्न प्रावधानहरू रहेका छन्।यस ऐनले बाल अधिकार प्रवर्द्धन गर्न ऐनको दफा ११ (ज) बमोजिम प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा र अनौपचारिक शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन गर्ने जिम्मेवारी सम्बन्धित गाउँरनगरपालिकाको रहेको छ।शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार, आधारभूत तहको परीक्षा व्यवस्थापन, स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन, माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन गर्ने कार्य समेत गाउँरनगरपालिकाको कार्यक्षेत्र भित्र पर्दछ।यसैगरी सोही दफाको खण्ड (झ) बमोजिम आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन, आधारभूत स्वास्थ्य सेवाको सञ्चालन र प्रवर्द्धन, स्वस्थ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदुषण नियन्त्रण, सरसफाई सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहरमैलाको व्यवस्थापन समेत स्थानीय तहको अधिकार क्षेत्रमा रहेको छ।

ऐनको दफा १२ उपदफा (२) खण्ड (१) को (ग) ले बालमैत्री स्थानीय शासन प्रवर्द्धन गरी बालमैत्री वडा घोषणा गर्ने जिम्मेवारी गाउँरनगरपालिकाको वडालाई दिएको छ। बालउद्यानको व्यवस्था, प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन, पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई केन्द्र व्यवस्थापन, बालक्लव तथा बालसञ्जालको सञ्चालन र व्यवस्थापन, वडा तहको स्वास्थ्य केन्द्र तथा उप केन्द्रको व्यवस्थापन, बालबालिकाहरूलाई बि.सि.जि.,पोलियो, भिटामिन ए को व्यवस्था, पोषण कार्यक्रमको सञ्चालन, अन्तरविद्यालय तथा बालक्लव मार्फत खेलकुद कार्यक्रमको सञ्चालन, प्रचलित कानून बमोजिम व्यक्तिगत घटना दर्ता, अद्यावधिक तथा सो को अभिलेख संरक्षण, व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू समेत वडाको जिम्मेवारीमा रहेका छन्। यस्तै महिला विरुद्धको हिँसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया, छाउपडी, कमलरी जस्ता कुप्रथा, बालश्रम, मानव बेचविखन, निरक्षरता जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने, सडक बालबालिकाको उद्धार र पुनःस्थापना गर्ने गराउने, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिसामुक्त क्षेत्र, वातावरणमैत्री तथा बालमैत्री शासनजस्ता प्रवर्द्धनात्मक कार्यहरू गर्ने, गराउने जिम्मेवारी समेत वडाको हुने प्रावधान रहेको छ।

गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक, विषय क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रकृयासँग अनुकूल हुनेगरी गर्नुपर्ने र सबै प्रकृयामा बालबालिका लगायतका अन्तरसम्बन्धित विषयलाई समावेश गर्नुपर्ने व्यवस्था समेत यस ऐनले गरेको छ।

## बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति तथा कार्यनीति, २०६८

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति तथा कार्यनीति, २०६८ नेपाल सरकार मन्त्रिपरिषदबाट २०६८ असार ३१ गते स्वीकृत भई कार्यान्वयनमा आएको थियो । नेपालमा बालमैत्री शासनको प्रवर्द्धनमा केन्द्रीत भई आएको यो नै पहिलो पहिलो रणनीति हो । बालबालिकाको विद्यमान अवस्था र आवश्यकतालाई दृष्टिगत गरी बालमैत्री स्थानीय शासन पद्दतिको स्थापना र प्रवर्द्धनका लागि नीतिगत, संस्थागत र प्रकृयागत व्यवस्था सुनिश्चिता गरी बालमैत्री कार्यक्रम सञ्चालनको रणनीति, कार्यनीति, समन्वय, उपलब्धी र अन्तिम नतिजा प्रासिमा एकरूपता ल्याउन सहयोग पुऱ्याउने उदेश्य उक्त रणनीतिको रहेको थियो।

बालमैत्री स्थानीय शासनको मूलप्रवाहीकरण; नीतिगत वकालत पैरवी र सचेतना; संस्थागत विकास; क्षमता विकास; सहकार्य र साझेदारी प्रवर्द्धन; सामुदायिक परिचालन; सामाजिक जवाफदेहिता र पारदर्शिता; सामाजिक समावेशीकरण; सूचना, शिक्षा र संचारको माध्यमबाट व्यवहार परिवर्तन र अनुगमन तथा

मुल्याङ्कन सहित १० वटा रणनीति र सोका कार्यनीतिहरू समावेश गरिएको थियो । रणनीतिले सन २०१५ भित्र ५० तत्कालिन जिल्ला विकास समिति, ४० तत्कालिन नगरपालिका र १००० तत्कालिन गाउँ विकास समितिहरूलाई बालमैत्री घोषणाको लक्ष्य लिएको देखिन्छ।

## बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८

बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८ तत्कालीन समयका स्थानीय निकायहरूलाई बालमैत्री स्थानीय शासनको अवधारणा लागु गर्न दिशानिर्देश गर्ने मुख्य उदेश्यले ल्याइएको थियो । यस कार्यविधिले बालमैत्री स्थानीय शासनको प्रवर्द्धनको लागि संस्थागत संरचनाको व्यवस्था, कार्यजिम्मेवारी , अनुगमन मुल्याङ्कन सम्बन्धी व्यवस्था, कोषको व्यवस्थाका साथै बालमैत्री गाउँ विकास समिति तथा बालमैत्री नगरपालिका घोषणाका लागि पुरा गर्नुपर्ने३९ वटा सूचकहरूको व्यवस्था गरेको थियो ।

## बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२

विवाह गर्ने वा नगर्ने भन्ने विषय प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो। मानव अधिकारकोदृष्टिकोणवाट आफूले रोजेको व्यक्तिसंग विवाह गर्न पाउने र आफनो भविष्यको मार्गचित्रतय गर्ने प्रत्येक नागरिकको हक अधिकार सुनिश्चित हुनपर्दछ । यसका लागि प्राय सबैमुलुकहरुले विवाहको लागि न्यूनतम उमेर तोकेका हुन्छन्। नेपालको देवानी संहितामाविवाहको लागि कानुनी उमेर २० बर्ष तोकिएको छ । नेपालको संबैधानिक इतिहासमा संविधानले बाल विवाहलाई पहिलो पटक बालअधिकार हननकोबिषयकोरुपमा उल्लेख गरी दण्डनीय अपराधको रुपमा स्वीकार गरेकोछ ।बाल विवाह उच्च रहेका मुलुकहरुमध्ये नेपाल अग्रपंक्तिमा रहेको छ।

दक्षिण एशियामा नेपाल बंगलादेश र भारत पछि तेश्रो स्थानमा पर्दछ । बालकको तुलनामा संख्यात्मक रुपमा बढी बालिकाको विवाह १८ वर्ष नपुग्दै हुने गरेको अध्ययनवाट देखिएको छ । यसो हुनुमा महिलाभन्दा पुरुषको उमेर सामान्यतया बढी हुनुपर्ने सामाजिक एवं सांस्कृतिक मान्यता,लैंगिक विभेद, गरीबी, अशिक्षा, असुरक्षा जस्ता कारणहरु प्रमुख रुपमा देखिएका छन्।बाल विवाहले बालबालिकालाई आधारभूत अधिकारबाट बञ्चित मात्र गराउँदैन उनीहरू आफ्नो भविष्यको छनोट गर्ने अधिकार तथा सो सम्बन्धमा निर्णय लिने प्रकृयामा सहभागीहुने अवसरबाट पनि बञ्चित हुन्छन्। बिशेष गरी बालिका र महिलाको सन्दर्भमा बालविवाहले एउटा मात्रै अधिकारको उल्लंघन नगरी उनीहरुको जीवनचक्रमा थुप्रै अधिकार उल्लंघनको श्रृंखला सिर्जना गरी थप हिंसाको कुचक्रमा पर्ने अवस्था रहन्छ । बाल विवाहको कारण बैवाहिक जीवन दिगो नहुने, परिपक्क नभई सन्तान जन्माउदा स्वास्थ्य सम्बन्धीविभिन्न समस्याहरु देखिने,

लैंगिक हिंसा,यौनजन्य हिंसा, बालश्रम, वेचविखन जस्ता थप हिंसाहरुले बालिका र महिलाहरु थप प्रताडित हुन पुग्दछन । कालान्तरमा समाज विकास प्रकृयामा महिलाहरूको भूमिका र सहभागितालाई न्यून बनाई सभ्य, सुंसस्कृत एवं समतामूलक समाज निर्माण गर्न बाल विवाह बाधक बन्न पुग्दछ ।

बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ ले वालविवाहलाई बालवालिकाको हक अधिकार प्रचलनका लागि वाधकको रुपमा पहिचान गरेको छ ।राष्ट्रिय रणनीति ८.९मा बाल विवाह रोक्न सरकार र विकासका साझेदार संस्थाहरुको सहकार्यमा समुदायस्तरका संघसंस्थाहरुलाई परिचालन गर्ने, बाल विवाहविरुद्धको उजुरी सक्रियताका साथ लिने र कारवाही गर्ने व्यवस्थाका साथै बाल विवाह रोक्ने कार्यका लागि स्थानीय तहलाई थप जिम्मेवारी दिइने कुरा उल्लेख गरिएको छ । यसैगरी राष्ट्रिय रणनीति ९.३ मा स्थानीय स्तरसम्म बालबालिकाको बेचविखन, ओसारपसार र बाल विवाह विरुद्ध सचेतना तथा जागरण कार्यक्रम सञ्चालन र गाँउस्तरमा बाल संरक्षणको विषयमा चेतना अभिवृद्धि गर्नसं चार लगायत अन्य उपयुक्त माध्यमको परिचालन गरिने कुरा उल्लेख छ ।

## पन्ध्रौ योजना (२०७६।२०७७-२०८०।२०८१)

पन्ध्रौ योजना (२०७६।२०७७-२०८०।२०८१) मा बाल विवाहको रोकथाम लगायत विभिन्न प्रकारका सामाजिक दुर्व्यवहार अन्त्य गर्ने लक्ष्य लिईएको छ ।

## बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९

बालबालिकाकोहक हितकोसं रक्षण, बालबालिकाको विकास र संरक्षणका लागि विभिन्न ऐन नियमहरु कार्यान्वयन रहेका छन् ।आवधिक विकास योजनामा बालबालिका सम्बन्धी नीति तथा कार्यक्रमलाई स्थान दिई बालअधिकारको विषयलाई कल्याणकारी अवधारणाबाट अधिकारमुखी अवधारणामा रुपान्तरण गरिएको छ। नेपाल सरकारले बाल अधिकारका मुख्य विषयहरु बालबचाउ, बालसंरक्षण,बालविकास र बालसहभागिता सम्बन्धी विषयमा केन्द्रित भई बालविकासको लागि १० वर्षे राष्ट्रिय कार्य योजना तयार गरी लागू गरेको छ ।

बाल गृहमा रहने बालबालिकाको हक हितको संरक्षण गर्न बाल गृह सञ्चालन सम्बन्धी न्यूनतम मापदण्ड लागु गरिएको छ । बाल अधिकार र बाल संरक्षणको सवालमा केन्द्रीयस्तरमा राष्ट्रिय बाल अधिकार परिषद् र सबै स्थानीय तहमा बाल अधिकार समितिले कार्य गरिरहेका छन्।बाल न्याय समन्वय समितिले बाल न्यायको क्षेत्रमा कार्य गरिरहेको छ । बाल अधिकार र विकासको विषय केवल महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयसँग मात्र सम्बन्धित नभई स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, शिक्षा, विज्ञान तथा

प्रविधि मन्त्रालय, श्रम तथा रोजगार  मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय जस्ता निकायसँग पनि सम्बन्धित विषय हो । यी मन्त्रालयबाट समेत यस विषयमा थुप्रै प्रयास भएका छन् । बाल श्रम निर्मूलनसम्बन्धी राष्ट्रिय गुरुयोजना र सबैको लागि शिक्षा सम्बन्धी राष्ट्रिय कार्य योजना २०६०-२०७५ कार्यान्वयन भएका छन् । सरकारले बालबालिकालाई औपचारिक रअनौपचारिक शिक्षा निःशुल्क रूपमा प्रदान गर्दै आएको छ । गरीब, अपाङ्ग,दलित, शहीदका छोराछोरी र छात्राको शिक्षामा पहुँच बढाउन छात्रवृत्ति लगायतछात्रवास, दिवा खाजा, शिक्षाका लागि खाद्य कार्यक्रम,विद्यालय पोशाक, निःशुल्क पाठ्यपुस्तक र शैक्षिक सामग्रीहरु प्रदान गरिएको छ । गाउँस्तरसम्म स्वास्थ्य संस्थाहरुबाट निःशुल्क पोषण, भिटामिन ए, आधारभूत र अत्यावश्यक स्वास्थ्य सेवा प्रदान गर्दैआएको छ । खोप कार्यक्रम राष्ट्रिय अभियानको रुपमा सञ्चालन हुँदै आएको छ। जन्मदर्ता, बाल पोषण अनुदानको उपयोग र बाल अधिकारका वारेमा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिएका छन्।

## बाल गृह सञ्चालन कार्यविधि, २०७५

आमा, बाबु वा संरक्षक विहीन, वेवारिसे, असहाय, अनाथ, बालबालिकाहरुलाई आश्रय र खानपिन, सुरक्षा, पालनपोषण तथा शिक्षा प्रदान गर्न र बालबालिका सम्बन्धीऐन, २०७५ को दफा ८६ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरीविशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागि प्रदेश तथा स्थानीय तहले बाल गृहको स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने कार्यलाई सहजीकरण गर्न बाल गृह सञ्चालन कार्यविधिको नमूना प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराईएको छ ।

## आमाको दुधलाई प्रतिस्थापन गर्ने बस्तु (विक्री वितरण र नियन्त्रण) ऐन, २०४९

स्तनपानको संरक्षण र सम्बर्द्धनमा तथा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु लगायत बाल आहारको बिक्रीवितरणलाई नियमित गरी बच्चाहरुको लागि सुरक्षित एवं पर्याप्त पोषणको व्यवस्था गर्न आमाको दुधलाई प्रतिस्थापन गर्ने बस्तु (विक्री वितरण र नियन्त्रण) ऐन, २०४९ आएको थियो ।

## आपतकालीन बाल उद्दार कोष (सञ्चालन) नियमावली, २०६७

आपतकालमा परेका बालबालिकालाई तत्काल उद्धार, राहत र पुर्नस्थापना गर्ने काम समेतको लागि आपतकालीन बालउद्धार निवारणकोष नामको एक कोष स्थापना गरी सोको सञ्चालनको लागि यो नियमावली आएको छ।

## दीगो विकास लक्ष्यहरु र बालबालिका

सहस्राब्दी विकास लक्ष्यहरु अनुसार सन् २०१५ सम्मका लागि तोकिएका सूचक तथा परिलक्ष्यहरुमा प्राथमिक शिक्षा र शिक्षामा छात्रा र छात्रको अनुपात, पाँच वर्षमूनिको बाल मृत्युदर, शिशु मृत्युदर, नवजात शिशु मृत्युदरमा उल्लेखनीय सुधार भएको थियो । सहस्राब्दी विकास लक्ष्यहरुपछि सन् २०३० सम्मका लागि तयार भएको दीगो विकास लक्ष्यहरुमा बालबालिकासम्बन्धी सूचक र परिलक्ष्यहरु निम्नानुसार प्रस्तुत रहेको छ :

सन् २०१५ सम्मको सहस्राब्दी विकास लक्ष्यको समयावधि लगत्तै विश्वमा दीगो विकास लक्ष्य (सन् २०१६ - २०३०) निर्धारण गरिएको छ । जस अन्तर्गत तय गरिएका १७ वटा लक्ष्यहरुमध्ये बालबालिकासम्बन्धी मुख्य सूचक, स्थिति र परिलक्ष्यलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

### बालबालिकासंग सम्बन्धित दीगो विकास लक्ष्यहरु - सूचक, स्थिति र परिलक्ष्य (सन्मा)

| लक्ष्य र सूचकहरु | २०१५ | २०१९ | २०२२ | २०२५ | २०३० | श्रोत |
|---|---|---|---|---|---|---|
| १.२.१ गरिविको रेखामुनि रहेको जनसंख्या | २१.६ | १७.१ | १३.८ | १०.५ | ४.९ | NPC (2016) |
| १.३.१ सामाजिक सुरक्षामा खर्च हुने जम्मा बजेट | ११ | १२.१ | १२.९ | १३.७ | १५ | MOF (2015) |
| २.१.१ कुपोषण | ३६.१ | २७.३ | २०.६ | १४ | ३ | NPC(2016) |
| २.२.१ तौल नपुगेका ५ वर्ष मुनिका बालबालिका | २७ | २२.६ | १७.८ | १३ | ५ | NDHS (2016) |
| २.२.२ उमेर अनूसार उचाइ नपूगेका पाँच वर्षमूनिका बालबालिका | ३६ | ३२ | २६.७ | २२.३ | १५ | NDHS (2016) |
| २.२.३ उचाई अनुसार तौल नपुगेका ५ वर्ष मुनिका बालबालिका | १० | ९.१ | ७.४ | ५.८ | ३ | NDHS (2016) |
| २.२.६ रक्त अल्पता लागेका ५ वर्ष मुनिका बालबालिका | २२.६ | १८.२ | १४.८ | ११.५ | ६ | |
| २.२.७ न्यूनतम खानाबाट प्राप्त हुने आहार उपभोग गरिरहेका ६ देखि १३ महिना सम्मका बालबालिका | ३२.३ | २५.८ | २१ | १६.१ | ८ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३.१.१ मातृ मृत्युदर (प्रति १ लाख जन्मदरमा) | २५८ब | १४५ | १०६ | ८६ | ६९ | NDHS (2011) |
| ३.१.२ दक्ष प्रसुतीकताद्धारा जन्मदर | ५८क | ६८.५ | ७३ | ७९ | ९० | NDHS (2016) |
| ३.२.१ पाँच वर्ष मुनिका मृत्युदर (प्रति १००० जन्मदरमा ) | ३९ | ३० | २८ | २६ | २२ | NDHS (2016) |
| ३.२.२ शिशु मृत्युदर (प्रति १००० जन्मदरमा ) | २३ | २० | १७ | १४ | १० | NDHS (2016) |
| ३.३.६.१ भाडापखालाका घटना (प्रति १००० मा पाच वर्ष मुनिका बालबालिकाहरु) | ५०१ | ३६७ | २६७ | १६७ | ० | MoHP-DoHs(2014) |
| ३.३.६.२ अन्तिम दुई हप्तामा भाडापखाला लागेका पाँच वर्ष मुनिका बालबालिका | १२ | ८.८ | ६.४ | ४ | ० | MoHP-DoHS(2014) |
| ३.८.१.६ एन आई एस द्धारा सञ्चालित सम्पूर्ण खोप ( Measles, BCG, OVP3, DPT3,HepB3 etc ) प्रापत गरिसकेका १२ देखि १६ महिनाका बालबालिका | ८४.५ अ | ८८.६ | ९१.७ | ९४.८ | १०० | CBS(2014) |
| ४.१.१ प्राथमिक विद्यालय खुद भर्नादर | ९६.६ | ९८.५ | ९९ | ९९ | ९९.५ | MoF(2014) |
| ४.१.२ प्राथमिक शिक्षा पुरा गरिसकेका बालबालिका | ८७.५ | ९०.७ | ९३.१ | ९५.५ | ९९.५ | MoF(2014) |
| ४.१.३ एक कक्षामा भर्ना भई निरन्तर कक्षा ८ सम्म गएकाबालबालिकाको अनुपात | ७६.६ | ८१.५ | ९२ | ९३ | ९५ | MoF(2014) |
| ४.१.४ बालकको अनुपातमा एक कक्षामा भर्ना भई निरन्तर कक्षा ८ | १.०४ | १.०३ | १.०२ | १.०१ | १ | MoF(2014) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सम्म गएका बालिका | | | | | | |
| ४.१.४ बालकको अनुपातमा एक कक्षामा भर्ना भई निरन्तर कक्षा १२ सम्म गएका बालिका | १.१ | १.०४ | १.०३ | १.०२ | १ | MoF(2014) |
| ४.१.९ सिकाई उपलब्धी/प्राप्ताङ्क (गणित, नेपाली र अंग्रेजी) | ५५.६ | ६०.८ | ६४.६ | ६८.५ | ७५ | NPC(2016) |
| ४.१.१० माध्यमिक शिक्षामा जम्मा भर्ना ( कक्षा ९ देखि १२) | ५६.७ | ७२ | ९० | ९५ | ९९ | MoE(2016) |
| ४.२.१ पूर्व प्राथमिक शिक्षाका लागि अनुदान संख्या ,०००) | ५०६ | १०३८ | १४३७ | १८३५ | २५०० | MoE(2014) |
| ४.२.२ दिवा खाजा कार्यक्रम | १७ | ३१ | ४१ | ५१ | ६८ | |
| ४.२.३ पूर्व बाल विकास शिक्षामा उपस्थित (जम्मा भर्ना) | ८१.० | ८५.८ | ८९.४ | ९३ | ९९ | MoE(2016) |
| ४.३.१ प्राविधिक र व्यवसायिक शिक्षामा छात्राको भर्ना अनुपात | ०.५३ | ०.६६ | ०.७५ | ०.८४ | १ | |
| ४.३.२ स्नातक तहसम्म भर्ना भएका छात्राको अनुपात | १.०५ | १.०४ | १.०४ | १.०३ | १.०२ | UGC(2015) |
| ४.३.३ छात्रवृत्ति प्राप्त गरेका जम्मा विद्यार्थी प्रतिशत | ३७ | ३८.३ | ३९.३ | ४०.३ | ४२ | Mof(2014) |
| ८.७.१ जोखिमपूर्ण अवस्थामा काम गरेका बालबालिका | ३० | २२ | १६ | १० | ० | NPC(2016) |
| १०.४.३ सामाजिक सुरक्षा प्राप्त गरेका जनसंख्या (प्रतिशत) | १८ | १८.५ | १८.९ | १९.३ | २० | NPC(2016) |
| ११.१.१ सुकुम्बासी एवम् ऐलानी बस्तीमा बासोबास गर्ने जनसंख्या ( हजारमा) | ५०० | ४०० | ३२५ | २५० | १२५ | NPC(2016) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६.२.१ विगत एक महिनाभित्र मानसिक वा शारिरिक सजाय भोगेका १ देखि १४ वर्ष सम्मका बालबालिका (प्रतिशत) | ८१.७ | ६० | ४४ | २७ | ० | CBS(2014) |
| १६.२.३ मानव बेचविखनमा परेका बालबालिका संख्या | ६४ | ४७ | ३४ | २१ | ० | NHC(2014) |
| १६.९.१ जन्मदर्ता (पाँच वर्षमुनिका जन्मदर्ता गरिएका बालबालिका) | ५८.१ | ६६ | ७९ | ८६.९ | १०० | |

# परिच्छेद -४
# राष्ट्रिय तथा जिल्ला नीति/रणनीतिहरु

नेपाल सरकारले बाल अधिकारको प्रवर्धनका लागि बालबालिकासम्बन्धी राष्ट्रिय  नीति २०६९ ल्याएको छ । सरकारी निकाय, स्थानीय तह, अभिभावक, शिक्षक र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको समन्वयात्मक सहकार्यमा सवैवर्ग र समुदायका बालबालिकाहरुले बाल अधिकारकोपूर्ण उपभोग गर्दै सक्षम र योग्य नागरिकको रुपमा व्यक्तित्व विकास गर्न सक्ने वातावरणको सिर्जना गन दीर्घकालीन लक्ष्यसहित ल्याइएको उक्त नीतिका ५ प्रमुख उद्धेश्यहरु रहेका छन् :

## नीतिका प्रमुख उद्देश्यहरु

१. सबै किसिमका शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, परित्याग, उपेक्षा, शोषण वा यौन दुर्व्यवहारबाट बालबालिकालाई संरक्षण गर्ने,

२. बालबालिका जन्मनु अघि र जन्मे पछि आवश्यक स्याहार, पोषण सहयोग र शिक्षा प्रदान गरी बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकास गर्ने,

३. आफ्नो धारणा बनाउन सक्षम बालबालिकालाई निजसंग सम्वद्ध सबै विषयहरुमा आफ्नो विचार अभिव्यक्त गर्न पाउने अवसर दिई बाल सहभागिता अभिवृद्धि गर्ने,

४. बालबालिका प्रतिकोविभेद अन्त्य गर्ने,

५. बाल न्याय प्रणालीलाई सुदृढ गर्ने ।

## पहिलो उद्धेश्य : सबै किसिमका शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, परित्याग, उपेक्षा, शोषण वा यौन दुर्व्यवहारबाट बालबालिकालाई संरक्षण गर्नेसँग सम्बन्धित नीतिहरु

- बालबालिकाको पहिचानको अधिकारलाई सुनिश्चित गर्ने एक उपायको रुपमा जन्म दर्तालाई लिइनेछ । नेपालको सरहदभित्र जन्मेका वा वेवारिसे अवस्थामा फेला परेका कुनै पनि लिंगका बालबालिकालाई अनिवार्य रुपमा तुरुन्त जन्म दर्ता गर्ने व्यवस्था मिलाइनेछ । जन्म दर्ता प्रक्रियालाई सरल बनाइनेछ। जन्म दर्ता गर्ने कानूनी प्रावधान, प्रक्रिया तथा जन्म दर्ताको महत्वको वारेस्थानीय निकाय र अन्य सरोकारवाला व्यक्ति वा संस्थाकोचेतना जागरण गर्न कार्यक्रम सञ्चालन गरिनेछ । विद्यालय भर्ना लगायतका अन्य कार्यमा अनिवार्य जन्मदर्ता प्रमाणपत्र आवश्यक पर्ने व्यवस्था गरी जन्मदर्ता प्रमाणपत्रको प्रयोगको दायरा बढाइनेछ।

- कुनै पनि सशस्त्र द्वन्द्वमा हुन सक्ने बालबालिकाको प्रयोगलाई कानूनद्धारा निषेधित र दण्डनीय बनाइनेछ। विशेष गरी विद्यालय परिसरमा सशस्त्र द्वन्द लगायतका राजनैतिक क्रियाकलाप निषेध गरिनेछ । द्वन्द्वप्रभावित बालबालिकाको उद्दार, उपचार, मनोसामाजिक विमर्श, सामाजिक तथा पारिवारिक पुर्नस्थापना लगायतका आवश्यक व्यवस्था गरिनेछ र तिनीहरुलाई लक्षित गरी राहत कार्यँक्रम सञ्चालन गरिनेछ। यस कार्यकोलागि केन्द्रीय बाल कल्याण समिति र जिल्ला बाल कल्याण समितिलाई क्रियाशील गरिनेछ । बालबालिकामा सशस्त्र द्वन्द्वका प्रभावलाई न्यून गर्न समुदायदेखि राष्ट्रियस्तरसम्म चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।

- बालबालिकाको यौन शोषण र यौन दुर्व्यवहारलाई गम्भीर अपराधको रुपमा लिइनेछ। इन्टरनेट, इमेल, मोबाइल जस्ता विद्युतीय सेवा प्रदायकले बाल यौनदुर्व्यवहार नहुनेगरी मात्र सूचना प्रवाह गर्ने व्यवस्था गरिनेछ।

- आफ्नो बालबालिका वा आफ्नो संरक्षणमा रहे बसेका बालबालिकालाई कुनै किसिमकोअपहेलना गर्न नपाउनेकानूनी व्यवस्था गरिनेछ।

- जोखिममा परेका र सीमान्तकृत बालबालिकाको लागि तत्काल उद्धार र राहत सेवा प्रदान गर्ने व्यवस्था गरिनेछ। जोखीममा परेका बालबालिकाको तुरुन्त उद्धार, राहत र पुनर्स्थापनाका लागि कोषकोव्यवस्था गरी परिचालन गरिनेछ।

- बालबालिका उपर हुने सबै प्रकारका शारिरिक र मानसिक दुर्व्यवहारलाई अपराध मानिनेछ । परिवार, शिक्षण संस्था र बालगृहले बालबालिकालाई शारिरीक र मानसिक दुर्व्यवहार गर्न नपाइनेव्यवस्था गरिनेछ।

- कुनै पनि प्रयोजनका लागि बालबालिकाको वेचविखन र ओसारपसार गर्ने कार्यलाई रोकथाम गर्न थप प्रभावकारी उपाय अवलम्वन गरिनेछ।

- बेचबिखन र ओसारपसारबाट उद्धार गरिएका बालबालिकाको सुरक्षाको प्रत्याभूति, तिनीहरुकोपरिवार तथा समुदायमा पुनर्स्थापनाकोव्यवस्था गरिनेछ।

- बाल विवाह रोक्न सरकारी र विकासका साझेदार संस्थाहरुको सहकार्यमा समुदाय स्तरका संघसंस्थाहरुलाई परिचालन गरिनेछ । बाल विवाह विरुद्धको उजूरी सक्रियताका साथ लिनेर कारवाही गर्ने व्यवस्था गरिनेछ र बाल विवाह रोक्नेकार्यका लागि स्थानीय निकायलाई थप जिम्मेवारी दिइनेछ।

- बालबालिकालाई श्रमिकका रुपमा प्रयोग गर्ने कार्यलाई निरुत्साहित गरिनेछ। बालश्रम प्रयोगको अनुगमन गर्ने प्रणालीलाई सशक्त बनाइनेछ । यस कार्यका लागि श्रम तथा यातायात व्यवस्था मन्त्रालय, केन्द्रीय बाल कल्याण समिति, जिल्ला बाल कल्याण समिति तथा स्थानीय निकायहरुलाई परिचालन गरिनेछ । उद्धार गरिएका बालश्रमिकको पारिवारिक तथा संस्थागत पुनःस्थापनाको लागि आवश्यक कदम चालिनेछ।

- स्वास्थ्य सेवामा एचआईभि र एड्स संक्रमित बालबालिकाको पहुँचलाई सहज बनाइनेछ । एचआईभी र एड्सबाट रोकथाम, सुरक्षा उपायहरु, रक्त परीक्षण लगायत एचआईभी र एड्स शिक्षा सम्बन्धमा व्यापक चेतना अभिवृद्धि गर्ने व्यवस्था गरिनेछ। एचआईभी र एड्सबाट संक्रमित तथा प्रभावित बालबालिकाको अभिलेख राख्ने व्यवस्था मिलाइनेछ। एचआईभी र एड्सबाट संक्रमित तथा प्रभावित बालबालिकाका निमित्त स्वास्थ्य उपचार, पोषण लगायतका आधारभूत सेवा, पारिवारिक, सामुदायिक तथा संस्थागत पुनःस्थापना कार्यक्रम सञ्चालन गरिनेछ। एचआईभि र एड्स संक्रमित बालबालिकाको पहिचान खुल्नेविवरणलाई गोप्य राख्नेव्यवस्था मिलाइनेछ । आमाबाट शिशुमा एचआइभी/एड्स संक्रमण नियन्त्रण सम्बन्धी कार्यक्रम विस्तार गरिनेछ।

- शरणार्थी तथा कुनै पनि कारणले आन्तरिक रुपमा विस्थापित भएका बालबालिकाको पहिचानको अधिकार सुनिश्चित गरी अभिलेख राख्ने व्यवस्था गरिनेछ । शरणार्थी तथा आन्तरिक रुपमा विस्थापित बालबालिकाका लागि आधारभूत सेवा सुविधामा पहुँचकोसुनिश्चितताकोव्यवस्था गरिनेछ।

- अपाङ्गता भएका बालबालिकाको अभिलेख दुरुस्त गर्ने व्यवस्था मिलाइनेछ। अपाङ्गता हुन सक्ने कारण, रोकथामका उपाय र आवश्यक हेरचाहका बारेमा चेतना जागरणका कार्यक्रम सञ्चालन गरिनेछ। अपाङ्गता भएका बालबालिकाको निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ र शिक्षा स्वास्थ्य जस्ता आधारभूत सेवामा सहज पहुंचको व्यवस्था सुनिश्चित गरिनेछ। अपाङ्गताको प्रकृति अनुसार आवश्यक सहयोगी सामान, उपकरण तथा पुस्तक निःशुल्क रुपमा वा कर छूटमा आयात गर्ने व्यवस्था गरिनेछ। सार्वजनिक स्थल तथा भवनहरुमा, सूचना संचारमा, अतिरिक्त कार्यकलापमा अपाङ्गता भएका बालबालिकाको सरल र सहज पहुँच बढाउन आवश्यक पर्ने भौतिक सुविधा र संयन्त्रकोविकास गरिनेछ। गम्भीर अवस्थाका अपाङ्गता भएका बालबालिकाको लागि आवासको व्यवस्था गरिनेछ। अपाङ्गतालाई सशक्तिकण गरी पुनस्थापना गर्न पुनस्थापना केन्द्रको व्यवस्था गरिनेछ । हाल सञ्चालनमा रहेका विशेष शिक्षा कार्यक्रमलाई सुधार गर्दै समावेशी शिक्षा सञ्चालन गरिनेछ। तर भौगोलिक विषमता र खास आवश्यकतालाई विचार गरी आवश्यक भएमा विशेष शिक्षा पनि सञ्चालन गर्न सकिनेव्यवस्था गरिनेछ । मानसिक सन्तुलन गुमाइसकेका र

परिवारले पालनपोषण तथा हेरचाह गर्न नसकेका बालबालिकालाई विशेष सहयोग र हेरचाहकोव्यवस्था गरिनेछ।

- बाबु वा आमा दुवै नभई हेरचाह गर्ने कोही नभएका र बाबुआमामध्ये एक भएपनि पालनपोषण गर्न सक्षम नभएका वा परित्यक्त वा वेवारिसे बालबालिकाको पहिचान गरी दुरुस्त अभिलेख राख्ने व्यवस्था गरिनेछ। बालबालिकाको आफ्नै आमा, बाबु वा नातेदारबाट हेरचाह गर्ने कार्य प्रबर्द्धन गर्न पारिवारिक सहयोग वृत्ति (स्पोन्सरसिप), फोष्टर केयर, व्यवसायिक तालीम, जिविकोपार्जन, पालनपोषण भत्ता जस्ता क्रियाकलाप सञ्चालन गरिनेछ।

- बालगृह मार्फत गरिने संस्थागत स्याहारलाई अन्तिम विकल्पको रुपमा मात्र प्रबर्द्धन गरिनेछ र मौजुदा बालगृह सञ्चालनको न्यूनतम मापदण्डलाई समयानुकुल सुधार गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

- स्थानीय निकाय र अन्य सरकारी तथा गैरसरकारी संस्थाहरु मार्फत परित्यक्त र वेवारिसेबालबालिकाकोबाबुआमा वा परिवारकोखोजी गरिनेछ। बाबुआमा वा परिवार भेटिएमा परिवारमा नैराखी हेरचाह गर्ने उपाय अवलम्वन गरिनेछ।

- सडक बालबालिकाको अभिलेख दुरुस्त गरिने व्यवस्था मिलाइनेछ । सडकमा आएका बालबालिकालाई उद्दार गरी ट्रान्जिट सेन्टरमा राख्ने एवं परिवारमा पुर्नएकीकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि पारिवारिक सहयोग मनोसामाजिक परामर्श लगायतका कार्यक्रम सञ्चालन गरिनेछ। सडक बालबालिकाकोउद्दार, पुनःस्थापना (स्वास्थ्य सेवा, मनोविमर्श, कुलत छुटकारा), सामाजिकीकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। यस कार्यका लागि जिल्ला बाल कल्याण समिति, नगरपालिका लगायतका निकायहरुलाई जिम्मेवार बनाइनेछ र आवश्यकतानुसार यसका लागि सन्जालको निर्माण गरी समन्वयात्मक रुपमा कार्यक्रम सञ्चालन गरिनेछ।

- छाउपडी, देउकी, झूमा, कमलरी, वादी जस्ता परम्परा, सँस्कृति, जात, धर्मका आधारमा बालबालिकालाई हानी पुऱ्याउनेसबैकिसिमका प्रचलनहरुलाई कानून बनाई निषेध र दण्डनीय गर्ने व्यवस्था गरिनेछ। परम्परागत हानीकारक अभ्यासहरु विरुद्ध प्रचार प्रसार गरिनेछ। परम्परागत हानीकारक अभ्यासमा संलग्न गराइएका बालबालिकालाई उद्दार गरी, पारिवारिक पुर्नस्थापनाकोव्यवस्था गरिनेछ।

- पारिवारिक वातावरणबाट स्थायी वा अस्थायी रुपमा वञ्चित भएका बालबालिका वा त्यहाँ तिनीहरुको सर्वोत्तम हित हुन नसक्ने बालबालिकालाई वैकल्पिक हेरचाहकोअन्तिम विकल्पकोरुपमा मात्र बालबालिकालाई धर्मपुत्र वा धर्मपुत्रीको रुपमा दिइने व्यवस्था गरिनेछ। बाबु वा आमा दुवै नभई हेरचाह गर्ने कोही नभएका र आफ्नै परिवार र नातेदारमा पालनपोषण हुन नसक्ने बालबालिकालाई देशभित्र नै धर्मसन्तान भई पालनपोषण गर्नका निमित्त प्रोत्साहन गरिनेछ।

आफ्नो छोरा वा छोरी हुनेले पनि अर्को बालबालिकालाई पनि पालनपोषण गर्न सक्ने आर्थिक हैसियत भएमा अदालतको अनुमतिले धर्मपुत्र धर्मपुत्री राख्न सक्नेकानूनी व्यवस्था गरिनेछ। हाल धर्मपुत्र धर्मपुत्रीको लिखत सम्पत्ति हस्तान्तरण सरह मालपोत कार्यालयबाट रजिष्ट्रेशन हुने गरेकोमा धर्मपुत्र धर्मपुत्री राख्ने विषय नाता सम्बन्ध कायम गर्ने विषयसंग सम्बन्धित भएकाले यसमा सुधार गरी अदालतले धर्मपुत्र वा धर्मपुत्री राख्ने आदेश दिई त्यस्तो लिखत प्रमाणीकरण गर्नु पर्ने व्यवस्था गरिनेछ। स्वदेशमा धर्मपुत्र दिनेलिनेसम्बन्धी कानूनकोपुनरावलोकन गरिनेछ।

- कुनै बालबालिकालाई नेपालमा पालनपोषण गर्न वा धर्मपुत्र लिने परिवारमा राख्न नसकिनेभएमा र नेपालमा निजलाई उचित हेरचाह गर्न नसकिनेभएमा एउटा विकल्पको रुपमा बालबालिकालाई विदेशमा धर्मपुत्र र धर्मपुत्रीको रुपमा दिन सकिनेव्यवस्था गरिनेछ। विदेशमा धर्मपुत्र र धर्मपुत्री दिंदा नेपाल सरहकै सुरक्षा र स्तर भएका देशमा मात्र दिने व्यवस्था गरिनेछ। अन्तरदेशीय धर्मपुत्र वा धर्मपुत्री दिदा वा लिदा अनुचित आर्थिक फाइदा लिन नपाउने पर्याप्त व्यवस्था गरिनेछ। अन्तरदेशीय धर्मपुत्र र धर्मपुत्री दिंदा बालबालिकाको वृहत्तर हित, निजको मानव अधिकारको संक्षरण र त्यस्तो बालबालिका अपहरण, बेच बिखन वा बालबालिकाको अन्य कुनै किसिमले दुरुपयोग हुने वा नहुने तर्फ विचार गर्नु पर्ने व्यवस्था गरिनेछ। अन्तरदेशीय धर्मपुत्र धर्मपुत्री सम्बन्धी कानूनलाई यस सम्बन्धमा विकास भएका अन्तर्राष्ट्रिय कानून र अभ्यास अनुकूल हुनेगरी पुनरावलोकन गरिनेछ।

- हराएका वा अलपत्र अवस्थामा भेटिएका बालबालिकालाई उद्दार गर्ने, अस्थायी केन्द्रमा राखी बाबुआमा वा परिवार खोज्ने, परिवारमा पुर्नएकीकरण र पुर्नस्थापना गर्नका लागि बालबालिका खोजतलास समन्वय केन्द्रलाई थप प्रभावकारी बनाइनेछ। अति गरिब परिवारमा जन्मेका तिम्ल्याहा-चम्ल्याहा जस्ता बालबालिकाका निमित्त १८ वर्ष सम्मको लागि शिक्षा, जीवनोपयोगी तालीम, स्वास्थ्य जस्ता आधारभूत सेवा निःशुल्क व्यवस्था गरिनेछ। सार्वजनिक स्थलमा वा सवारी साधनबाट बालबालिकालाई हुन सक्ने हानीबाट जोगाउनेसुरक्षित मापदण्डहरु निर्धारण गरी कार्यान्वयन गरिनेछ।

- लागूऔषध र अन्य दुर्व्यसनमा लागेका बालबालिकाको पुर्नस्थापनाका लागि निजी क्षेत्रसंग समेत गरी समन्वय, उपचारात्मक, मनोविमर्शात्मक तथा अन्य सहयोग कार्यक्रमहरु सञ्चालन गरिनेछ

- सेवा प्रदायक, बालबालिका र जिम्मेवार निकायहरुसमेत सबैमा बाल अधिकार संरक्षण सम्बन्धमा संवेदनशीलता र जवाफदेहिताको विकास गरिनेछ। बाल अधिकारका विषयवस्तु, बालबालिका सम्बन्धी नीति र कार्यक्रमलाई राष्ट्रिय विकास लक्ष्य र प्रक्रियामा मूलप्रवाहीकरण गरिनेछ।

- अपाङ्ग, अनाथ, सडक बालबालिका, सुविधाबाट वञ्चित, द्वन्द्व प्रभावित/आन्तरिक रुपमा विस्थापित र शरणार्थी बालबालिका, बेचविखन- ओसारपसार, यौन तथा आर्थिक शोषण (बालश्रम)मा परेका, जेलमा रहेका, अल्पसंख्यक, दलित र गरीव बालबालिका समेतको अधिकार संरक्षण गर्नका लागि कानूनमा आवश्यक सुधार गर्ने, सेवा प्रवाहमा न्यूनतम मापदण्ड निर्धारण गर्ने

र सेवामा उनीहरुको पहुँच सुनिश्चित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। ती बालबालिकाका लागि मनोसामाजिक परामर्श, शिक्षा, सीपलगायत पुनःस्थापनाका लागि एकीकृत एवं लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

- बालबालिकालाई घरमा, विद्यालयमा, कुनै संस्थामा काम गर्ने ठाउँमा वा समुदायमा सबै प्रकारका दूर्व्यवहार, वञ्चितीकरण, शोषण, हिंसा र भेदभाव तथा शारीरिक सजाय एवम्सबैप्रकारका यातनाहरुबाट सुरक्षित गर्न आवश्यक कानून बनाई प्रभावकारी कार्यान्वयन गरिनेछ।

- निकृष्टलगायत सबै प्रकारको बालश्रमको अन्त्य र नियन्त्रणका लागि कार्यक्रमहरु सन्चालन गरिनेछ।

- संरक्षण तथा सुरक्षाको आवश्यकता परेका बालबालिकाहरुका लागि तत्काल सहायता उपलब्ध गराउनकोलागि हेल्प लाईन/हटलाइन जस्ता सेवाकोप्रवर्द्धन गरिनेछ। निःशुल्क बाल हेल्पलाईन फोन नं. १०९८ लाई सबै जिल्लामा विस्तार गरिनुका साथै यसलाई सार्क क्षेत्रका राष्ट्रहरुको साझा निःशुल्क बाल हेल्पलाईनमा परिणत गर्ने समेत प्रयास गरिनेछ।

- विशेष रुपमा स्वास्थ्य, शिक्षा र पुनर्स्थापनका क्षेत्रहरुमा शारीरिक दूर्वलता र विशेष कठिन परिस्थितिमा रहेका तथा आकस्मिकता (प्राकृतिक प्रकोप) मा परेका बालबालिका लाई समेत समावेश गरी क्रमशः सामाजिक सुरक्षा योजनालाई लागूगर्दै लगिनेछ।

- बालबालिकाकोनिम्ति क्रियाशील सरकारी तथा राष्ट्रिय-अन्तर्राष्ट्रिय गैरसरकारी सघसंस्थाहरुलाई अनिवार्य रुपमा बाल संरक्षण योजना बनाई सोअनुसार काम गर्न लगाइनेछ र सोकोअनुगमन गरिनेछ।

- दुर्व्यवहार, हिंसा, बञ्चितीकरण, शोषण, अपहेलना लगायत सबै प्रकारका हानीबाट बालबालिकालाई जोगाउन विद्यमान कानूनमा आवश्यक सुधार गरिनेछ।

- बाल संरक्षणका सवालहरुलाई आवधिक योजनामा प्राथमिकताकासाथ समावेश गरिनेछ। सम्बद्ध मन्त्रालय र स्थानीय निकायको वार्षिक कार्यक्रम र बजेट विनियोजनमा बालसंरक्षण लक्षित कार्यलाई प्राथमिकता दिईनेछ। बाल संरक्षणको सवाललाई प्रभावकारी रुपमा सम्बोधन गर्न अर्धन्यायिक, न्यायिक लगायत सम्बन्धित सरकारी निकायलाई स्पष्ट जिम्मेवारीकोव्यवस्था गरिनेछ।

- वेवारिसे रुपमा फेला परेका बालबालिकाहरु, तीनका आमा–बुवा, वा अभिभावक वा संरक्षणकर्ताको जिम्मा नलागुन्जेल राज्यको संरक्षणमा रहने व्यवस्था गरिनेछ।

**दोस्रो उद्देश्य : बालबालिका जन्मनुअघि र जन्मेपछि आवश्यक स्याहार र सहयोग र शिक्षा प्रदान गरी बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकास गर्नेसँग सम्बन्धित नीतिहरु**

- आमाको गर्भदेखि बालबालिकाको उमेरसम्मको बालस्वास्थ्यको सबै अवस्थाहरुमा बालबालिकालाई निःशुल्क स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ । बाल स्वास्थ्य सेवा प्रभावकारी रुपमा प्रदान गर्न आवश्यक व्यवस्था गरिनेछ । बालबालिकाको पोषण स्थिति सुधार सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ। स्वास्थ्य सेवामा अपाङ्गता भएका बालबालिका र विशेष हेरचाह आवश्यक पर्ने बालबालिकाहरुकोपहुँच बढाइनेछ।

- प्रत्येक बालबालिकालाई माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रुपमा पाउनेर आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने व्यवस्था गरिनेछ। प्राथमिक शिक्षा अनिवार्य गर्न शिक्षा ऐनमा आवश्यक संशोधन गरिनेछ । विद्यालयमा बाल-मैत्री शिक्षण-सिकाई वातावरणकोविकास र विस्तार गरिनेछ।

- बालबालिकालाई प्रारम्भिक शिक्षा दिनेप्रारम्भिक बाल विकास केन्द्रहरु स्थापना गर्ने कार्यमा जोड दिइनेछ र प्रत्येक सामुदायिक विद्यालयमा बाल विकास कक्षाको व्यवस्था गरिनेछ । प्रारम्भिक बाल विकासलाई जीवनचक्र प्रणालीमार्फत शिक्षासँग आवद्ध गर्दै सुदृढ र विस्तार गरिनेछ।

- विशेष गरेर जोखिम परिस्थिति र सुविधा विहीन समुदायका बालबालिकाहरुका लागि उचित बाल स्याहार तथा शिक्षाको विस्तार र स्तरोन्नति गरिनेछ । अर्थपूर्णर जीवनोपयोगी सीप केन्द्रीत शिक्षाकोविस्तार र प्रवर्द्धन गरिनेछ।

- बाल अधिकारमुखी दृष्टिकोणबाट विद्यमान विद्यालय पाठ्यक्रम, पाठ्यपुस्तक, तालीम सामग्रीहरु, दण्ड/हिंसा रहित शिक्षण पद्धतिहरु, शान्ति शिक्षा, अभिभावक समाज र विद्यालय व्यवस्थापन समितिमा पुनरावलोकन र परिमार्जन गरिनेछ।

**तेस्रो उद्देश्य : (आफ्नो धारणा बनाउन सक्षम बालबालिकालाई निजसंग सम्वद्ध सबै विषयहरुमा आफ्नो विचार अभिव्यक्त गर्न पाउनेअवसर दिन बाल सहभागिता अभिवृद्धि गर्ने) संग सम्बन्धित नीति**

- आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई सरकारी, गैरसरकारी एवम् समुदायमा आधारित निकाय वा संस्थाहरुबाट कार्यान्वयन गरिने बालबालिकासंग सम्बन्धित कार्यहरुको योजना तथा कार्यक्रम तर्जुमा कार्यान्वयन र मूल्यांकन लगायत उनीहरूलाई असर पार्ने विषयमा गरिने निर्णयमा सहभागी हुने व्यवस्था गरिनेछ र त्यसरी निर्णयमा सहभागी हुँदा बालबालिकाले व्यक्त गरेको विचारलाई निजको उमेर र परिपक्वता अनुसार उचित स्थान दिईनेछ।

- बाल सहभागितालाई मूलप्रवाहीकरण गरी प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

- जिल्ला तथा समुदायमा गठन गरिनेबालबालिका सम्बन्धी कुनैपनि समिति वा समूहमा बालबालिकाकोप्रतिनिधित्व सुनिश्चित गरिनेछ । बालबालिका सम्बन्धी नीति, ऐन तथा नियमहरुमा बालबालिकालाई आफ्नो सरोकारको कुनै पनि विषयमा सू-सूचित भई विनाभेदभाव परिवारदेखि राष्ट्रियतहसम्म अर्थपूर्ण सहभागिताकोअधिकार सुनिश्चित गरिनेछ।

- बालबालिकासँग सम्बन्धित कुनैपनि न्यायिक वा प्रशासनिक काम कारबाहीमा निजलाई प्रत्यक्ष रुपमा, प्रतिनिधि मार्फत वा कुनैउपयुक्त निकायद्वारा सुनुवाई गर्ने मौका प्रदान गरिनेछ।

- स्थानीय स्तरका सरकारी, निजी, सामुदायिक विद्यालय, छात्रावास, बालकल्याण गृह, बाल गृह, बालसुधार गृह समेतमा बाल सहभागिता प्रवर्द्धन गर्न बालबालिकाकोसंगठित समूहकोस्थापना र परिचालन गर्न प्राथमिकता दिइनेछ।

- बाल क्लव तथा बाल संस्था दर्ता गर्ने प्रक्रिया सरल गरिनेछ। विद्यालय, समुदाय, बालगृह लगायत बालबालिका सामूहिक र संस्थागत रुपमा रहने क्षेत्रहरुमा बालक्लब स्थापना गरी केन्द्र, क्षेत्र, जिल्ला, गाउं विकास समिति तथा नगरपालिकास्तरमा बालक्लब सञ्जालहरु विस्तार गरिनेछ। बाल क्लव तथा बाल संस्था सन्चालनका लागि आवश्यक आचार संहिता वा निर्देशिका जारी गर्ने व्यवस्था हुनेछ।

- बालबालिकाद्वारा अभिव्यक्त विचार, जानकारी तथा सूचनाको प्रवाहले उनीहरुलाई हुनसक्नेजोखिमबाट जोगाउन गोपनीयता सुनिश्चित गरिनेछ।

- राज्यको तर्फबाट संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिमा आवधिक रुपमा पठाइने प्रतिवेदनमा बालबालिकाका विचारलाई स्पष्टरुपमा समावेश गर्ने नियमित विधि तथा प्रक्रिया निर्धारण गरी कार्यान्वयन गरिनेछ।

## चौंथो उद्देश्य (बालबालिका प्रतिकोविभेद अन्त्य गर्ने) संग सम्बन्धित नीति

- परिवारमा छोरा र छोरी, अपाङ्गता भएका र नभएका, साना उमेरको र ठूला उमेरका, आफ्नो सौतेलो वा धर्म सन्तान बीच हेरचाह र पालनपोषणमा भेदभाव गर्न नपाइने व्यवस्था गरिनेछ।

- सेवा प्रदायकले जातजाति, लिङ्ग, धर्म, वर्ण, भाषा, भेषभूषा, सम्पन्न वा विपन्न, अपाङ्गता भएका नभएका, साना उमेरका र ठूलोउमेरका, भौगोलिक क्षेत्र जस्ता आधारमा भेदभाव गर्न नपाउने व्यवस्था गरिनेछ।

- गर्भमा नै बालबालिकाको लिंग पहिचान गर्ने, लिंगका आधारमा भेदभाव गर्ने र गर्भपतन गर्ने प्रचलनलाई अन्त्य गरिनेछ।

### पाँचौं उद्देश्य (बाल न्याय प्रणालीलाई सुदृढ गर्ने) संग सम्बन्धित नीति

- मौजुदा नेपाल कानूनमा १६ वर्ष भन्दा मुनिकोलाई बालबालिका मान्नेव्यवस्था रहेकोमा अन्तर्राष्ट्रिय अभ्यास समेतलाई दृष्टिगत गरी १८ वर्ष उमेरसम्मको व्यक्तिलाई बालबालिका मानी तद्अनुसार अपराधिक दायित्वकोपनि निर्धारण गरिनेछ।

- कसूरजन्य कार्यको आरोप लागेका बालबालिकालाई अनुसन्धानको लागि नियन्त्रणमा नलिई नहुने देखेमा मात्र बल प्रयोग नगरी नियन्त्रणमा लिन सक्ने व्यवस्था गरिनेछ। त्यसरी नियन्त्रणमा लिएमा सोको जानकारी निजका परिवारका सदस्य, संरक्षण र नजिककोनातेदारलाई दिनुपर्नेव्यवस्था गरिनेछ। त्यसरी नियन्त्रणमा लिइएको बालबालिकालाई बाल मनोविज्ञको सेवा उपलब्ध गराई आवश्यक परामर्श सेवा उपलब्ध गराइनेछ।

- कसूरजन्य कार्यको आरोपमा नियन्त्रणमा लिइएको बालबालिकालाई अनुसन्धान अवधिभर राख्ने प्रयोजनको लागि छुट्टै निगरानी कक्षको स्थापना गरिनेछ। कसूरजन्य कार्यको अनुसन्धान तथा अभियोजन गर्न अवाश्यकतानुसार छुट्टै एकाई गठन गरिनेछ। सो कार्यमा संलग्न हुने प्रहरी कर्मचारी र सरकारी वकीललाई तालीमकोव्यवस्था गरिनेछ।

- बाल न्याय प्रणालीमा सुधार गरी कानूनको विवादमा परेका बालबालिकालाई दिशान्तर गर्न सक्ने व्यवस्था गरिनेछ। बालबालिकाले कसूरजन्य कार्य गरेको स्वीकार गरेमा र पीडित पक्षको पुनस्थापना हुने भएमा सामान्य प्रकृतिको कसूरजन्य कार्यकोआरोप लागेकोबालकबालिकालाई कसुरकोगम्भिरता विचार गरी औपचारीक न्यायिक प्रक्रियामा नल्याई पीडितसंग मेलमिलाप गराउने, बालबालिकालाई परामर्श (काउन्सिलिङ्ग) गर्ने, समुदायमा पठाउने, संरक्षण अधिकारीको सुपरीवेक्षणमा छाडने, बाबुआमाको जिम्मा लगाउने जस्ता दिशान्तरका प्रक्रियालाई प्राथमिकता दिईनेछ। बालबालिकालाई दिशान्तर गर्दा पीडितलाईक्षतिपूर्ति वा हानी नोक्सानी भराउनेव्यवस्था गरिनेछ।

- गम्भीर प्रकृतिको आरोप लागेका बालबालिकालाई मात्र औपचारिक न्यायिक प्रक्रियामा ल्याइनेछ। औपचारिक कानूनी प्रक्रियाका हरेक तहलाई बालमैत्री बनाइनेछ। बाबुआमा, परिवारका अन्य सदस्यकोरोहवरमा मात्र कानूनी प्रक्रिया अगाडि बढाइनेछ।

- अपराधीलाई केवल सजाय गर्ने कार्यमा जोड दिनुकोसट्टा पीडित र पीडकलाई केन्द्रमा राखी पीडकले अपराधको दायित्व स्वीकार गरेको खण्डमा पीडितलाई क्षतिपूर्ति दिने गरी पुनःस्थापकीय न्यायको अवधारणा अनुरुप बाल न्याय सम्पादन गर्नेआवश्यक व्यवस्था गरिनेछ।

- साक्षी बालबालिकाकोसुरक्षित आवतजावतकोउचित प्रबन्ध गरिनेछ। साक्षीको सुरक्षा सम्बन्धी छुट्टै कानून बनाइनेछ। बालबालिकाको मुद्दाको सुनवाई सामान्यतः बन्द इजलासमा गरिनेछ।

- औपचारिक कानूनी प्रक्रियामा बालबालिकाकोविचारलाई महत्व दिइनेछ।

- कानूनकोविवादमा परेका बालबालिकाले उमेरजन्य स्वभावका कारण प्रकृति र परिणाम नै नबुझिकन विज्याँईजन्य कार्य गर्ने र अर्काको अह्राई सिकाइमा लागेर वा लहलहैमा लागेर त्यस्तो कार्य गर्ने भएकोले सो कार्य वापत बालबालिकाको व्यक्तिगत परिचयात्मक विवरण सार्वजनिक गरिएमा बालबालिका जीन्दगीभर दागी हुनु पर्ने, सामाजिक रुपमा लाञ्छित हुनु पर्ने र अन्जानमा हुन गएको सानो गल्तीले गर्दा निजको बाँकी जीवनभर कष्ट वा संकट उत्पन्न हुनसक्ने स्थिति पैदा हुनसक्ने कुरालाई विचार गरी न्यायिक प्रक्रियामा संलग्न हुन आउने बालबालिकाको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्ने व्यवस्था गरिनेछ । बालबालिकाकोव्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नेसम्बन्धमा छुट्टैकानून बनाइनेछ।

## राष्ट्रिय रणनीतिहरु

## पहिलो उद्देश्य (सबै किसिमका शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, उपेक्षा, शोषण, यौन दुर्व्यवहारबाट बालबालिकालाई संरक्षण गर्ने) संग सम्बन्धित रणनीतिहरु

- बालबालिकाको संरक्षणको सबै भन्दा उत्तम उपाय बालबालिका परिवारमा नै रहने वातवरण श्रृजना गर्नु भएकोले बालबालिकाको पालनपोषण, हेरचाह गर्न र शिक्षा दिक्षा दिन नसक्ने विपन्न परिवारलाई आर्थिक र अन्य भौतिक सहयोग प्रदान गर्ने मापदण्ड र संयन्त्र तयार गरी कार्यान्वयन गरिनेछ । त्यस्ता बालबालिकालाई जीवनोपयोगी शिक्षा दिइनेछ र अभिभावकलाई काउन्सिलिङ्ग गरिनेछ।

- बाल श्रमले बालबालिकाको दीर्घकालीन शारीरिक र मानसिक सामाजिक विकासमा असर गर्ने भएकोले यसको निवारणको लागि कुनै उद्योग वा कल कारखानामा बालबालिकालाई बाल श्रमिकको रुपमा काममा लगाए नलगाएको वारेमा जाँचबुझ गर्न अनुगमन प्रणालीलाई प्रभावकारी बनाइनेछ। कुनै रोजगारदाताले बाल श्रमिकलाई काममा लगाएको पाइएमा बालबालिकाको तत्काल उद्धार गरी रोजगारदातालाई कारवाही गरिनेछ । त्यसरी उद्धार गरिएको बालबालिकाकोपुर्नस्थापनाकोलागि एकीकृत राहत सुविधा उपलब्ध गराइनेछ।

- बालसंरक्षणका सवै सवालहरुमा चेतना अभिवृद्धि गरिनेछ । सरकारी निकाय, सामाजिक संघ संस्था, विद्यालय, बाल समूह तथा सञ्चार माध्यमबाट बाल यौन शोषण र शारीरिक र मानसिक दुर्व्यवहार विरुद्ध व्यापक चेतना जागरण कार्यक्रम सञ्चालन गरिनेछ । स्थानीयस्तरसम्म बालबालिकाको बेचबिखन, ओसारपसार र बाल विवाह विरुद्ध चेतना जागरण कायक्रम सञ्चालन गरिनेछ । गाउँस्तरसम्म बालसंरक्षणको विषयमा चेतना अभिवृद्धि गर्न संचार लगायत अन्य उपयुक्त माध्यमकोपरिचालन गरिनेछ।

- बाल संरक्षणकोलागि स्रोत जुटाउन कर्पोरेट सेक्टरकोसामाजिक उत्तरदायित्वको विषयमा चेतना अभिवृद्धि गरिनेछ। यस कार्यमा रकम खर्च गर्ने र बाल श्रम निवारण गर्ने उद्योगलाई नेपाल सरकालेपुरस्कृत गर्ने व्यवस्था गरिनेछ।

- विद्यालय स्तरमा बाल अधिकार लगायत यौन शिक्षा तथा यौन शोषण र यौन दुर्व्यवहार वारेमा पाठ्पुस्तकमा नै समावेश गरी शिक्षा दिइनेछ। विद्यालयमा बालबालिकालाई शारीरिक र मानसिक यातना दिने शिक्षकलाई विभागीय कारवाही हुनेव्यवस्था गरिनेछ।

- विद्यालय र बालबालिका सक्रिय रहने अन्य क्षेत्रलाई शान्ति क्षेत्र घोषणा गरिनेछ।

- नेपाल सरकार, स्थानीय निकाय र विकासका साभ्फेदारबाट हुनेकार्यक्रममा बाल संरक्षणका विषयलाई समावेश गर्न प्रोत्साहन गरिनेछ। बाबु वा आमा वा दुवैजेलमा परी हेरचाह गर्ने अरु कोही नभई सँगै आश्रितका रुपमा बसेका बालबालिकालाई सँस्थागत हेरचाहकोव्यवस्था गरिनेछ।

- अति कठिन अवस्थामा रहेका बालबालिकालाई सहयोग र संरक्षण गर्नका लागि केन्द्रदेखि स्थानीयस्तरसम्म आकस्मिक कोषकोव्यवस्था गरिनेछ।

- विद्यालय, स्वास्थ्य संस्था, सामुदायिक संस्था लगायत बालबालिकासँग प्रत्यक्ष सम्बन्ध हुने सवैसंस्थाले आफ्नो परिसर एवं कार्यस्थलमा बालबालिकालाई हुन सक्नेहानीबाट जोगाउन बाल संरक्षण सम्बन्धी आचार संहिता बनाई कार्यान्वयन गरिनेछ। त्यस्ता आचार संहिताको प्रसार प्रचार गरिनेछ। नेपाल सरकार, स्थानीय निकाय र विकासका साभ्फेदारबाट हुने कार्यक्रममा बालसंरक्षणका विषयलाई समावेश गर्न प्रोत्साहन गरिनेछ।

- बालबालिकाको बेचबिखन र ओसारपसार विरुद्ध संयुक्त कार्य गर्नको लागि अन्तर्राष्ट्रिय स्तर र सार्क स्तरमा सञ्जालको व्यवस्था गर्न पहल गरिनेछ।

- बाल संरक्षण तथा बालबालिका सम्बन्धी नीति र कार्यक्रमलाई सम्बन्धित मन्त्रालय तथा निकायहरुको नियमित विकास प्रयासमा आन्तरिकीकरण गरिनेछ।

- बाल संरक्षण नीतिको प्रभावकारी कार्यान्वयन गर्न बालबालिकासंग कार्य गर्ने सरकारी, विकासका साभ्फेदार, नागरिक समाज एवं बाल समूह तथा उक्त संस्थाहरुको सन्जाल र कार्यदल केन्द्रदेखि स्थानीयस्तरसम्म विकास गरी परिचालन गरिनेछ।

- नेपालले अनुमोदन गरेको अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिको मर्म अनुसार अपाङ्गता सम्बन्धी कानूनलाई पुनरावलोकन गरी अपाङ्गता भएका बालबालिकाको अधिकारलाई स्थापित गरिनेछ।

- सन् १९९३ मा सम्पन्न भएको Hague Convention on Protection of Children and Co-operation in Respect of Intercountry Adoption मा नेपालले हस्ताक्षर गरिसकेकोले सो अनुरुप आवश्यक कानूनी र संस्थागत व्यवस्था गरी उक्त सन्धिलाई अनुमोदन गर्ने सम्बन्धमा गृहकार्य गरिनेछ।

- बालबालिकाको संरक्षणको सबै भन्दा उत्तम उपाय बालबालिका परिवारमा नै रहने वातवरण श्रृजना गर्नु भएकोले बालबालिकाको पालनपोषण, हेरचाह गर्न र शिक्षा दिक्षा दिन नसक्ने विपन्न परिवारलाई आर्थिक र अन्य भौतिक सहयोग प्रदान गर्ने मापदण्ड र संयन्त्र तयार गरी कार्यान्वयन गरिनेछ । त्यस्ता बालबालिकालाई जीवनोपयोगी शिक्षा दिइनेछ र अभिभावकलाई काउन्सिलिङ्ग गरिनेछ। समुदाय, परिवार, शैक्षिक संस्था तथा बालबालिका रहने स्थानहरुमा बालबालिका बिरुद्ध हुन सक्नेघरेलुहिंसा, विभेद, शोषण र हेलचक्र्याँई का साथै बालअधिकारको हनन हुन नदिन प्यारालिगल समिति जस्ता संयन्त्रहरुलाई प्रभावकारी रुपमा परिचालन गर्ने व्यवस्था मिलाईनेछ।

- बाल श्रमले बालबालिकाको दीर्घकालीन शारीरिक र मानसिक सामाजिक विकासमा असर गर्ने भएकोले यसको निवारणको लागि कुनै उद्योग वा कल कारखानामा बालबालिकालाई बाल श्रमिकको रुपमा काममा लगाए नलगाएको वारेमा जाँचबुझ गर्न अनुगमन प्रणालीलाई प्रभावकारी बनाइन्छ । समाजमा रहेका प्रतिष्ठित व्यक्तिहरु लगायत सवैबाट बालबालिकालाई घरेलु मजदुरमा प्रयोग हुने व्यवस्थालाई निरुत्साहित गरिनेछ। कुनै रोजगारदाताले बाल श्रमिकलाई काममा लगाएको पाइएमा बालबालिकाको तत्काल उद्धार गरी रोजगारदातालाई कारवाही गरिनेछ । त्यसरी उद्धार गरिएको बालबालिकाको पुर्नस्थापनाको लागि एकीकृत राहत सुविधा उपलब्ध गराइनेछ।

- बाल गृह र बाल सुधार गृहमा बाल दुर्व्यवहार र शोषण हुन नदिन सोको व्यवस्थापक र कर्मचारीलाई तालीम दिइनेछ। बाल गृह र बाल सुधार गृहमा बाल परिषद् वा बाल समाज खेलकूद टोली वा अन्य समूहको स्थापना गर्न प्रोत्साहन गरिनेछ। यिनीहरुको नियमित अनुगमन गरिनेछ।

- भूकम्प बाढी जस्ता प्राकृतिक प्रकोप र त्यसको असरबाट बचाउन बालबालिकालाई आवश्यक बासस्थानकोव्यवस्था गरिनेछ।

- केन्द्रीय बाल कल्याण समितिमा बाल संरक्षण व्यवस्थापन सूचना प्रणाली ९ऋएःक्ष्क० विकास गरी बाल दुर्व्यवहारको घटनाको अभिलेख राखिनेछ। प्रहरी लगायत विभिन्न निकायसंग नेटवर्किङ्ग गरी यौनजन्य दुर्व्यवहार, शारीरिक दण्ड, बेचबिखन, घरेलुकामदार बिरुद्धको हिंसा जस्ता घटनाको पनि यसमा अभिलेख राखिने छ। यस अभिलेखलाई नेपालले संयुक्त राष्ट्र संघमा दिनु पर्ने आवधिक प्रतिवेदन तयार गर्दा उपयोग गर्ने व्यवस्था गरिनेछ । यस सूचना प्रणालीलाई बालबालिका सम्बन्धी नीति निर्माण गर्दा जन चेतना अभिवृद्धि गर्दा र बालबालिकालाई पुनर्स्थापना जस्ता कार्यक्रम गर्दा प्रयोग गरिनेछ। यसका सूचनाहरु वार्षिक रुपमा प्रकाशन गरी सार्वजनिक गरिनेछ।

## दोस्रो उद्देश्य (बालबालिका जन्मनुअघि र जन्मेपछि आवश्यक स्याहार र सहयोग र शिक्षा प्रदान गरी बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकास गर्ने) संग सम्बन्धित रणनीति

- गा.वि.स(गाउँपालिका), नगरपालिका र जिल्ला विकास समिति(जिसस)को आफ्नो स्रोत तथा सरकारी अनुदानबाट वार्षिक कम्तीमा १० प्रतिशत बजेट वा रकम बालबालिकाको हकहितका लागि परिचालन गर्नु पर्ने व्यवस्था गरिनेछ।

- हिमाली र पहाडी जिल्लामा विशेष स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरी ती क्षेत्रमा शिशुमृत्युदर र वाल मृत्युदर घटाइनेछ ।

- भिटामीन ए तथा विद्यालय पौष्टिक आहार कार्यक्रम, बाल स्वास्थ्यको लागि आवश्यक औषधी तथा उपकरण, विद्यालय स्वास्थ्य कार्यक्रम, गाउँगाउँमा स्वास्थ्य शिविर, अपाङ्गता भएका बालबालिका, सडक बालबालिका तथा असहाय बालबालिकालाई निःशुल्क स्वास्थ्य सेवाको कार्यक्रम विस्तार गरिनेछ । बालस्वास्थ्य तथा सरसफाइका विभिन्न विषयवस्तु बारे व्यापक जनचेतना जागरण कार्य निरन्तर रुपमा गरिनेछ ।

- विद्यालयमा विद्यार्थी भर्ना गर्ने समयमा विद्यार्थी भर्ना सम्बन्धी विशेष अभियान सञ्चालन गरिनेछ ।

- विद्यालय बाहिरका बालबालिकाहरुलाई शिक्षाको मूल प्रवाहमा ल्याउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ । शिक्षा सम्बन्धि ऐन र नियमावली अनुरुपका व्यवस्थाहरुके विद्यालयहरुबाट पालना गराउन अनुगमन प्रक्रियालाई प्रभावकारी बनाईनेछ ।

- बीचैमा विद्यालय छोड्ने र विद्यालय शिक्षाबाट वञ्चित बालबालिकाहरुलाई प्राथमिकता दिदै, व्यवसायिक, प्राविधिक तथा वैकल्पिक विद्यालय शिक्षाको विकास र विस्तार गरिनेछ । साथै, पढाई पूरा नगरी विद्यालय छोड्ने दर घटाउन अभिभावकलाई सजग गराईनेछ ।

- राजनीतिक दलहरुको घोषणामा बाल अधिकार सम्बन्धी विषयवस्तु सम्बोधन गर्न पहल गरिनेछ ।

- गरीव, सीमान्तकृत, जोखिमपूर्ण, बञ्चित अवस्था र अप्ठ्यारो परिस्थितिका बालबालिकाको हितलाई विशेष प्राथमिकता दिइनेछ । तिनीहरुको तुरुन्त राहत तथा पुनर्स्थापनाका लागि केन्द्र, जिल्ला र गाउँस्तरसम्म आकस्मिक कोषको व्यवस्था गरिनेछ ।

- सामाजिक सुरक्षामा बालबालिकाकोपहुँच बढाइनेछ ।

- बालमैत्री शासन प्रणाली विकासका लागि स्थानीय निकायहरुलाई बालबालिका सम्बन्धी कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गर्न प्रोत्साहन गर्ने र आवश्यक निर्देशिका तयार गरी वितरण गरिनेछ ।

- बालमैत्री घर, समाज, समुदाय, गाउँर शहरकोलागि पैरवी गरिनेछ ।

## तेस्रो उद्देश्य (आफ्नो धारणा बनाउन सक्षम बालबालिकालाई निजसंग सम्वद्ध सबै विषयहरुमा आफ्नो विचार अभिव्यक्त गर्न पाउने अवसर दिन बाल सहभागिता अभिवृद्धि गर्ने) संग सम्बन्धित रणनीति

- बालबालिकाको सहभागिताको नाउँमा उनीहरुकोसमय र श्रमकोशोषण नहोस् भन्ने उद्देश्यले उचित र अर्थपूर्ण बाल सहभागिता बारे निर्देशिका तयार गरी समुदायमा पुग्नेगरी प्रचार-प्रसार गरिनेछ।

- विभिन्न शिक्षण-प्रशिक्षण संस्था (विद्यालय, विश्वविद्यालय, राष्ट्रिय न्यायिक प्रतिष्ठान, प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, प्रहरी प्रशिक्षण प्रतिष्ठान तथा सैनिक प्रशिक्षण प्रतिष्ठान, शिक्षक तालीम केन्द्र आदि)को पाठ्यक्रम तथा तालीम पाठ्यक्रममा बाल अधिकार तथा बाल सहभागिता विषयलाई समावेश गरिनेछ।

- राज्यका नीति, कानून एवम् सबैतहका न्यायिक, प्रशासनिक तथा सार्वजनिक सेवा प्रदायक निकायका कार्यविधि र निर्देशिकामा बालसहभागिताका आधारभूत मापदण्ड अनुसार परिमार्जन गर्नुका साथै आवश्यकता अनुसार नयां नीति, कानून र संरचनाहरुकोनिर्माण गरिनेछ।

- बालसहभागिता प्रवर्द्धन गर्न राज्यका न्यायिक, प्रशासनिक एवम् सार्वजनिक सेवा प्रदायक लगायत सबैक्षेत्र र तहका निकाय तथा पेशागत/व्यवसायिक समूहहरुको संस्थागत क्षमता सुदृढीकरण गर्ने र दातृनिकाय, सामाजिक संघसंस्था, सञ्चार माध्यम एवम् निजी क्षेत्रसँग कार्यमूलक समन्वय र सहकार्य गरिनेछ।

- बालबालिका सम्बन्धी लक्षित कार्यक्रमहरु सीमान्तीकृत स्थान र समूहमा सिधै प्रभाव पर्ने गरी र उनीहरुको प्रत्यक्ष संलग्नता र अपनत्व अभिबृद्धि हुने गरी सञ्चालन गर्न प्राथमिकता दिईनेछ।

- बालबालिका बारे छलफल गर्न र चेतना अभिवृद्धि गर्न समय समयमा "बाल संसद" र यस्तै अन्य फोरमको विकास गरी नेतृत्व विकासको अवसर प्रदान गरिनेछ र बाल सहभागिता अभिवृद्धि गरिनेछ।

## चौंथो उद्देश्य (बालबालिका प्रतिकोविभेद अन्त्य गर्ने) संग सम्बन्धित रणनीति

- वञ्चितीकरणमा परेका बालबालिकाको लागि तत्काल राहत सेवा प्रदान गर्ने व्यवस्था गरिनेछ

- विभेदबाट बालबालिकालाई जोगाउन विद्यमान कानूनमा आवश्यक सुधार गरिनेछ।

## पाँचौं उद्देश्य (बाल न्याय प्रणालीलाई सुदृढ गर्ने) संग सम्बन्धित रणनीति

- बालसम्पादनमा संलग्न न्यायाधीश, सामाजिक कार्यकर्ता र बाल मनोविज्ञ वा बाल विशेषज्ञलाई बाल न्यायका वारेमा समयानुकूल तालीम र प्रशिक्षणको व्यवस्था गरिनेछ।

- कुनैकसूरजन्य कार्यमा बालबालिका सहित उमेर पुगेका व्यक्ति संलग्न भएमा बालबालिकाको हकमा बाल अदालतबाट उमेर पुगेका व्यक्तिको हकमा छुट्टै मिसिल खडा गरी प्रचलित कानून बमोजिम मुद्दाको कारबाही र किनारा गर्ने व्यवस्था गरिनेछ।

- कानूनकोविवादमा परेका बालबालिकाकोसुधार र पुनर्स्थापना नभएसम्म राख्ने प्रयोजनकोलागि क्रमशः प्रत्येक जिल्लामा बाल सुधार गृहकोस्थापना गरिनेछ।

- बालबालिकाको फौजदारी दायित्व नहुने न्यूनतम उमेरको हदमा समयानुकूल सुधार गरिनेछ।

- बालबालिका सम्बन्धी कसूर हुन नदिन र कसूर भई हालेमा पनि कसूरदारलाई कानूनको दायरामा ल्याउने उद्देश्यले बालबालिका सम्बन्धी ऐन, नियमको वारेमा व्यापक प्रसार प्रचार गरिनेछ।

## मकवानपुर जिल्लाले पारित गरेको रणनीतिक योजना

मकवानपुर जिल्लाले २०६९ सालमै बालबालिका सम्बन्धी जिल्लाको रणनीति तयार पारेको थियो । थाहा नगरपालिकाको बालबालिकासम्बन्धी कार्ययोजना निर्माणका लागि उक्त रणनीति अहिले पनि उत्तिकै उपयोगी हुन सक्छ । महिला तथा बालबालिका कार्यालय मकवानपुर र जिल्ला बाल कल्याण समितिले तयार पारेको उक्त रणनीतिलाई यहाँ प्रस्तुत गरिएको छ।

## दुरदृष्टि, ध्येय, लक्ष्य

यस रणनीतिक योजनाका दुरदृष्टि,ध्येय र लक्ष्य निम्नानुसार छन् :

### दुरदृष्टि

हाम्रो सरोकार बाल अधिकार
बालमैत्री समाज दिगो विकासको पुर्वाधार

### ध्येय

बाल अधिकारको प्रवर्द्धनको, बाल संरक्षण र बाल विकासको दिगो पुर्वाधार निर्माणका लागि सरकारी, गैर सरकारी र निजी क्षेत्रबिचको सहकार्य र साझेदारीमा उचित वातावरण तयार गर्ने।

### लक्ष्य

वि.सं. २०७४ सम्ममा सरकारी, गैरसरकारी र निजी क्षेत्र तथा परिवार, समुदाय र आम नागरिक समाजको सहभागिता र साझेदारीमा वाल अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै दीगो विकासको पुर्वाधार तयार गर्न वालमैत्री समाजको निर्माण गर्नु।

### उद्देश्यहरु

सामान्य उद्देश्यहरु यस रणनीतिक योजनाका सामान्य उद्देश्यहरु यस प्रकार रहेका छन् :

१. बालबालिकाहरुका सबै प्रकारका अधिकारहरुको संरक्षण, सम्बर्द्धन एवम् प्रवर्द्धन गर्नु ।

२. बालबालिकाका विरुद्ध हुने सवै खाले दुर्व्यवहार,शोषण र भेदभावको अन्त्य गर्नु ।

३. बालबालिकाको लागि पोषण, बसोबास,शिक्षा,स्वास्थ्य लगायतका क्षेत्रमा बालमैत्री वातावरणको प्रवर्द्धन गर्नु ।

४. बालबालिकाहरुले प्राप्त गर्ने अवसर,सेवा र सुविधाको पहुँचमा बृद्धि गर्नु ।

## विशिष्ट उद्देश्यहरु

यस रणनीतिक योजनाका विशिष्ट उद्देश्यहरु यस प्रकार रहेका छन् :

१. सुरक्षित मातृत्व र जन्म दर्ता, पौष्टिक आहार,आवास,स्वस्थ वातावरण,स्वास्थ्योपचार, खोप,सफा खानेपानी लगायतका आधारभुत बाँच्न पाउने जन्मसिद्ध बालअधिकारका क्षेत्रमा गुणस्तरीय सेवा र सुविधाको पहुँचमा वृद्धि गर्ने ।

२. शिक्षा, मनोर;जन, खेलकुद, आराम,परिवारको मायाममता एवं स्याहारसुसार,जीवनपयोगी सीप तथा कला लगायतका शारीरिक, बौद्धिक,संवेगात्मक,सामाजिक र साँस्कृतिक विकासका लागि उचित वातावरण एवं सविधा र अवसरहरुको बृद्धि गर्ने ।

३. श्रम तथा यौन शोषण,भेदभाव,दुर्व्यवहार,अपहेलना,उत्पीडन,वेचविखन तथा ओसारपसार,हानिकारक काम तथा युद्धमा संलग्न हुनु पर्ने वाध्यता,परिवारका सदस्यबाट अलग्गिु पर्ने अवस्था एवं सबै किसिमको जोखिमयुक्त परिस्थितिबाट मुक्त रहन पाउने र संरक्षित हुन पाउने अधिकार र गोपनियता कायम राख्न पाउने अधिकारको सुनिश्चिताका लागि सरोकारवालाहरुको पहुँच बृद्धि गर्ने ।

४. बालबालिकाको अभिव्यक्तिको अधिकार,संघसंस्था खोल्न पाउने अधिकार, सुचना प्राप्त गर्न पाउने अधिकार,सामाजिक तथा साँस्कृतिक क्रियापलापमा भाग लिन पाउने अधिकार,आप्नो धर्म र भाषा प्रयोग गर्न पाउने अधिकार,शान्तिपुर्ण रुपमा भेला हुन पाउने अधिकार,संगठित हुन पाउने अधिकार र विभिन्न संस्था र कार्यक्रममा सहभागी हुन पाउने अधिकारको सुनिश्चतता गर्ने ।

५् अपाक्तता भएका बालबालिका,सडक बालबालिका,श्रमिक बालबालिका,एच.आइ.भी. र एड्स संक्रमित बालबालिका, शरणार्थी बालबालिका, विभिन्न कारणले पारिवारिक विछोड भएका बालबालिका,आमाबाबुको कारणबाट जेलमा रहेका बालबालिका, द्वन्द्व प्रभावित बालबालिका, जोखिममा परेका,अभिभावक विहीन,परित्यक्त बालबालिका र विशेष संरक्षणको आवश्यकता रहेका बालबालिका लगायत कठिन परिस्थितिका सवै बालबालिकालाई पहिचान गरी राहत दिने र उनिहरुका अधिकार प्रत्याभुत गर्ने ।

६. अपहरणमा परेका,हराएका र आन्तरिक विस्थापनमा परेका बालबालिकाको अभिलेख राख्न र खोजी कार्य गर्न सरकारी,गैरसरकारी र समुदायको स्तरमा जिल्लास्तरीय संयन्त्र निर्माण गर्ने ।

७. बालबालिकाको सम्बन्धमा यस जिल्लमामा प्रचलित परम्परागत हानिकारक अभ्यासहरु,प्रथाहरु,रुढीहरु र अन्धविश्वासहरु न्युनीकरण गर्नको लागि प्रभावकारी कदम चाल्ने ।

८. बालक्लव,बाल क्लब सञ्जाल र गाविस/ नगरस्तरका बाल संरक्षण समितिको निर्माण र विकासमा जोड दिदै बालबालिका सम्बन्धित निकायहरु र मांनम संसाधनको क्षमता विकास तथा सेवाको प्रभावकारिता र जवाफदेहिता अभिबृद्धि गर्ने ।

९. बालमैत्री संरचना निर्माण र विकासका लागि सरोकारवाला संघसंस्था,निकाय र समुदायकाबीच सहकार्य र साझेदारीको विकास गरी बालमैत्री वातावरणको अभिबृद्धि गर्ने ।

१०. बालसरोकारको अगुवा निकायको रुपमा रहेको जिल्ला बाल कल्याण समिति मकवानपुरको संस्थागत विकासका लागि आवश्यक सुचना र स्रोतसाधनयुक्त बनाई क्षमता सुदृढीकरण गर्ने ।

## रणनीतिक योजनाका आधारहरु

बालबालिकासम्वन्धी यस रणनीतिक योजनाका मुख्य आधारहरु देहाय बमोजिम छन् :

१. बाल अधिकारप्रवर्द्धन र बाल संरक्षण

२. बालमैत्री अवधारणा

३. साझेदारी अवधारणा

४. संस्थागत सुदृढीकरण

५. समन्वय तथा सहकार्य

६. स्थानीय साधनस्रोत र समुदाय परिचालन

७. बाल अध्ययन/अनुसन्धान

८. अनुगमन प्रणालिको विकास

९. कार्य क्षमता विकास

१०. न्याय सम्पादन

## मुख्य रणनीतिहरु

यस पञ्चवर्षीय रणनीतिक योजनामा निम्नलिखित मुख्य रणनीतिहरु अबलम्वन गरिएको छ :

१) बालबालिकाको आधारभुत अधिकारको प्रवर्द्धन र अधिकार प्राप्तिको पहुँचमा बृद्धि

- बालबालिकाका बाँच्न पाउने,बाल संरक्षण,बाल विकास र बाल सहभागिता जस्ता आधारभुत बाल अधिकारको प्रवर्द्धनका लागि अधिकारमुखी दृष्टिकोण अवलम्वन गरिने छ।

- बाल संरक्षणसम्वन्धी सवै खाले सवालहरुको साङ्गोपाङ्गो निरुपण गरी सामाजिक कल्याण,न्याय प्रणालीमा सुधार र सामाजिक व्यवहार परिवर्तन ल्याउन सबै निकायहरुलाई जिम्मेवार बनाइने छ। बालबालिकाको लागि आवश्यक सेवाहरुको गुणस्तर र पहुँच बृद्धि गरिने छ।

- द्धन्द्ध प्रभावित,अति विपन्न परिवार र सडक वालबालिकाको लागि साक्षरता र साक्षरोतर तथा जीवनोपयोगी अनौपचारिक शिक्षा कार्यक्रमलाई अभियानको रुपमा स;चालन गरिने छ।

- शिक्षाबाट कोही पनि व;िचत हुन नदिन भर्ना सचेतना अभियान स;चालन गरी राज्यले प्रदान गरेको माध्यमिक तहसम्मको निशुल्क शिक्षालाई प्रवर्द्धन गरिने छ।

- राज्यले द्धन्द्ध पीडित बालबालिकाको लागि गरेको कोटा निर्धारण स्थानीय स्तरमा कार्यान्वयन भए नभएको अनुगमन गरिने छ। विद्दालयमा शैक्षिक तथा खेलकुद सामाग्री वितरण गरिने छ। बालबालिकाको लागि विद्दालय स्वास्थ्य कार्यक्रमहरु र स्वास्थ्य शिविरहरु स;चालन गरिने छ।

- एच . आई. भी. र एड्सका नियन्त्रणका लागि जनचेतनामुलक कार्यक्रमहरु स;चालन गरिने छ। पौष्टिक आहार वितरणलाई विद्दालय भर्नासँग जोडेर स;चालन गर्ने नीति लिइनेछ

- खोप,जन्मदर्ता,सुरक्षित मातृत्व, सफा खानेपानी र सरसफाइका सम्वन्धमा समुदाय चेतना अभिबृद्धिमा जोड दिइने छ।

- बाल यौन शोषण,निकृष्ट बालश्रम,दुर्व्यवहार,उत्पीडन जस्ता कार्यलाई निरुत्साहित गर्न समुदायस्तरमा चेतना अभिबृद्धि तथा कानुनि उपचार प्रदान गरिने छ।

- अपाङ्गता भएका र जोखिममा परेका बालबालिका लाई विशेष संरक्षण र प्राथमिकता दिने नीति अबलम्वन गरिने छ।

- परित्यक्त, हेलचेक्राई र उपेक्षित बालबालिकाको लागि पारिवारिक समायोजनलाई प्राथमिकता दिदै आवश्यक परे पुनर्स्थापनाको लागि सिफारिस सहित व्यवस्था गरिने छ।

- बालबालिकाको आपतकालिन उद्धार,राहत,संरक्षण तथा परामर्श सेवाको लागि नेपाल सरकार महिला,बालबालिका तथा समाज कल्याण मन्त्रालय, नेपाल दुरसंचार प्राधिकारणको सहकार्यमा सिविन नेपालद्धारा संचालित बाल हेल्पलाइन नेपालको पैसा नलाग्ने फोन १०९८ (दश(नौ(आठ) मा बालबालिकाको पहुँच अभिवृद्धि गरिने छ।

## २) बालमैत्री वातावरणको प्रवर्द्धन

- बालमैत्री अवधारणा स्थापित गर्न गाविस, नगरपालिका, स्वास्थ्य संस्था र विद्यालय सचेतना अभियान स;चालन गरिने छ।
- बालमैत्री संरचना निर्माण र विकासको लागि सरोकारवाला संघसंस्था,निकाय र समुहकाबीच समन्वय र सहकार्य गरी संस्थागत क्षमता अभिबृद्धि गर्ने नीति अबलम्वन गरिने छ।
- अन्य क्षेत्र तथा जिल्लामा भएका बालमैत्री गतिविधिलाई असल अभ्यासका रुपमा ग्रहण गर्ने पद्धतिको विकास गरिने छ।
- बालमैत्री गतिविधिलाई असल अभ्यासका रुपमा ग्रहण गर्ने पद्धतिको विकास गरिने छ।
- बालमैत्री गाविस र विद्यालय निर्माणका न्युनतम पुर्वाधार तयार पारिने छ।

## ३) समन्वय,सहकार्य र साझेदारी

- बालबालिकासम्वन्धी सरोकारवाला सरकारी,गैरसरकारी र निजी क्षेत्रकाबीच समन्वय र सहकार्य विकास गरी कार्य क्षमता प्रभावकारी बनाइने छ साथै साझेदारी अवधारणाको प्रवद्धन गरिने छ।
- बालबालिकासँग प्रत्यक्ष सम्वन्ध राख्ने संघसंस्था र निकायहरुको संस्थागत सुदृढीकरण गरी पारदर्शीता र जवाफदेहितामा बृद्धि गरिने छ।
- बाल सरोकारका सबै क्षेत्रमा पहुँच बिस्तार गर्दै आम संचार माध्यमसँगको सहकार्य र क्रियाशीलतामा बृद्धि गरिनेछ।
- बालबालिका स;जाल,गैससहरु,नागरिक समाज र सबै आन्तरिक र बाहृय निकायहरुबीच समन्वय,सहयोग र सहकार्यमा जोड दिइने छ।
- मुख्य कार्यक्रम कार्यान्वयन गर्दा प्रमुख साझेदार निकायको सहभागिता सुनिश्चित गरिने छ।

## ४) विकास र सहभागिता

- बालबालिकाको शारीरिक,बौद्धिक,सामाजि,साँस्कृतिक तथा संवेगात्मक विकासका लागि आवश्यक सुविधा,अवसर तथा वातावरणका बृद्धि गरिने छ।
- अर्थपुर्ण बाल सहभागितामा बृद्धि गर्न सरोकारवालाको चेतना बृद्धिमा ध्यान दिइने छ।

- बाल सहभागितामा बृद्धि गर्न बाल क्लब,बाल स;जाल र स्थानीय बाल संरक्षण समिति गठन र उनिहरुको भुमिका स्पष्ट पारिने छ बालबालिकाको अभिव्यक्ति,संस्था खोल्न पाउने र सुचना प्राप्त गर्ने अधिकार प्रत्याभुत गर्ने आधारहरु निर्माण गरिने छ।

## ५) स्थानीय साधनस्रोतको अधिकतम परिचालन र संस्थागत सुदृढीकरण र विकास

- बाल अधिकारको संरक्षण र प्रवर्द्धन एवं बाल विकासको लागी स्थानीय तहका सरकारी, गैर सरकारी,निजी संघसंस्था, निकाय र व्यवसायिक क्षेत्रसँग रहेका आर्थिक,मानवीयर र प्राविधिक साधनस्रोतको पहिचान र परिचालनमा जोड दिइने छ।
- सेवा प्रदायी क्षेत्रको मानव संसाधनलाई आवश्यक पर्ने क्षमता विकासको लागि जोड दिइने छ।
- संस्थागत सृदृढीकरण नै बाल विकासको आधार भएको हुनाले सम्वद्ध निकायलाई साधनस्रोत सम्पन्न बनाउने नीति अवलम्वन गरिने छ।

## ६) सचेतनामुलक प्रचारात्मक अभियानमा समुदायको परिचालन

- सचेतनामुलक अभियानको साध्य र साधन दुबै समुदाय नै हो भन्ने अवधारणाको विकास गरिने छ।
- चेतना अभिबृद्धिमा स्थानीय निकाय, समुदाय, विद्दालय, बाल संरक्षण समिति र सामुदायिक संघसंस्थाहरुको समुचित परिचालन गरिने नीति अवलम्वन गरिने छ।
- लक्षित कार्यक्रमहरु सोभै सेवाग्राहीका लागि कार्यान्वयन गरिने छ।

## ७) सम्बद्ध निकायहरु र मानब संसाधनको क्षमता विकास

- योजना तर्जुमा कार्यान्वयन, अनुगमन, मुल्यांकन र प्रतिफल वितरण जस्ता प्रकृया पूरा गर्दा बाल अधिकारमुखी दृष्टिकोण अवलम्वन गरिने छ।
- सेवाग्राहीलाई गुणस्तरीय अधिकतम सेवा प्रदान गर्न सम्बद्ध सबै निकाय,संघसंस्था, बालक्लब र स;जालहरुलाई तालिम,गोष्ठी एवं आर्थिक र प्राविधिक सहयोग उपलव्ध गराइने छ।

## ८) गुणस्तरीय कार्य सम्पादनको सुनिश्चितता

- कार्यक्रमबाट अधिकतम उपलब्धी हासिल गर्न गुणात्मक तथा संख्यात्मक सुचक प्राप्तिलाई गुणस्तर प्राप्तीको आधार मानिने छ।
- हरेक कार्यकलापहरुमा सरोकारवाला र लक्षित समुदायको,सल्लाह र सहभागितामा जोड दिइने छ कार्यक्रमको गुणस्तरीयता मापन गर्न अनुगमन तथा मुल्यांकन विज्ञहरुको सहयोग लिइने छ।

- कार्यक्रमको गुणस्तरीयता र प्रभावकारिता मापन गर्न अनुगमन तथा मुल्यांकन विज्ञहरुको सहयोग लिइने छ।

- कार्यक्रमको गुणस्तरीयता र प्रभाकारिता मापनका लागि कार्यक्रमको अन्तमा सामाजिक लेखा परिक्षण जस्ता मापन संयन्त्रको उपयोग गर्ने नीति लिइने छ।

## ९) बाल न्यायको सुनिश्चितता

- बाल अधिकारलाई बाल न्यायसँग पुर्णत आवद्ध गर्ने नीति अवलवन गरिने छ। जिल्ला अदालतमा व्यवस्था भएको बाल विशेषज्ञलाई समयानुकुल थप क्षमता अभिबृद्धिका लागि प्रशिक्षण र तालिमको व्यवस्था मिलाइने छ।

- कानुनसँग विवादमा परेका बालबालिकको मुद्धा, अनुसन्धान, सुनुवाइ र फैसला लगायतका प्रकृयामा उनिहरुको सर्वोतम हितको रक्षा गर्ने र समग्र न्यायमा विलम्व नगर्ने संयन्त्र बनाइने छ।

## १०) पारदर्शीता र जवाफदेहिता अभिवृद्धि

- नीति निर्माण, कार्यक्रम स;चालन, स्रोत परिचालन र प्रतिफल वितरणमा सम्वद्ध निकायहरुबीच पारदर्शीता कायम गरिने छ।

- प्रत्येक क्रियाकलापलाई लक्षित समुहप्रति जवाफदेही बनाइने छ।

- विभिन्न सम्वद्ध निकायहरुबीचको समन्वय र सहकार्यमा जोड दिदै सुशासनलाई अभिबृद्धि गरिने छ।

## ११) सहभागितामुलक एवं प्रभावकारी अनुगमन तथा मुल्यांकन प्रणालीको विकास

- सबै सरोकारहरुको पारस्पारिक सहयोग र समन्वयमा कार्यक्रम सम्पन्न गर्न नीतिगत र कार्यगत सहभागितामा विशेष जोड दिइने छ।

- कार्यक्रम कार्यन्वयनको अन्तिम चरणमा मात्र अनुगमन तथा मुल्यांकन गर्ने प्रचलनलाई दुरुत्साहित गर्दै प्रत्येक चरणमा अनुगमन गर्ने प्रणालीको विकास गरिने छ।

## १२) बालबालिकाको क्षेत्रमा अध्ययन तथा अनुसन्धान

- जिल्लामा बालबालिकाको हरेक पक्षमा कम मात्र अनुसन्धान भएको सन्दर्भमा बाल अनुसन्धानलाई तीब्रता दिने नीति अवलम्वन गरिने छ।

- यसका लागि अध्ययन तथा अनुसन्धान सेल निर्माण गरी सामाजिक अनुसन्धानकर्तालाई सेवा सुविधासहित परिचालन गरिने छ।

- अनुसन्धानको निष्कर्षलाई तत्काल कार्यक्रममा समावेश गरी कार्यान्वयनमा ल्याउन नीतिगत व्यवस्था गरिने छ।

## १३) जिल्ला बाल कल्याण समितिको सुदृढीकरण

- बालसरोकारको अगुवा निकायको रुपमा रहेको जिल्ला बाल कल्याण समितिको संस्थागत विकास र सुदृढीकरण गरिने छ।

- यसलाई एक आधुनिक बाल सुचना केन्द्रका रुपमा विकास गर्न आवश्यक पुर्वाधार निर्माण गरिने छ।

## १४) बाल हेल्पलाइन नेपाल १०९८ (दश-नौ-आठ) को प्रवर्द्धन

- बालबालिकाको आपतकालिन उद्धार, राहत,संरक्षण तथा पुनर्स्थापना सेवाका लागि बाल हेल्पलाइन स;चालन कार्यविधि २०६४ अनुसार नेपाल सरकार, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, नेपाल दुरस;चार प्राधिकरण तथा सिविन नेपालद्धारा सञ्चालित बाल हेल्पलाइन नेपाललाई प्रबर्द्धन गरिनेछ।

## कार्यान्वयन नीति

बालबालिकासम्वन्धी अन्तर्राष्टिय तथा राष्ट्रिय महासन्धी, घोषणा, एन,रणनीति र नीति अनुरुप बालमैत्री वातावरणको प्रवर्द्धनको लागि र जिल्लाका बालबालिकाको समग्र विकास र प्रगतिका लागि यो रणनीतिक योजनालाई कार्यान्वयन गर्न सम्वन्धित निकायहरुबाट उच्च प्रतिवद्धताको सुनिश्चितता आवश्यक छ। यसका साथै सफल कार्यान्वयनका लागि सरकारी, गैरसरकारी र नीजि क्षेत्रको महत्वपुर्ण भुमिका रहेको छ। यसको कार्यान्वयनका क्रममा मुलत : साधन स्रोतको परिचालन, समन्वय र सहकार्य, सहभागिता, मानव संसाधनको क्षमता विकास, अनुगमन र मुल्यांकनका लागि निम्नानुसार नीतिहरु अबलम्बन गरिनेछन् :

१ ) बालबालिकासँग सम्वधित सबै क्षेत्रहरुमा कार्यक्रम र स्रोतको न्यायोचित बाँडफाँड गरिने छ।

२) विपन्न , जोखिमयुक्त, असहाय, अपाङ्गता भएका एवं आदिवासी/जनजाति,दलित,लोपोन्मुख बालबालिकालाई कार्यक्रमको प्राथमिकतामा राखिने छ।

३) सरकारी निकाय, गैरसरकारी संघसंस्था, बालक्लब र स;जालहरु, महिला समुह तथा नागरिक समाज समेतसँगको सहकार्य र साझेदारीलाई बढावा गरिने छ।

४) बालबालिकाको क्षेत्र सम्वद्ध मानव संसाधनको क्षमता विकासलाई प्राथमिकता दिइने छ।

५) बालमैत्री संरचना निर्माणमा जोड दिदै उचित बालमैत्री बातावरणको स्थापनाका नीतिगत व्यवस्था गरिने छ।

६) सहभागितात्मक अनुगमन तथा मुल्यांकन प्रकृयालाई सुदृढ बनाइने छ।

७) कार्यक्रमको कार्यान्वयन पक्षलाई गुणस्तरीय र पारदर्शी बानाइने छ।

८) यस रणनीतिक योजनालाई केन्द्रमा राखी एक जिल्लास्तरीय कार्यविधि/निर्देशिका तयार पारिने छ।

## २.७ मुख्य क्रियाकलापहरु

### उद्देश्य : १

- सुरक्षित मातृत्व र जन्म दर्ता, पौष्टिक आहार,आवास, स्वस्थ वातावरण, स्वास्थ्योपचार, खोप,सफा खानेपानी लगायतका आधरभुत बाँच्न पाउने जन्मसिद्ध बालअधिकारका क्षेत्रमा गुणस्तरीय सेवा र सुविधाको पहुँचमा वृद्धि गर्ने।

### क्रियाकलापहरु

१) सुरक्षित मातृत्व र जन्म दर्ता, पौष्टिक आहार,आवास,स्वस्थ वातावरण, स्वस्थ्योपचार,खोप,सफा खानेपानी र सरसफाईसम्वन्धी चेतनामुलक कार्यक्रम अन्तर्गत घरदैलो अभियान स;चालन गर्ने, गराउने।

२) जनचेतना अभिबृद्धि गर्न खोप, जन्म दर्ता र सरसफाइ वारेमा प्रचार सामाग्री तयार गरी सञ्चार माध्यममा प्रसारण र वितरण गर्ने।

३) पौष्टिक आहार वितरणलाई विद्यालय भर्नासँग जोडेर निरन्तरता दिनका लागि सम्वन्धित सरकारी निकायसँग समन्वय गरी वितरण व्यवस्था मिलाउने।

४) जिल्ला स्वास्थ्य कार्यलय तथा अन्य निजी स्वास्थ्य संस्थासँग समन्वय गरी दुर्गम गाविसहरुमा स्वास्थ्य शिविरहरु स;चालन गर्ने, गराउने।

५) जिल्लामा स;चालित बालगृहहरु नेपाल सरकारको न्यनतम मापदण्ड अनुरुप भए नभएको जानकारी लिन जिल्लास्तरीय संयन्त्र निर्माण गरी नियमित अनुगमन तथा मुल्याङ्कन गर्ने।

## उद्देश्य : २

- शिक्षा, मनोर;जन, खेलकुद,आराम, परिवारको मायाममता एवं स्याहारसुसार, जीवनोपयोगी सीप तथा कला लगायतका शारीरिक,बौद्धिक,संवेगात्मक,सामाजिक र साँस्कृतिक विकासका लागि उचित वातावरण एवं सुविधा र अवसरहरुको बृद्धि गर्ने ।

## क्रियापलापहरु

१) विद्यालय भर्ना नभएका बालबालिकाको तथ्यांक संकलन गर्न जिल्ला शिक्षा कार्यलय, गाविस,र नगरपालिकासँग सहकार्यका लागि पहल गर्ने ।

२) विद्यालय भर्नाको लागि प्रचारप्रसार सामाग्री निर्माण गरी स;चार गरी वितरण गर्ने तथा जनचेतनामुलक कार्यक्रम स;चालन गर्ने गराउने ।

३) अनौपचारिक शिक्षा कार्यक्रमहरु स;चालन गर्न सम्वन्धित निकायहरुसँग आवश्यक पहल गर्ने ।

४) विद्यालयहरुको अवस्था पहिचान गरी खेलकुद तथा मनोर;जन सामाग्रीहरु वितरण गर्ने ।

५) जीवनपयोगी सीप, कला तथा बौद्धिक विकासका लागि विद्यालयस्तरीय खेलकुद,हाजिरी जवाफ,वक्तृत्वकला,चित्रकला आदि उपयुक्त क्रियाकलापहरु सञ्चालन गर्ने ।

६) बालक्लब तथा सञ्जालहरुमा आवद्ध भएका बालबालिकाको क्षमता अभिवृद्धि र जीवन उपयोगी सीप विकास गर्न बालपत्रकारिता तालिम तथा अध्ययन भ्रमणको व्यवस्था गर्ने ।

७) बालगृहमा पारिवारिक वातावरण भए नभएको नियमित अनुगमन र मुल्यांकन गरी सुधारका लागि पहल गर्ने ।

८) “बालबालिका शान्ति क्षेत्र हुन्” भन्ने अवधारणालाई कार्यान्वयन तहमा पुऱ्याउन सम्वन्धित निकायमा पहल गर्ने ।

## उद्देश्य : ३

- श्रम तथा यौन शोषण,भेदभाव,दुर्व्यवहार, अपहेलना,उत्पीडन, वेचविखन तथा ओसारपसार, हानीकारक काम तथा युद्धमा संग्लन हुनु पर्ने वाध्यता,परिवारका सदस्यबाट अलग्गिनु पर्ने अवस्था एवं विविध जोखिमयुक्त परिस्थितिबाट मुक्त रहन पाउने र संरक्षित हुन पाउने अधिकार र गोपनीयता कायम राख्न पाउने अधिकारको सुनिश्चितताको लागि सरोकारवालाहरुको पहुँच बृद्धि गर्ने र बालन्यायका लागि पहल गर्ने ।

## क्रियाकलापहरु

१) बालश्रम हुने क्षेत्रको पहिचान गर्ने र बालश्रमिकहरुको तथ्याङ्क अपडेट गरी वार्षिक रुपमा प्रकाशित गर्ने ।

२) बालश्रमका विरुद्ध जनचेतनामुलक कार्यक्रम स;चालन गर्ने र प्रचार सामाग्रीको निर्माण गरी वितरण गर्ने ।

३) शहरी तथा हाइवे क्षेत्रमा विभिन्न होटेल,रेष्टुरेन्ट, बस टेम्पो आदि निकृष्ट कार्यहरुमा कार्यरत कानुनले तोके अनुसार १४ वर्ष मुनिका बालबालिकालाई उद्धार गरी पारिवारिक समायोजन गर्ने वा बालगृहमा राख्ने व्यवस्था मिलाउने ।

४) कानुनले समान्य श्रम गर्न छुट दिएका १६ वर्ष माथिका बालश्रमिकको दर्ता सम्बन्धित श्रम कार्यलयमा गर्ने र सोको अभिलेखीकरण श्रमिक बालबालिका रहेबसेको गाविस / नगरपालिकामा गराई स्वीकृति लिने अभ्यास गर्ने ।

५) बालयौन शोषणको वास्तविक अवस्था पता लगाउन औपचारिक रुपमा नै अनुसन्धान कार्य प्रारम्भ गर्ने गराउने ।

६) बालयौन दुव्यवहार, भेदभाव,अपहेलना,वेचविखन जस्ता कार्यलाई नियन्त्रण गर्न प्रचारप्रसार सामाग्री निर्माण गरी वितरण गर्ने तथा जनचेतनामुलक कार्यक्रमहरु स;चालन गर्ने गराउने ।

७) महिला तथा बालबालिका कार्यलयको समन्वयनमा गाविस र नपा का वडा स्तरमा किशोरी जनजागरण समुह गठन गरी बाल बिबाह, यौन दुर्व्यवहार लगाएतका बाल सवालहरुमा प्रशिक्षण दिने

८) पुनर्स्थापना केन्द्रहरुको क्षमता अभिबृद्धि गर्न दातृ निकायहरुसँग पहल गर्ने र युद्ध प्रभावित,पारिवारिक विछोड भएका र सडकमा रहेका बालबालिकाको क्रमशः पुनर्स्थापना गर्दै लैजाने

९) बालन्यायको प्रत्याभुति गर्न आवश्यक नीति, कानुन र कार्यविधि निर्माण गरी कार्यन्वयनको लागि पैरवी गर्ने ।

उद्देश्य : ४

- बालबालिकाको अभिव्यक्तिको अधिकार, संघसंस्था खोल्न पाउने अधिकार, सुचना प्राप्त गर्न पाउने अधिकार, सामाजिक तथा साँस्कृतिक क्रियाकलपमा भाग लिन पाउने अधिकार,आप्नो धर्म र भाषा प्रयोग गर्न पाउने अधिकार, शान्तिपुर्ण रुपमा भेला हुन पाउने अधिकार, संगठित हुन पाउने अधिकार र विभिन्न संस्था र कार्यक्रममा सहभगी हुन पाउने अधिकारको सुनिश्चता गर्ने ।

## क्रियाकलापहरु

१) बालसहभागिता अभिबृद्धि गर्नको लागि तत्काल जिल्लास्तरमा बालसंरक्षणमा आधारित नीतिगत कार्य ढाँचा निर्माण गरी कार्यन्वयन गर्ने ।

२) बालबालिकाको हकअधिकारको प्रवद्धन गर्न जिल्लाको सम्बन्धित सरकारी कार्यलय,स्थानीय निकाय,गैर सरकारी संघसंस्था तथा नीजि क्षेत्रलाई आवश्यक पर्ने प्राविधिक ज्ञान, जनशक्ति एवृम विशेषज्ञ सेवा उपलव्ध गराउने ।

३) जिल्ला बाल कल्याण समितिले जिल्लाभर स;चालित बालक्लवहरुको सुचीकरण गरी तथ्यांक अद्यावधिक गर्ने ।

४) गाविस र नगर क्षेत्रमा बालक्लब, बालक्लब स;जाल र बालसंरक्षण समितिहरु गठन गरी तिनको क्षमता अभिबृद्धि गर्न सहयोग उपलव्ध गराउने ।

५) गाविस र नगरस्तरमा क्रियाशील बालक्लव,बिद्यालयस्तरका बालक्लब,बालक्लब स;जालको क्षमता अभिवृद्धि एवृम परिचालनका लागि नीतिगत व्यवस्था गरी आवश्यक आर्थिक र प्राविधिक सहयोग गर्ने

६) जिल्लाका बालसरोकारका गोष्ठी, सभा, सम्मेलन, तालिम जस्ता कार्यक्रमा बालबालिकाको प्रतिनिधित्व,सहभागिता र सक्रियताको व्यवस्था मिलाउने ।

## उद्देश्य : ५

- अपाङ्गता भएका बालबालिका,सडक बालबालिका, श्रमिक बालबालिका,एच.आइ.भी. र एड्स संक्रमित बालबालिका, शरणार्थी बालबालिका,विभिन्न कारणले पारिवारिक विछोड भएका बालबालिका, आमाबुबाको कारणबाट जेलमा रहेका बालबालिका,द्धन्द्ध प्रभावित बालबालिका, जोखिममा परेका,अभिभावक विहीन र विशेष संरक्षणको आवश्यकता रहेका बालबालिका लगायत कठिन परिस्थितिका सबै बालबालिकाको पहिचान गरी अधिकार र संरक्षण प्रत्याभुत गर्ने ।

## क्रियाकलापहरु

१) विशेष संरक्षण आवश्कता परेका बालबालिकालाई विद्यालय पठाउन राहतमुलक तथा चेतनामुलक अभियान स;चालन गर्ने ।

२) बालयौन शोषण,हिंसा र दुर्व्यवहारलाई न्युनीकरण गर्नका लागि चेतनामुलक अभियान स;चालन गर्ने र कानुनी उपचारको लागि सहयोग पुर्‍याउने ।

३) सडक बालबालिकाको लागु औषधको रुपमा प्रयोग रोक्न र सहज बिक्री वितरण गर्न नदिन कानुनी कडाईका लागि सम्वन्धित निकायसँग पहल गर्ने र बालबालिका लाई यस्ता पदार्थको बिक्री वितरण नर्गन सम्बन्धित सबैमा जनचेतना अभिबृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्ने ।

४) आर्थिक रुपमा विपन्न परिवारका र श्रमको लागि उमेर पुगेका बालबालिकालाई लक्षित गरी आयआर्जन तथा सीप विकास तालिमको व्यवस्था गर्ने ।

५) अपाङ्गता मैत्री सामाजिक (साँस्कृतिक बातावरण तयार गर्न समुदायमा जनचेतना जागरण अभियान सञ्चालन गर्ने र यस्ता बालबालिकालाई समुदायस्तरमा नै परिचय ) पत्र वितरण गर्न अभियान सञ्चालनका लागि पहल गर्ने ।

६) अति विपन्न परिवारका बालबालिकालाई शैक्षिक सहयोग कार्यक्रम अन्तर्गत छात्रवृतिकोष स्थापना गर्ने र त्यस कोषबाट शैक्षिक सामग्रीहरु वितरण गर्ने ।

७) एच. आइ. भी. र एड्स संक्रमित बालबमलिकाको अधिकार प्रत्याभुत गर्न प्रत्येक गाविस र नपामा एच. आइ.भी ./ एड्ससम्वन्धी जनचेतना र सतर्कता अभियान सञ्चालन गर्ने ।

८) प्रत्येक विद्यालयमा एच. आइ. भी./ एड्स सम्वन्धी तालिम, गोष्ठी र छलफल कार्यक्रमहरु सञ्चालन गर्ने ।

## उद्देश्य : ६

- अपहरणममा परेका,हराएका, बेचबिखनमा परेका र आन्तरिक विस्थापनमा परेका बालबालिकाहरुको विस्तृत अभिलेख राख्न र खोजी कार्य गर्न र जिल्लास्तरीय संयन्त्र तयार पार्न ।

## क्रियाकलापहरु

१) अपहरणमा परेका, हराएका, बेचबिखनमा परेका र आन्तरिक विस्थापनमा परेका बालबालिकाको पहिचान गरी उद्धार र पुनर्स्थापना गर्ने ।

२) अपहरणमा परेका , हरएका  र बेचिएका बालबालिकाको विस्तृत अभिलेखीकरण गर्ने ।

३) जिल्लाका अपहरणमा परेका, हराएका र बेचिएका बालबालिकाको सुचना प्राप्त गर्न र समन्वय एवं सहकार्य बढाउन अन्य जिल्लाका बालकल्याण समितिसँग सम्पर्क बृद्धि गर्ने ।

## उद्देश्य : ७

- बालबालिकाको सम्वन्धमा यस जिल्लामा प्रचलित परम्परागत हानिकारक अभ्यासहरु,प्रथाहरु,रुढीहरु र अन्धविश्वासहरु न्युनिकरण गर्नका लागि प्रभावकारी कदम चाल्ने ।

## क्रियाकलापहरु

१) बालविवाहलाई पुर्णत उन्मुलन गरी मकवानपुरलाई बालविवाह मुक्त जिल्ला घोषणा गर्न गाउँगाउँमा, सुकुम्वासी बस्तीहरुमा, टोलटोल र विद्यालयस्तरमा" बालविवाह कानुनी अपराध हो , यसको रोकथाम गरौ बाल विवाह मुक्त जिल्ला घोषणा गर्न सबै मिलि काम गरौ" भन्ने नाराका साथ जनजागरण एवं सचेतनामुलक अभियान स;चालन गर्ने ।

२) बालविवाहका बारेमा बाल संरक्षण समिति, बालक्लब र बालक्लब स;जालहरुलाई संगठित हुने प्रेरणा प्रदान गर्न गोष्ठी र तालिमलाई गाविसस्तरमा विस्तार गर्ने ।

३) बालविवाहसम्बन्धी अन्तरक्रिया, वक्तृत्वकला, नाटक/सडक नाटक कार्यक्रमहरु सम्पन्न गर्ने ।

४) बालविवाह गर्ने गराउनेलाई सामाजिक तथा कानुनि दण्डलाई प्रभावकारी बनाउन प्रहरी प्रशासनमा पहल गर्ने ।

५) रजस्वला हुँदा बार्ने /छाउपडी प्रथामा सुधार ल्याई किशोरीहरुको स्वास्थमा सुधारका लागि अभिभावक चेतना बृद्धि गर्ने कार्यक्रमहरु स;चालन गर्ने ।

६) घरेलु बालश्रम, घरेलु बालहिंसा र लैगिक बालविभेद र बालबालिका उपर हुने भेदभावको अन्त्यका लागि त्यससम्वन्धी प्रचार सामाग्री तयार गरी प्रशाारण एवं वितरण गर्ने ।

७) छोरालाई बढी महत्व दिई गर्भावस्थामा छोरी भएको पहिचान पश्चात् गर्भपतन गराउने प्रचलन अन्त्यको लागि कानुनी सक्रियताको लागि प्रहरी प्रशासन लगायतकलाई पहल गर्ने ।

## उद्देश्य : ८

- बालक्लब, बालक्लब सञ्जाल र गाविस /नपास्तरका बाल संरक्षण समितिको गठन गरी तिनको सुदृढीकरण गर्दै कार्यरत बालबालिका सम्वन्धित निकायहरुको मानव संसाधनको क्षमता विकास तथा सेवाको प्रभावकारिता र जवाफदेहिता अभिबृद्धि गर्ने ।

## क्रियाकलापहरु

१) गाविस र नगरस्तरका बाल संरक्षण समिति गठन गर्ने र गठित समितिहरुलाई बाल संरक्षणसम्वन्धी तालिम तथा प्रशिक्षण दिने ।

२) जिल्लास्तरमा बालक्लब सञ्जालहरु इलाका, गाँउ, समुदाय र विद्यालयस्तरमा बाल क्लबहरु गठन प्रकृयाको समाप्ती पश्चात क्लबका मुख्य पदाधिकारीहरुलाई बाल अधिकार र बाल विकाससम्वन्धी तालिम दिने ।

३) नियमित अनुगमन र मुल्यांकनको परिपाटी विकास गरी जिल्लाबाट उत्कृष्ट कार्य सम्पादन गर्ने बालक्लव, बालक्लब स;जाल र गाउँ / नगर स्तरका बाल संरक्षण समितिलाई वर्षमा एकपटक पुरस्कृत गर्ने ।

४) बाल क्लब, बालक्लब सञ्जाल र गाउँ / नगर बाल संरक्षण समितिलाई रचनात्मक, सृजनात्मक एवं बौद्धिक क्रियाकलाप स;चालनको लागि वार्षिक आर्थिक सहयोग / बजेट व्यवस्था गर्न सम्वन्धित निकायमा पहल गर्ने ।

## उद्देश्य : ९

- बालमैत्री संरचना निर्माण र विकासका लागि सरोकारवाला संघसंस्था, निकाय र मुदायकाबीच सहकार्य र साझेदारीको विकास गरी बालमैत्री वातावरणको अभिबृद्धि गर्ने ।

## क्रियाकलापहरु

१) जिविस, नगरपालिका,जिशिका,बालकल्याण समिति, महिला तथा बालबालिका कार्यलय,सम्वद्ध गैसस लगायतका निकाय र संघसंस्थासँग सहकार्य गरी फाखेल, कोगटे लगायतका ५ वटा गाविसलाई बालमैत्री गाविसको रुपमा विकास गर्न आवश्यक पुर्वाधार निर्माण गर्ने (गाविसहरुको नाम कार्यविधि/निर्देशिका निर्माण संयन्त्रले तोक्ने छ ।

२) विद्यालय, अस्पताल, सिनेमा हल, रेष्टुरेन्ट, सार्वजनिक यातायात जस्ता क्षेत्रमा बालमैत्री संरचना र वातावरण निर्माण गर्न सम्वन्धित निकायमा पहल गर्ने ।

## उद्देश्य : १०

- बालसरोकारको अगुवा निकायको रुपमा रहेको जिल्ला बाल कल्याण समिति मकवानपुरको संस्थागत विकास गर्न आवश्यक सुचना र स्रोत/ साधनयुक्त बनाई क्षमता सुदृढीकरण गर्ने ।

## क्रियाकलापहरु

१) बालसरोकारको अगुवा निकायको रुपमा रहेको जिल्ला बाल कल्याण समिति मकवानपुरको आफ्नै भवनमा कार्यलय स;चालन गर्ने ।

२) जिल्ला बाल कल्याण समितिको कार्यलयको भैतिक संरचना सुदृढीकरणका लागि आवश्यक थप फर्निचर, तालिम सामाग्री, कम्प्युटर, प्रोजेक्टर आदि सामाग्री र उपकरणको व्यवस्था गर्ने तथा आवश्यक मानवीय स्रोत थप गर्ने ।

३) जिल्ला बाल कल्याण समितिलाई बाल सुचना केन्द्रका रुपमा विकास गर्न वेब साइट, पुस्तकालय र अध्ययन कक्षको निर्माण गर्ने ।

४) रणनीतिक कार्यक्रमलाई समेटी जिल्ला बाल कल्याण कार्यविधि निर्माण गर्ने ।

५) जिल्ला बाल कल्याण समितिका पदाधिकारी तथा कर्मचारीको सीप तथा क्षमता अभिबृद्धि गर्न तालिम, कार्यशाला, गोष्ठी र अध्ययन भ्रमणको व्यवस्था गर्ने ।

## परिच्छेद -५
## जन्म दर्ता तथा बालविवाहको अवस्था

### जन्मदर्ताको अवस्था

आफ्नो पहिचान पाउनु प्रत्येक बालबालिकाको अधिकार हो । बालबालिकाले जन्मनेवित्तिकै उसको नाम र राष्ट्रियताको पहिचान पाउनुपर्दछ। नेपालको संविधान २०७२ को धारा ३९ ले प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक दिएको छ।

बालबालिकासम्बन्धी ऐन २०४८ ले प्रत्येक बालक जन्मेपछि निजको बाबुआमाले र बाबुआमा नभए परिवारका अन्य सदस्यले आफ्नो धर्म, संस्कृति र चलन अनुसार बालकको नाम राखिदिनुपर्छ भनेको छ। बालकको कुनै सदस्य जीवित नरहेकोमा वा पत्ता नलागेकोमा बालकलाई पाल्ने व्यक्ति वा संस्थाले नाम राखिदिनुपर्छ। बाल अधिकारसम्बन्धी महासन्धीको धारा ७ मा बालबालिकाहरुलाई जन्मिनासाथ दर्ता गरिनेछ र जन्मेपछि उसले आफ्नो नाम राख्न पाउने र राष्ट्रियताको अधिकार र सम्भव भएसम्म आफ्ना बाबुआमाबाट थाहा पाउने र उनीहरुबाट स्याहार पाउने अधिकार पाउनेछ भनी उल्लेख गरिएको छ।


वास्तवमा बालबालिका जन्मिने वित्तिकै आफ्नो धर्म, संस्कृति, चलन अनुसार उसको नाम राखेर जन्मदर्ता गरिदिनु बाबुआमाको मुख्य कर्तव्य हो। जन्मदर्ता नगरेसम्म त्यस्तो बालबालिकाको सम्बन्धमा सरकारसँग रेकर्ड हुँदैन। विद्यालयमा भर्ना हुन, नागरिकता बनाउन र  उमेर तथा नामसम्बन्धी कुनै प्रमाण जुटाउन जन्मदर्ताको अति आवश्यक हुन्छ।

थाहा नगरपालिकामा विगतमा तत्कालीन गाविस, प्लान नेपाल र स्थानीय सामुदायिक संस्थाको सहकार्यमा जन्मदर्ता अभियान नै संचालन गरेको थियो। जन्म दर्ता बालबालिकाको प्राथिमक अधिकार हो भन्ने अभियान सहित घरटोलमै पुगेर जन्मदर्ता गर्दा बालबालिकाहरु नछुट्ने गरी जन्मदर्ता गरिएको थियो। २०७२ सालको विनासकारी भूकम्पपछि आग्रा र टिस्टुङमा टियर फण्ड र बाल कल्याण समाज मकवानपुरले बालबालिका, महिला र जोखिममा परेका मानिसहरुको संरक्षणको क्षेत्रमा काम गरेको थियो, जस अन्तर्गत जन्मदर्तालाई अभियानकै रुपमा चलाइएको थियो र थाहा भएसम्म जन्म दर्ता नगरेका बालबालबालिकाको जन्म दर्ता गराउन पहल गरिएको थियो। जन्मदर्ता किन र कसरी भन्ने विषयमा टियरफण्ड र बाल कल्याण समाजले सूचना, शिक्षा तथा संचार सामग्री नै प्रकाशन गरेर आग्रा र टिस्टुङको प्रत्येक घरमा वितरण गरेको थियो।

भूकम्प पीडित पाँच वर्ष मुनिका बालबालिकाको स्वास्थ्य, सुरक्षा तथा संरक्षणको लागि युनिसेफ नेपालले पनि यस क्षेत्रमा सहयोग कार्यक्रम संचालन गरेको थियो, जसअन्तर्गत बालबालिकाको जन्मदर्ता अनिवार्य पेस गर्न भनिएको थियो। यस दौडानमा पनि जन्मदर्तालाई टेवा पुगेको थियो।

यस सर्वेक्षणको क्रममा थाहा नगरपालिकामा पाँच वर्षमाथिको कुनै पनि नागरिकको जन्म दर्ता नगरेको पाइएको छैन । विद्यालय जाने उमेर हुँदा जन्मदर्ताको प्रमाणपत्र विद्यालय भर्नाका वखत मागिने भएकोले पनि कतिपयले विद्यालय भर्नाकै बेला जन्म दर्ता गरेको पाइएको  छ। समग्रमा जन्म दर्ता गर्न बाँकी रहेका बालबालिकाको विवरण

पनि पाइएको छ । यस सर्वेक्षणमा कूल ४४०४ घरधुरीको तथ्याङ्क लिइएकोमा ३५६२ परिवारमा जन्मदर्ता गराएको पाइएको छ भने ८४२ परिवारमा बालबालिकाको जन्म दर्ता नगराएको पाइएको छ।
यसलाई तलको स्तम्भ चित्रमा देखाइएको छ :




## बालविवाहको अवस्था

नेपालमा बाल विवाहको दर प्रदेश, बसोवास क्षेत्र, आर्थिक-सामाजिक अवस्था, जातजाति, धर्म, समुदाय तथा शैक्षिक अवस्थाको विविधता र अन्य भिन्नताहरूका आधारमा फरक फरक रहेको छ। शहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रका महिलाहरूको सामान्यतया कम उमेरमा विवाह हुने गरेको पाइएको छ। राष्ट्रसंघीय जनसंख्या कोषका अनुसार ग्रामीण क्षेत्रमा बसोवास गर्नेमध्ये ४३ प्रतिशत र शहरमा बस्ने मध्ये २७ प्रतिशत महिलाले १८ वर्ष नपुग्दै बिहे गर्छन्। अशिक्षा र कम आयस्रोत भएका परिवारका बालिकाहरू बाल विवाहको बढी जोखिममा रहेको पाइएको छ। एसएलसी वा सो भन्दा धेरै पढेका महिलाहरूको विवाह गर्ने उमेर २२ वर्ष रहेको देखिन्छ भने विद्यालय नगएका महिलाहरूको विवाह गर्ने उमेर १७ बर्ष भएको देखिन्छ। त्यस्तै, आर्थिक अवस्था सबल भएका भन्दा कमजोर भएका महिलाहरूको सालाखाला दुई बर्ष कम उमेरमै विवाह भएको पाईन्छ।

नेपालको संविधानको धारा ३९ को उपधारा (५) ले कुनैपनि बालबालिकालाई बाल विवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न नपाईने गरी वालवालिकाको हकको रुपमा स्थापित गरेको छ। यी

कार्यहरुलाई संघीय कानून बमोजिम दण्डनीय हुने गरी प्रतिबन्ध लगाएको छ र त्यस्तो कार्यवाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हकको सुनिश्चितता गरिएको छ।

नेपालको संविधानको धारा ३८ को उपधारा (३) ले महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गर्न नपाईने कुरा उल्लेख गरी त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुने र पीडितले कानुन बमोजिम क्षतिपूर्ति पाउने हकको समेत संवैधानिक व्यवस्था गरेको छ।

मुलुकी ऐन, २०२० जारी हुदाँका बखत १४ बर्ष नपुगेकी स्वास्नीमानिस र १८ वर्ष नपुगेको लोग्ने मानिसले बिबाह गर्न नपाउने व्यवस्था गरिएकोमा पछि स्वास्नीमानिसको उमेर १६ बर्ष कायम गरियो। तत्पश्चात मुलुकी ऐनको एघारौं संसोधनबाट महिला र पुरुष दुवैको उमेर संरक्षकको मञ्जुरीले १८ वर्ष र संरक्षकको मञ्जुरी नभए २० वर्ष तोकियो। पछिल्लो पटक विवाह गर्ने न्यूनतम उमेर २० वर्ष तोकिएको छ।


थाहा नगरपालिकाको वडा नं. १ देखि ६ सम्मको तथ्याङ्क हेर्दा बालविवाहको दर पहिलेको तुलनामा कम रहेको पाइएको छ। निम्न कारणहरुले बालविवाह हुने गरेको पाइएको छ :

- विवाहलाई महिला र पुरुपको दाम्पत्य जीवन भन्दा विवाह बन्धनको रुपमा लिने धार्मिक एवं साँस्कृतिक मान्यता।
- उमेर नपुग्दै हुने विवाहवाट हुनसक्ने हानी र थप समस्याको वारेका जानकारीको न्यूनता।
- किशोरकिशोरीमा अपरिपक्वता र ज्ञानको अभाव।
- किशोर किशोरीहरुको विद्यालय शिक्षामा निरन्तरताको कमी।
- संचार सामाग्री र सामाजिक संजालको दुरुपयोगबाट किशोरकिशोरीमा पर्न गएको नकारात्मक प्रभाव।
- बाल विवाह दण्डनीय अपराध भएको बारेमा जनचेतनाको कमी।
- कानूनको कमजोर कार्यावन्यन अवस्था आदि।

# परिच्छेद -६
# बाल तथा मातृ स्वास्थ्य


## सुरक्षित मातृत्वसम्बन्धी अवस्था

बिश्व स्वास्थ्य संगठनको प्रतिवेदनमा नेपालले मातृ मृत्यु दरमा केही सुधार गरेको पाइएको छ । यद्यपी नेपालले यसमा उल्लेखनीय प्रगति भने हासिल गर्न सकेको छैन । नेपालमा करिब ८० प्रतिशत महिलाहरुले घरैमा बच्चा जन्माउछन् भने नेपालमा प्रति एकलाख जीवित जन्ममा करिब १८१ जना आमाहरुको मृत्यु हुने गर्दछ । नेपालमा अफै पनि महिलाहरु आफनो जिवनकाल भरिमा औषत ३ पटक मातृ मृत्युको जोखिममा पर्ने कुरा बिभिन्न माध्यमहरुमा उल्लेख गरिएको पाइन्छ ।




समुदायमा गर्भवती महिला तथा परिवारमा गर्भवति, प्रसुती तथा सुत्केरी अवस्थाको खतराको चिन्हबारे अनभिज्ञता, घरमा महिलाहरुको निर्णय प्रक्रियामा कम सहभागिता, गर्भ जाँच तथा स्याहारमा पुरुषहरुको भुमिका अत्यन्त न्युन रहनु, समुदायमा गर्भवती जाँचको महत्वबारे अनभिज्ञता तथा सरोकारवालाहरुको कम पहुँच, सेवा प्रदायक तथा सेवाग्राही तर्फवाट ढिलाई तथा हेलचेक्राई, गर्भवती अवस्थामा असल खाना, असल स्वास्थ्य स्याहार तथा सुरक्षित सुत्केरीका उपायहरुको बारे जानकारीको कमी नै मातृ मृत्युको समस्या तथा चुनौती रहेको देखिन्छ भने गर्भवतीलाई सही तरिकाले सेवा तथा परामर्श नदिनु, नियमित तालिम प्राप्त कर्मचारी र साधन श्रोतको कमी, उचित व्यवस्थापन गर्न नसक्नु, गाउँघर क्लिनिक संचालनमा पर्याप्त औषधि तथा उपकरणहरुको व्यवस्थापन कमी मुख्य समस्या तथा चुनौतीको रुपमा देखिएको छ ।

सुरक्षित मातृत्व भन्नु नै महिला सुरक्षित हुनु हो । गर्भवती भएको बेला, सुत्केरी हुँदा र सुत्केरी पछि ६ हप्ता भित्र गरिने विशेष सेवालाई जनाउँछ । यसमा गर्भवति आमाको स्याहारमा जोड दिनु पर्दछ । गर्भवती अवस्था महिलाहरुको लागि विशेष अवस्था हो । गर्भवती आमाको स्वास्थ्य र गर्भमा रहेको शिशुको बृद्दि र विकासको लागि पोषिलो खाना खानुपर्छ । शक्ति दिने खाना, शरिर बृद्दि र विकास गर्ने खाना, रोगवाट बचाउने खाना तथा




आईरन, आयोडिन र भिटामिन ए खानुपर्छ । जसमा शक्ति दिने खाना अन्तर्गत चामल, गहुँ, कोदो, ध्यु तेल पर्दछन् भने शरिर बृद्दि र विकास गर्नेमा, गेडागुडी, माछा, मासु, दुध, दही, अण्डा पर्दछ । त्यस्तै रोगवाट बचाउने खानामा हरियो सागसब्जी, फलफुल र अन्य तरकारीहरु पर्दछन् । यस्ता खानाहरुलाई नियमित रुपमा खानुपर्दछ ।


मातृ तथा बाल मृत्युदर घटाउने उदेश्यका साथ नेपालभर नै सुरक्षित मातृत्व कार्यक्रम संचालन भइरहेकोछ । थाहा नगरपालिकामा २०७२ सालको विनासकारी भूकम्पपछि जोखिममा परेका महिलाहरुका लागि टियरफण्ड र बाल कल्याण समाजले सुरक्षित मातृत्वसम्कन्धी कार्यक्रम संचालन गरेको थियो । डेढ वर्षसम्म संचालित उक्त कार्यक्रम अन्तर्गत गर्भवति महिलाहरुलाई भेट्ने, गर्भ जाँचका लागि स्वास्थ्य चौकीसम्म लैजाने वातावरण मिलाउने, सुत्केरी तथा शिशुहरुका लागि न्यानो कपडा दिने, स्वास्थ्य संस्थामै गएर सुत्केरी गराउने प्रेरित गर्ने जस्ता काम गरेको थियो । सुत्केरी महिलाहरुका लागि टेस्टी जाउलो कार्यक्रमसमेत संचालन गरिएको थियो भने आग्राको स्वास्थ्य चौकीलाई प्रसुतीसँग सम्बन्धित सामग्रीहरुसमेत प्रदान गरिएको थियो । त्यस्तै टिस्टुङमा रहेको स्वास्थ्य चौकीमा विएनएमटी नामक संस्थाले बर्थिङ सेन्टरका लागि आवश्यक सामग्री प्रदान गरेको थियो ।

टिस्टुङ, आग्रा र चित्लाङमा गर्भवति भएपछि महिलाहरु नियमित जाँच गराउने, स्वास्थ्यकर्मीसँग सल्लाह लिने, आइरन चक्की खानेजस्ता गर्न थालेका छन् । तथ्याङ्क अनुसार गर्भवति महिलाहरु सबैले आइरन चक्की र टीडी खोप लगाएको पाइएको छ । सुत्केरी गराउन स्वास्थ्य संस्था जाने महिलाहरुको संख्या बढिरहेको छ । थाहा नगरपालिकाको वडा नं. १, २, ३, ४, ६, ९, १० , ११ र १२ लाई संस्थागत सुत्केरी सुनिश्चत भएको वडा घोषणा गरिएको अवस्था छ । अन्य वडाहरुमा पनि क्रमशः घरमा सुत्केरी शून्य बनाउने अभियान चलिरहेको छ । अहिले नगरपालिकामा स्वास्थ्य संस्थामा सुत्केरी गराउनेको प्रतिशत ८९ रहेको तथ्याङ्कले देखाएको छ ।

थाहा नगरपालिकाको मातृ तथा शिशु स्वास्थ्यसँग सम्बन्धित विवरणहरुलाई स्तम्भ चित्रहरुको माध्यमबाट व्याख्या गरिएको छ।

## खोपको अवस्था :


**Immunization Achievement %**




खोपले शरीरमा यस्तो प्रतिरोधी क्षमताको विकास गर्छ, जसले गर्दा कतिपय संभावित रोग लाग्न सक्दैन। खोप भनेको खासगरी सुईको माध्यमबाट सम्बन्धित रोगका मृत वा कमजोर व्यक्टेरिया मानिसको शरीरमा प्रवेश गराइन्छ। रोग प्रतिरोध गर्ने एन्टिबडी उत्पादन गर्न श्वेत रक्तकोषलाई सक्रिय पारिन्छ।

यसरी शरीरमा रोग प्रतिरोधात्मक क्षमता विकास गर्नका लागि सानै उमेरमा खोप दिने गरिन्छ। यसले उनीहरुलाई आजीवन कतिपय रोगबाट बचाउँछ। खासगरी बालबालिकालाई स्वस्थ्य राख्न, अपाङ्गताबाट बचाउन, गंभिर रोग लाग्न नदिन खोपहरुको निर्धारित मात्रा पुरा गर्नुपर्छ। भ्यागुते रोग, लहरे खोकी, धनुष्टांकर,


**Ward Wise % of Children Immunized with BCG**



हेपाटाइटिस 'बी', हेमोफिलस इनफ्लुएन्जा, जापानिज इन्सफ्लाइटिस, निमोनिया, दादुरा(रुवेला जस्ता रोगबाट बच्न सानै उमेरमा खोप दिइन्छ। यसैगरी १२ महिनामा जापानिज इन्सफ्लाइटिस र १५ महिनामा दादुरा-रुवेलाको दोस्रो डोज पनि दिइन्छ।

थाहा नगरपालिकामा बालबालिकालाई दिइएको खोपको विवरण हेर्दा अवस्था निकै राम्रो देखिएको छ। थाहा नगरपालिकाको स्वास्थ्य शाखाको तथ्याङ्क अनुसार यस नगरपालिकामा बालबालिकालाई लगाउनु पर्ने १३ प्रकारका खोपको अवस्था राम्रो रहेको पाइएको हो। स्वास्थ्य शाखाको वार्षिक लक्ष्यभन्दा बढीले खोप लिएको अवस्था छ। आर्थिक वर्ष २०७८।७९ मा सबै प्रकारका खोपहरु सत् प्रतिशत लगाइएको देखिएको छ। बालबालिकाहरुले कुनै खोप लगाउन छुटेको अवस्थासमेत देखिएको छैन।


Ward Wise % of Children Immunized with DPT-HepB-Hib 3




खोपको प्रकार र मात्राको कुरा गर्नुपर्दा बीसीजी खोप जन्मनासाथ लगाइन्छ। यसलाई एक डोज लगाए पुग्छ। यसले क्षयरोग विरुद्ध काम गर्छ। थाहा नगरपालिकामा सत् प्रतिशत बालबालिकाले यो खोप लगाएको देखिएको छ। त्यसैगरी डिपिटी-हेपर बि-हिब ६, १० र १४ हप्ताको उमेरमा लगाइन्छ। यो तीन पटक लगाउनुपर्छ। यसले भ्यागुते रोग, लहरे खोकी, धनुष्टांकार, हेपाटाइटिस बि, हेमाफिलस बिबाट हुने मेनिन्जाइटिस र निमोनियाबाट जोगाउँछ। थाहा नगरपालिकामा सबै बालबालिका यो खोपको पहुँचमा रहेको देखिन्छ। आ. व. २०७८।०७९ मा तेस्रो पटकसम्मको मात्रा हेर्दा यो खोप सत् प्रतिशत रहेको छ।


पोलियोको खोप ६, १० र १४ हप्ताको उमेरमा लगाइन्छ। यो तीन पटक दिइन्छ। यसले पोलियोमाईलाइटिसबाट जोगाउँछ। उक्त उमेर समूहका सबै बालबालिकाले यो खोप लगाएको अवस्था छ।

एफआइपीभी यो ६ हप्ता र १४ हप्ताको उमेरमा दिइन्छ। दुई पटक दिनुपर्छ। यसले रोटा भाइरसद्वारा हुने पखला




बिरुद्ध काम गर्छ। त्यस्तै, पिसीभी ६ हप्ता, १० हप्ता र ९ महिनाको उमेरमा दिइन्छ। यो तीन पटक दिइन्छ। यसले न्युमोकोकसबाट हुने मेनिजाइटिस र निमोनियाबाट बचाउँछ। दादुरा-रुबेला ९ महिना र १५ महिनाको उमेरमा दिइन्छ। यसले दादुरा, रुबेलाबाट जोगाउँछ। यी सबै खोपहरुको मात्रा शत् प्रतिशत रहेको छ। जेई खोप १२ महिनाको उमेरमा दिइन्छ। यसले जापानिज इन्सेफलाइटिसबाट बचाउँछ। थाहा नगरका सबै वडाहरुमा यस खोपको अवस्था हेर्दा शत् प्रतिशत बालबालिकाले यो खोप पाएको देखिन्छ।

टीडी : यो खोप गर्भवती महिलालाई दिइन्छ। यसले धनुष्टांकार र भ्यागुते रोगबाट बचाउँछ। थाहा नगरपालिकामा कुनै पनि गर्भवति महिला यो खोपबाट छुटेको देखिँदैन।




## बच्चाको तौल लिएको अवस्था


कुनै पनि शिशु जन्मनासाथ तौल लिन गरिन्छ। सामान्यत ३ किलोको शिशुलाई स्वस्थ मानिन्छ। यसमा पनि छोरा र छोरीको तौल केही फरक हुनसक्छ। छोराको ३ दशमलव ३ किलो र छोरी ३ दशमलव २ किलो भएको राम्रो मानिन्छ।

उमेरको आधारमा १ वर्षमा बच्चाको तौल ९ दशमलव २ किलो ग्राम र उचाइ २९ दशमलव २ इन्चको सेरोफेरोमा हुनु स्वस्थ मानिन्छ। दुई वर्षको बच्चाको तौल बच्चा  १२ किलो हुनुपर्ने र लगभग उचाइ ३३ दशमलव ५ इन्च हुनुपर्ने हुन्छ। त्यस्तै, ३ वर्षको बच्चाको तौल १४ दशमवल २ किलोग्राम हुनुपर्छ। यसैगरी उनीहरुको औसत उचाई ३७ इन्च हुनुपर्छ।

४ वर्षको बच्चा छ भने तौल १५ दशमलव ४ किलोग्राम हुनुपर्छ। उचाई लगभग ३९ दशमलव ५ इन्च हुनुपर्छ। ५ वर्षको बच्चाको तौल लगभग १७ दशमवल ९ किलोग्राम हुनुपर्छ। यो उमेरमा बच्चाको उचाई औसत ४२ दशमलव ५ इन्च हुनुपर्छ।
बच्चाको तौल र उचाइको अनुपात थाहा पाउनका लागि नियमितरुपमा तौल लिनुपर्दछ। थाहानगर पालिकामा ११ महिनासम्म नियमित तौल लिने गरेको पाइएको छ भने त्यसपछि २४ महिनासम्म तौल लिनेहरुको मात्रा भने अनियमित देखिएको छ।




## New Growth Monitoring by ward
(0-11 months)




## स्तनपान तथा पुरक खानाको अवस्था

बच्चाको स्वास्थ्य र जीवन सुनिश्चित गर्न स्तनपान सबभन्दा प्रभावकारी र सरल तरिका हो । बच्चा जन्मेदेखि ६ महिना (१८०दिन) सम्म विशेष स्तनपान (आमाको दूध मात्र खुवाउन) सिफारिस गरिएको छ ।

## Breast Feeding & Complementary Feeding Practice in %




आमाको दूधमा बच्चाको लागि चहिने सम्पूर्ण पोषक तत्व हुन्छ । ६ महिनापछि आमाको दूधसँग अरु पुरक खाना दिनुपर्छ र स्तनपानलाई कम्तीमा २ वर्षसम्म निरन्तरता दिनुपर्छ ।

विश्व स्वास्थ्य संगठनका अनुसार १८० दिन स्तनपान मात्र गराउने भनेर सिफारिस गरिएको भए पनि विश्वमा ३ मध्ये झण्डै २ जना शिशुलाई सिफारिस गरिएको समयसम्म विशेष स्तनपान गराइएको छैन र यो दर २ दशकमा सुधार पनि भएको छैन । नेपाल जनसांख्यिकीय तथा स्वास्थ्य सर्वेक्षण २०१६ अनुसार, नेपालमा ९९ प्रतिशत बच्चाहरूलाई स्तनपान गराइएको छ । ५५ प्रतिशत बच्चालाई जन्मेको एक घण्टाभित्र स्तनपान


गराइन्छ, जुन सिफरिस गरिएको समय हो। यही सर्वेक्षण अनुसार दुई तिहाइ बच्चालाई मात्र तोकिएको समयसम्म आमाको दूधमात्र खुवाइन्छ।

तर थाहा नगरपालिकामा सबै आमाहरुले आफ्नो बच्चाहरुलाई तोकिएबमोजिम स्तनपान गराएको पाइएको छ। २ वर्षसम्म स्तनपानको निरन्तरता हुनुपर्नेमा भने यसको मात्रा कम देखिएको छ। बच्चाको जन्मान्तर कम हुँदा पनि यो समस्या देखिएको छ। थाहा नगरपालिकामा ९९ प्रतिशत बच्चाहरुलाई ६ महिनापछि पोषणयुक्त पुरक खाना दिइएको अवस्था छ।

## आईरन चक्की खाएको अवस्था


आईरन चक्की रगत बढाउने चक्की हो जुन आईरनबाट बनेको हुन्छ। आईरन चक्कीको कमी हुनासाथ शरीरमा विभिन्न समस्याहरु देखा पर्न सक्छ। कमजोर हुने, रोग सँग लड्ने क्षमता कम हुने गर्छ जस्ले गर्दा विभिन्न संक्रमण हुनसक्छ। आईरन चक्की गर्भवती महिलाले गर्भवती भएको तेस्रो महिना पुरा हुन लगत्तै अथवा ९१ औं दिनबाट अथवा चौथो महिना सुरु भए लगत्तै दिनको एकपटक नछुटाई सुत्केरी भएको ४५ दिनसम्म खानुपर्छ।

**% of Post partum mother received Vitamin A & Iron tab.**




गर्भवती महिलाले आईरन चक्की खानु एकदम जरुरत हुन्छ। किनभने गर्भवती महिलाको शरीरभित्र हर्मोन परिवर्तन भइरहेको हुन्छ। गर्भवती महिलाको पाठेघर भित्र एउटा नयाँ जिवन हुर्किरहेको हुन्छ। यस्तो अवस्थामा आईरनको थप मात्रा एकदम आवश्यक हुन्छ। हामीले पौष्टिक आहार खाएता पनि आईरनको मात्रा पुरा नहुने भएको कारणले थप आईरन चक्की खान एकदम जरुरत हुन्छ। आईरन चक्कीले धेरै फाइदा गर्छ। शरीरको प्रत्येक अङ्ग र प्रत्येक तत्वहरुलाई काम गर्नको लागि एउटा अक्सिजनको आवश्यकता हुन्छ। जुन अक्सिजन प्रत्येक अङ्गहरुलाइ पुऱ्याउने काम रगतले गर्छ। यदि शरीरमा आईरनको मात्रा कमी भयो भने रगतको मात्रा पनि कमी हुन जान्छ। र विभिन्न समस्याहरु देखा पर्न सक्छ। आईरन चक्कीले रोगसँग लड्न सक्ने क्षमता बढाउने काम गर्छ। दिमागको बृद्धि विकास गर्नको लागि पनि यसले मद्धत गर्छ। आईरनको कमीबाट हुने विभिन्न समस्याहरुबाट मुक्ति दिन्छ।

## % of Women Who Received 180 Iron Folic Acid




थाहा नगरपालिकामा शत् प्रतिशत गर्भवतिहरुले आईरन चक्की खाएको देखिन्छ । त्यसैगरी सुत्केरी पछि सबै महिलाहरुले नियमितरुपमा भिटामिन ए र आईरन चक्की खाएको तथ्याङ्कले देखाएको छ ।

## गाउँघर क्लिनिकको विवरण

| क्र. सं. | गाउँघर क्लिनिकको नाम | स्वास्थ्य संस्थाबाट पैदल दूरी | संचालन मिति |
|---|---|---|---|
| १ | फुर्के बसन्त, थाहा ५ | ३ घण्टा | प्रत्येक महिनाको १८ गते |
| २ | तसर , थाहा ५ | २ घण्टा | प्रत्येक महिनाको १९ गते |
| ३ | भट्टीडाँडा, थाहा ५ | २ घण्टा | |
| ४ | सोलुभञ्ज्याङ , थाहा ४ | ४ घण्टा | |
| ५ | डाँडाबास, थाहा ७ | ३.५ घण्टा | |
| ६ | देउखेल, थाहा ७ | ३.५ घण्टा | |
| ७ | पोखरी डाँडा, थाहा ७ | ३.५ घण्टा | |
| ८ | देवीस्थान, थाहा ८ | २.५ घण्टा | |

| | | | |
|---|---|---|---|
| ९ | लामिचौर, थाहा ८ | २ घण्टा | |
| १० | खर्क, थाहा ९ | १.५ घण्टा | |
| ११ | टौखेल, थााहा १०, | २ घण्टा | |
| १२ | विसिंखेल, थााहा १०, | १.५ घण्टा | |
| १३ | महांकाल , थाहा ११ | १.५ घण्टा | |
| १४ | दोभान खोला, थाहा १२ | आधा घण्टा | |
| १५ | मनकामना प्रा.वि., थाहा ११ | आधा घण्टा | |
| १६ | स्मृती गाउँघर क्लिनिक फेदिगाउ थाहा ३ | १ घण्टा | |
| १७ | मत्स्य नारायण, थाहा २ | आधा घण्टा | |
| १८ | ओखर बजार , थाहा २ | १ घण्टा | |

खोप क्लिनिकको विवरण

| क्र. सं. | खोप क्लिनिकको नाम | स्वास्थ्य संस्थाबाट पैदल दूरी (घण्टामा) | संचालन मिति |
|---|---|---|---|
| १ | फुर्के बसन्त थाहा ५ | ३ घण्टा | महिनाको ६ गते |
| २ | तसर थाहा ५ | ३ घण्टा | महिनाको ७ गते |
| ३ | सुनौला मा.वि. थाहा १ | १ घण्टा | महिनाको ८ गते |
| ४ | बज्रवाराही मा.वि. थाहा ६ | १ घण्टा | महिनाको ९ गते |
| ५ | वडा कार्यालय थाहा ६ | आधा घण्टा | महिनाको १० गते |
| ६ | डाँडाबास, थाहा ७ | ३.५ घण्टा | |

| | | | |
|---|---|---|---|
| ७ | देउखेल, थाहा ७ | ३.५ घण्टा | |
| ८ | पोखरी डाँडा, थाहा ७ | ३.५ घण्टा | |
| ९ | आग्रा स्वा. सं थाहा ८ | ० | |
| १० | टौखेल थाहा १० | २ घण्टा | |
| ११ | विसिंखेल थाहा १० | १.५ घण्टा | |
| १२ | चित्ल्याङ्ग स्वा. चौ थाहा ९ | १.५ घण्टा | |
| १३ | भट्टीडाँडा, थाहा ५ | २ घण्टा | |
| १४ | सोलुभञ्ज्याङ्, थाहा ४ | ४ घण्टा | |
| १५ | दामन शहरी स्वास्थ्य केन्द्र | ० | |
| १६ | बाघेखोला खोप केन्द्र, थाहा ३ | ४५ मिनेट | |
| १७ | प्रा.स्वा.के उबगिलन | ० | |
| १८ | स्मृती गाउँघर क्लिनिक फेदिगाउ | १ घण्टा | |
| १९ | मत्स्य नारायण मा.बि. | आधा घण्टा | |
| २० | ओखर बजार | १ घण्टा | |
| २१ | पालुङ हे.पो. | ० | |
| २२ | लिति | १.५घण्टा | |
| २३ | महान्काल | आधा घण्टा | |
| २४ | खाप्लुङ | १ घण्टा | |
| २५ | दोभान खोला | १ घण्टा | |
| २६ | टिष्टुङ्ग स्वास्थ्य चौकी | ० | |

# परिच्छेद -७
## शैक्षिक अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार थाहा नगरपालिकामा पाँच वर्ष माथिका कूल जनसंख्याको ७४.१ प्रतिशत मानिसहरु साक्षर रहेका छन् जसमध्ये महिलाको संख्या ६६.१ प्रतिशत र पुरुषको संख्या ८२.४ प्रतिशत रहेको छ।

नगरको पार्श्वचित्र २०७४ का थाहा नगरपालिकाका ५ वर्षभन्दा माथिको साक्षरताको अवस्था यस्तो छ :

| | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| जम्मा जनसंख्या | २१७७४ | २१७६३ | ४३५३७ |
| पढ्न र लेख्न सक्ने | १४७४६ | १६८५४ | ३१६०० |
| पढ्न मात्र सक्ने | २२०५ | १४४१ | ३६४६ |
| पढ्न र लेख्न दुबै नसक्ने | ४८२० | ३४६८ | ८२८८ |

मकवानपुरमा २०६७ सालदेखि नै सघन साक्षरता अभियान संचालन गरेर जिल्लालाई साक्षर जिल्ला बनाउने लक्ष्य लिएको थियो। सोही अनुसार विद्यार्थी र स्वयम्सेवक परिचालन गरी लगातार ६ वर्षसम्म सघन अभियान संचालन गरेपछि जिल्लाको साक्षर जनसंख्याको प्रतिशत ९८.९७ पुग्यो र जिल्लालाई नेपालकै ३०औं जिल्लाको रुपमा साक्षर जिल्ला घोषणा गरियो।

त्यसपछिका वर्षहरुमा सरकारले साक्षर नेपाल अभियान संचालन गरेको थियो। मकवानपुर जिल्लालाई २०७३ भाद्र ३० गते बिहीबार साक्षर जिल्ला घोषणा गरिएको थियो। साक्षर जिल्ला घोषणा गरिए पनि जनगणना प्रतिवेदनले साक्षरता दर कमी हुँदै गएको देखाउनु चुनौतिको रुपमा रहेको छ।

वडागत रुपमा साक्षरताको अवस्था देहाय अनुसार रहेको छ :

| वडा नं. | साक्षरता दर औसतमा | |
|---|---|---|
| १ | महिला | ६५.८५ |
| | पुरुष | ७०.५९ |
| २ | महिला | ६०.८२ |
| | पुरुष | ७८.८७ |

| | | |
|---|---|---|
| ३ | महिला | ७३.३७ |
| | पुरुष | ९३.११ |
| ४ | महिला | ७१.१४ |
| | पुरुष | ७०.०० |
| ५ | महिला | ८०.७७ |
| | पुरुष | ८७.५२ |
| ६ | महिला | ९१.०७ |
| | पुरुष | ९२.६७ |
| ७ | महिला | ५०.२१ |
| | पुरुष | ५६.३५ |
| ८ | महिला | ५४.६५ |
| | पुरुष | ८७.३७ |
| ९ | महिला | ७२.१७ |
| | पुरुष | ७६.६८ |
| १० | महिला | ७२.७४ |
| | पुरुष | ७४.४६ |
| ११ | महिला | ७३.४७ |
| | पुरुष | ७०.७९ |
| १२ | महिला | ६१.९६ |
| | पुरुष | ६१.३९ |

विद्यालयस्तरमा अध्ययन गरिरहेका बालबालिकाको विवरण


नेपालको संविधानले शिक्षालाई मौलिक हकअन्तर्गत सुनिश्चित गरेको छ। सरकारी र गैरसरकारी क्षेत्रबाट गरिएको लगानी तथा व्यापक शैक्षिक चेतना जागरण कार्यक्रमको परिणामस्वरुप प्राथमिक शिक्षामा भर्नादर बढ्दै आएको छ।

थाहा नगरपालिकामा विभिन्न तहमा अध्ययनरत बालबालिकाको संख्या यसप्रकार रहेको छ।

| कक्षा/तह | छात्रा | छात्र | अन्य | जम्मा |
|---|---|---|---|---|
| बाल विकास केन्द्र | ६८६ | ८५८ | ० | १५४४ |
| समुदायमा आधारित बाल विकास केन्द्र | ५ | १२ | ० | १७ |
| कक्षा १ | ४०९ | ४६७ | ० | ८७६ |
| कक्षा २ | ३८७ | ४४८ | १ | ८३६ |
| कक्षा ३ | ४०७ | ४१२ | ० | ८१९ |
| कक्षा ४ | ३९८ | ४४० | ० | ८३८ |
| कक्षा ५ | ४३४ | ४१५ | ० | ८४९ |
| कक्षा १-५ | २०३५ | २१८२ | १ | ४२१८ |
| कक्षा ६ | ४४३ | ४११ | ० | ८५४ |
| कक्षा ७ | ३७७ | ३६९ | ० | ७४६ |
| कक्षा ८ | ३७५ | ३७१ | ० | ७४६ |
| कक्षा ६-८ | ११९५ | ११५१ | ० | २३४६ |
| कक्षा ९ | ३५९ | ३१० | ० | ६६९ |
| कक्षा १० | २७४ | २२४ | ० | ४९८ |
| कक्षा ९-१० | ६३३ | ५३४ | ० | ११६७ |
| जम्मा | ५००० | ५०१८ | १ | १००१९ |

## विद्यालयमा भर्ना नभएका बालबालिकाको संख्या


थाहा नगरपालिकामा विभिन्न उमेर समूहका बालबालिकाहरु अझै विद्यालय बाहिर रहेको पाइएको छ। खासगरी प्राथमिक उमेर समूहका बालबालिकाहरु विद्यालय भर्ना हुने गरेको भए पनि बीचमा कक्षा छोड्ने गरेका कारण उनीहरु विद्यालय बाहिर रहेका हुन्। थाहा नगरपालिका शिक्षा शाखाको तथ्याङ्क अनुसार विद्यालय जाने उमेरका बालबालिकाहरु विद्यालय बाहिरै रहेको वा कक्षा छाडेको अवस्था निम्न स्तम्भ चित्रले स्पष्ट पार्दछ :




विद्यालय जाने उमेरका बालबालिकाहरु विद्यालय बाहिर रहनुको मुख्य कारण अभिभावकहरुमा जनचेतनाको अभाव रहेको देखिएको छ। यसका अलावा निम्न कारणहरुले विद्यार्थीहरु विद्यलयबाहिर रहेको देखिन्छ :

- सामाजिक र आर्थिक कारण,
- विद्यालयमा पढ्ने वातावरण नहुनु,
- आमाबुबा मजदुरी गर्न घरबाहिर जाने प्रवृत्ति,
- छोराछोरी घरको काम सम्हाल्न बाध्य हुनु,
- अरूको घर र खेतबारीमा काम गर्न(ज्यालामा जान) बाध्य हुनु,
- घरदेखि विद्यालय दूरी टाढा हुनु,
- भूकम्पको त्रास हुनु,
- घरेलु हिंसा

## ऋण तिर्न विद्यालय छोडेको अवस्था




थाहा नगरपालिकाको वडा नं. १ देखि ६ सम्मको घरधुरी सर्वेक्षण गर्दा परिवारमा बैंक, सहकारी वा वित्तीय संस्थाहरुमा ऋण भएका कारण बालबालिकाले विद्यालय छोड्नु परेको समेत पाइएको छ। छवटा वडाका गरी कूल ४४०४ घरधुरी सर्वेक्षणको क्रममा १८ जनाले आफ्ना बालबालिकालाई ऋण तिर्नकै लागि विद्यालय छोड्न लगाएका छन्। बालबालिका विद्यालय जाँदा घरमा बस्ने मानिस नहुने र बयस्कहरु ज्यालामजदुरीमा जान नसक्ने हुँदा उनीहरुले बालबालिकालाई विद्यालय छोड्न लगाएर घरमै राखेको पाइएको छ। बालबालिकाले घर कुर्ने र कतिपय अवस्थामा खाना बनाउन, बस्तुभाउलाई घाँसपानी दिनसमेत सघाउने हुँदा अभिावकहरुले उनीहरुलाई विद्यालयबाट छुटाएको अवस्था देखिन्छ।

## सामुदायिक विद्यालयहरुको विवरण

थाहा नगरपालिकामा जम्मा ५३ वटा सामुदायिक विद्यालय रहेका छन्। जसको विवरण यस प्रकार रहेको छ :

थाहा नगरपालिका भित्रका ५३ वटा विद्यालय तथा प्र.अ.को नाम र मोबाइल नम्बर

| क.सं. | विद्यालयको नाम | तह | प्रधानाध्यापकको नाम | मोबाइल नं. |
|---|---|---|---|---|
| १ | गणेश प्रा.वि.,थाहा-१२ सरंगपुर | आधारभूत (१-३) | चन्द्र बहादुर बोगटि | 9860753086 |
| २ | जनकल्याण मा.वि.,थाहा-३ घट्टेचौर | मावि+२ | सानोभाई कार्की | 9855067695 |
| ३ | सुन्दरीदेवी मा.वि., थाहा-७,डाडाँबास | मावि+२ | हरिकृष्ण कार्की | 9845072406 |
| ४ | सरस्वती मा.वि.,थाहा-७, देउखेल | मावि | राजेन्द्र थापा | 9855070923 |
| ५ | इन्द्रायणी मा.वि.,थाहा-८, आग्रा | मावि | नारायण बहादुर कार्की | 9855031889 |
| ६ | जलदेवी प्रा.वि.,थाहा-९, कखुविर्ता | आधारभूत (१-५) | निर्मल गोपाली | 9845124654 |
| ७ | नाटेश्वर मा.वि.,थाहा-१०, टौखेल | मावि+२ | धर्मेन्द्र प्रसाद अर्याल | 9841458427 |
| ८ | चम्पेश्वर आ.वि.,थाहा-१०, विस्रिंखेल | आधारभूत (१-८) | विनोद सुवेदी | 9855072185 |
| ९ | जनक प्रा.वि.,थाहा-९, कुश्लेचौर | आधारभूत (१-५) | मधु शर्मा | 9851038084 |
| १० | सुनौला मा.वि., थाहा-१,कुन्छाल | मावि | सत्तल उप्रेती | 9809119909 |
| ११ | बसन्त प्रा.वि., थाहा-५,फुर्केबसन्त | आधारभूत (१-८) | मनकुमारी गुरुङ | 9845235951 |

| | | | | |
|---|---|---|---|---|
| १२ | दुर्गादेवी प्रा.वि.,थाहा-५, तसर | आधारभूत (१-८) | शोभा तामाङ | 9845846791 |
| १३ | हिमालय प्रा.वि.,थाहा-६, लामिडाडा | आधारभूत (१-५) | सोम तामाङ | 9861225879 |
| १४ | झम्केश्वरी मा.वि.,थाहा-१, ओखरबजार | मावि | गणेशमान श्रेष्ठ | 9855076908 |
| १५ | सरस्वती आ.वि., थाहा-२,अङ्गारे | आधारभूत (१-८) | महेन्द्र प्रधान | 9855068136 |
| १६ | मत्स्यनारायण मा.वि.,थाहा-२,सोल्टु | मावि | विष्णुहरी ढकाल | 9845072026 |
| १७ | घाटदेवी आ.वि., थाहा-२,फेदीगाँउ | आधारभूत (१-८) | दिपक कार्की | 9845070982 |
| १८ | वागेश्वरी मा.वि., थाहा-११,नौखण्डे | मावि+२ | विरमान स्याङ्तान | 9841679524 |
| १९ | प्रभात प्रा.वि., थाहा-११,नागान्झाल | आधारभूत (१-५) | कमल थापा मगर | 9869203545 |
| २० | सेतिगणेश आ.वि., थाहा-३,शिखरकोट | आधारभूत (१-८) | उर्मिला गोपाली | 9845125770 |
| २१ | ऋषेश्वर प्रा.वि., थाहा-४,दामन | आधारभूत (१-५) | ममता थिङ | 9844061516 |
| २२ | बज्रबाराही मा.वि., थाहा-६,थहचोक | मावि+२ | रमेशमान डंगोल | 9851029487 |
| २३ | स्वच्छन्द भैरव मा.वि., थाहा-९,चित्लाङ | मावि+२ | विष्णु प्रसाद दाहाल | 9865272949 |
| २४ | उदय प्रा.वि.,थाहा-६, बुढिचौर | आधारभूत (१-५) | तुलसा न्यौपाने | 9841741404 |
| २५ | महाँकाल प्रा.वि., थाहा-८,काभ्रेछाप | आधारभूत (१-५) | राजकुमार कार्की | 9845029196 |
| २६ | कालागणेश प्रा.वि., थाहा-८,बाहुनगाँउ | आधारभूत (१-५) | परशुराम बजागाई | 9748288651 |
| २७ | पञ्चकन्या प्रा.वि., थाहा-१,पोडेगाँउ | आधारभूत (१-३) | कबिता कँडेल | 9845072022 |
| २८ | महाँकाल आ.वि., थाहा-११,टिष्टुङ | आधारभूत (१-८) | सचिन कुमार बल | 9860609648 |
| २९ | टिष्टुङ देउराली प्रा.वि., थाहा-१२ | आधारभूत (१-५) | पिताम्बर चौधरी | 9841867533 |
| ३० | सातकन्या प्रा.वि., थाहा-१२,जगडाँडा | आधारभूत (१-५) | वेदराज अर्याल | 9814225356 |
| ३१ | बालकुमारी प्रा.वि.,थाहा-४, ठूलोमार्खु | आधारभूत (१-५) | कोपिला भेटवाल | 9843593433 |
| ३२ | माहालक्ष्मी प्रा.वि., थाहा-९,चित्लाङ | आधारभूत (१-५) | उषा श्रेष्ठ | 9845072301 |
| ३३ | सुर्यबाराही प्रा.वि.,थाहा-७, आग्रा | आधारभूत (१-५) | एकबहादुर शाही | 9840058432 |
| ३४ | नागदह प्रा.वि., थाहा-१२,लिति | आधारभूत (१-५) | जोग बहादुर घलान | 9804297163 |
| ३५ | कालिदेवी देउराली प्रा.वि., थाहा-११ | आधारभूत (१-३) | गौतम आले मगर | 9841904349 |
| ३६ | ठाडे प्रा.वि., थाहा-११,ठाडे | आधारभूत (१-५) | आशाकाजी गोपाली | 9861377040 |
| ३७ | वागेश्वरी प्रा.वि., थाहा-५,सानोफाकल | आधारभूत (१-५) | परमेश्वर साह | 9843991220 |
| ३८ | जनता प्रा.वि., थाहा-११,नागछेडा | आधारभूत (१-५) | लक्ष्मी आले मगर | 9841931154 |

| | | | | |
|---|---|---|---|---|
| ३९ | माहांकाल प्रा.वि.,थाहा-४, रुप्से | आधारभूत (१-३) | | 9860548626 |
| ४० | मंगलेश्वर प्रा.वि., थाहा-२,भाङ्गोरिया | आधारभूत (१-५) | निमा केसी | 9845123672 |
| ४१ | कालिकादेवी प्रा.वि.,थाहा-१, खानीगाँउ | आधारभूत (१-५) | कल्पना ठकुरी | 9845074329 |
| ४२ | जनता प्रा.वि.,थाहा-३, दम्कीचौर | आधारभूत (१-५) | बिमल केसी | 9855070207 |
| ४३ | गणेश प्रा.वि., थाहा-६, पापुङ | आधारभूत (१-५) | मनदेवी बलामी | 9845800298 |
| ४४ | पञ्चकन्या प्रा.वि., थाहा-७,ऐसेलुखर्क | आधारभूत (१-५) | सिताराम घलान | 9861354424 |
| ४५ | जनता प्रा.वि.,थाहा-१२, पनेरुडाँडा | आधारभूत (१-५) | धर्मलाल प्रधान | 9845072085 |
| ४६ | टिष्टुङ देउराली चेम्बर प्रा.वि.,थाहा-१२ | आधारभूत (१-५) | सुनन्तीमाया बल | 9819203311 |
| ४७ | मनकामना प्रा.वि., थाहा-११,टिष्टुङ | आधारभूत (१-५) | विक्रम गोपाली | 9855076338 |
| ४८ | बुद्ध आ.वि., थाहा-८,काभ्रेछाप | आधारभूत (१-८) | ठाकुर सिं घलान | 9841559243 |
| ४९ | कुटेश्वरी प्रा.वि., थाहा-७,आग्रा | आधारभूत (१-५) | मधु केसी | 9855070876 |
| ५० | चण्डिका प्रा.वि.,थाहा-७, आग्रा | आधारभूत (१-५) | भक्तमान थिङ | 9845070955 |
| ५१ | बालज्योति प्रा.वि.,थाहा-१, कुटि | आधारभूत (१-३) | अमृत तामाङ | 9845235267 |
| ५२ | कालिदेवी प्रा.वि.,थाहा-९, चित्लाङ | आधारभूत (१-३) | मान बहादुर बुढाथोकी | 9845071996 |
| ५३ | कल्याण प्रा.वि., थाहा-५, ठूलोफाकल | आधारभूत (१-५) | सुजाता थिङ | 9845462556 |

# परिच्छेद -८
# बाल संरक्षण

बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक तथा बौद्धिक विकासमा गम्भीर नकारात्मक असर पार्ने खालका कार्य वा व्यवहारबाट उनीहरूलाई जोगाउनु नै बालसंरक्षण हो । अर्को शब्दमा, बालबालिकामाथि हुने सबै खालका हानिहरूबाट उनीहरूलाई संरक्षण गर्न बालसंरक्षण हो । बालबालिकामाथि हुनसक्ने हानिअन्तर्गत- १. भेदभाव, २. दूर्व्यवहार, ३. यातना वा हिंसा, ४. यौनशोषण, ५. बेचबिखन र ओसारपसार, ६. परम्परागत हानिकारक अभ्यासहरू, ७. बेवास्ता/उपेक्षा वा हेलचेक्र्याइँ, ८. अपहरण, र ९. आर्थिक शोषण/बालश्रम शोषण पर्दछन् ।

बालसंरक्षण कार्यअन्तर्गत बालबालिकामाथि हुने वा हुन सक्ने हानिहरू एवम् उनीहरूलाई शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, आर्थिकलगायतका पक्षहरूमा पर्नसक्ने सबै खालका आघातहरूबाट जोगाउन गरिने (क) जोखिमको पहिचान, रोकथाम, (ख) पीडित बालबालिकाको उद्धार, स्वास्थ्य तथा मनोसामाजिक स्याहार, पुनर्स्थापना र (ग) पीडकलाई कानूनको दायरामा ल्याउनेलगायतका कार्यहरू पर्दछन् । यसरी हेर्दा बालबालिकामाथि

हुने वा हुनसक्ने सबै खालका नियोजित तथा अनियोजित जोखिम वा हानिबाट जोगाउन तथा कथम् कदाचित उनीहरूमाथि त्यस्ता घटना, दूर्घटना भएमा त्यसबाट उनीहरूमा पर्ने असरलाई कम गर्न र उनीहरूलाई परिवार तथा समाजमा पूनर्स्थापना गर्न गरिनेलगायतका सबै कामलाई समष्टिगत रूपमा बालसंरक्षण भनेर बुझ्न सकिन्छ।

बालअधिकारमुखी अवधारणाअनुसार बालबालिकामाथि तत्कालीन र दीर्घकालीन रूपमा नकारात्मक असर पर्ने सबै खालका जोखिम वा हानिहरूलाई रोक्नका लागि लिइने उत्तरदायित्व तथा जिम्मेवारी नै बालसंरक्षण हो। अझ, कुनै पनि खालका जोखिम वा हानिहरूको कारणबाट बालबालिकामा हुने नोक्सानी अथवा नकारात्मक अनुभवबाट जोगाउन गरिने सोचपूर्ण, प्रक्रियासंगत वा योजनावद्ध कार्य वा क्रियाकलापको समग्र रूपलाई बालसंरक्षणका रूपमा परिभाषित गर्न सकिन्छ।

## बालबालिकाले गल्ती गरेमा

थाहा नगरपालिकामा बालबालिकाले गल्ती गरेमा उनीहरुलाई गल्तीको महशुस गराउने र अर्कोपटक त्यस्तो गल्ती नगर्न भन्ने गरिएको छ। तथापि, बालबालिकाहरुले गल्ती गरेमा उनीहरुलाई शारीरिक सजायसमेत दिइने गरेको छ। शारीरिक सजायअन्तर्गत कुट्पिट गर्ने, डोरीले बाँध्ने, सिम्किनाले सिर्काउने, खाना खान नदिने, कोठामा थुन्नेजस्ता कार्यहरु पनि गरेको पाइएको छ। तर यस्ता घटनाहरु छिटफुटमात्र पाइएको छ। धेरैजसो चाहिँ बालबालिकालाई ठूलो स्वरले कराउने, बालबालिकालाई डर, त्रास देखाउने, धम्की वा चेतावनी दिने, मानसिक पीडि दिनेजस्ता क्रियाकलापहरु गरेको पाइएको छ।

केही अभिभावकहरुले भने बालबालिकाले केही गल्ती गर्दा सजायस्वरूप घरमा सघाउने खालका काम दिने गरेका छन् जस्तै पानी ल्याउने, भान्साको काम गर्ने, सरसफाइ गर्न लगाउने आदि।

## परिवारमा छोरा-छोरीमा भेदभावको अवस्था


नेपालको संविधानले राज्यले जाति, धर्म, लिंग, वर्ण, शारीरिक अपाङ्गता, वैवाहिक स्थिति, स्वास्थ्य, भाषा, क्षेत्र वा अन्य कुनै आधारमा भेदभाव नगर्ने उल्लेख गरेको छ। लैंगिक आधारमा हुने भेदभावलाई पनि संविधानले अस्वीकार गरेको छ।

थाहा नगरपालिकामा छोरा र छोरीमा केही फरक व्यवहार गरेको पाइएको छ। जस्तै :

- छोरा र छोरी दुवैलाई शिक्षा दिने कुरामा अभिभावकहरु एक मत भए पनि केही हदसम्म छोरालाई बोर्डिङ र छोरीलाई सरकारी(सामुदायिक) विद्यालयमा पठाउने गरिएको छ।

- उच्च शिक्षाका लागि छोरालाई हेटौंडा, काठमाण्डौं लगायत सहरी क्षेत्रमा पठाउने गरिएको छ भने धेरैजसो छोरीहरु स्थानीय उच्च मावि वा क्याम्पसमा पढ्ने गरेका छन्।

- खानपिनमा खासै त्यस्तो भिन्नता नरहेको भएता पनि कसै कसैले छोरालाई बढी तागतिला खानेकुरा दिने गरेको पाइएको छ ।




- घरेलु काममा छोरीलाई धेरै लगाउने गरिएको छ । छोराहरुको काम पढ्नेले खेल्ने र छोरीहरुको भने पढ्ने र काम गर्ने हो भन्ने सोच देखिएको छ । छोरी अर्काको घर जाने भएकाले काम सिक्नुपर्छ भनेर धेरै काम लगाएको पाइन्छ ।

- छोराहरु बढी नै समय मनोरञ्जनमा विताउँछन् भने त्यो अवसर छोरीहरुलाई निकै कम छ ।

- जुन परिवारमा छोरा र छोरी छन् भने ती परिवारका छोराले उच्च शिक्षा पढ्ने अवसर पाउँछन् भन छोरीले बीचैमा पढाई छोड्नुपर्ने देखिएको छ ।

प्राप्त तथ्याङ्क अनुसार १५ जनाले यसरी परिवारभित्र छोरा र छोरीमा भेदभाव हुने बताएका छन् ।

## बालबालिकाले विद्यालयमा गल्ती गरेमा

बालबालिकाहरुको प्रभावकारी सिकाइका लागि वियालयको वातावरण बालमैत्री हुन आवश्यक हुन्छ । विद्यालयहरुमा विद्यार्थीहरुलाई दिइने शारीरिक र मानसिक सजायका कारणले उनीहरुको शारीरिक, मानसिक, मनोवैज्ञीनक र सामीजक विकासमा गम्भीर नकारात्मक असर पदर्छ । यसै कुरालाई मनन गरेर शिक्षा मन्त्रालयले भयरहित सिकाईको अवधारणा ल्याएको छ ।

मकवानपुर जिल्लामा २०६६ सालमै जिल्लाका सबै शिक्षण संस्थाहरुमा भयरहित सिकाइको वातावरण बनाउने उद्धेश्यले सामुहिकरुपमा संकेतस्वरुप लट्ठी भाँचिएको थियो ।



# शिक्षकले लट्ठी भाँचे

'कक्षामा पढाउन आउँदा मोबाइल अफ गरियोस्', 'हामी गृहकार्य गर्छौं चेक गरियोस्', 'पूरै घण्टी पढ्न पाइयोस् हाम्रा कार्यक्रममा सबै सरहरूको सहभागिता रहोस्' पालुङ-८ स्थित मकवानपुरको घाटदेवी निमाविका छात्रछात्राले १८ भदौमा आफ्ना शिक्षकसँग यस्तो व्यवहारको अपेक्षा गरे । विद्यार्थीहरूको यस्तो अपेक्षाको प्रत्युत्तर शिक्षक प्रतिनिधिले यसरी दिए, "विद्यार्थीहरू नियमित रूपमा विद्यालय आउनुपर्‍यो, कक्षामा हल्ला गर्नुभएन,

मकवानपुरमा चाहिँ भर्खर छिरेको छ । विद्यालयलाई भयमुक्त तुल्याउन यो अभियान शुरु गरिएको जिशिअ चोलेन्द्र पण्डित बताउँछन् । शिक्षा मन्त्रालयका नकुल बानियाँका अनुसार सन् २०११ सम्ममा देशभरका सबै विद्यालयमा भयमुक्त सिकाइ कार्यान्वयन गर्ने सरकारी लक्ष्य छ ।

शिक्षकको धम्की र पिटाइका कारण स्कूल छाड्नेहरूको सङ्ख्यामा कमी आउनसक्ने शिक्षक-अभिभावक संघ मकवानपुरका अध्यक्ष साधुराम


गरे । अब मकवानपुरका कुनै पनि स्कूलमा शिक्षकहरू लौरो बोकेर कक्षामा प्रवेश गर्ने छैनन् । जिशिअ चोलेन्द्र पण्डित यो अभियानले विद्यालयमा सुरक्षित वातावरण सिर्जना हुने बताउँछन् । "आज शिक्षकको लौरो खाएको विद्यार्थीले भोलि पेस्तोल तेर्स्याउन सक्छ, ऊभित्रको प्रतिशोधको भावले कुन् ठूलो घटना हुनसक्दछ", उनले भने । विद्यार्थी भयमुक्त भए शिक्षक र शिक्षण संस्थासमेत भयमुक्त रहने धेरैको विश्वास छ ।

सर्भेक्षणको क्रममा थाहा नगरपालिकाका विद्यालयहरुमा शिक्षकहरुलाई भयरहित सिकाइको बारेमा जानकारी रहेको पाइएको छ। तर व्यवहारमा भने विद्यार्थीहरुले गल्ती गरेमा शारीरिक तथा मानसिक सजाय नदिए पढाइमा सुधार ल्याउन सकिन्न भन्ने केही शिक्षकहरुमा अझै सोच रहको पाइएको छ।

थाहा नगरपालिकाका विद्यालयहरुमा विद्यार्थीहरुले गल्ति गरेमा निम्नानुसार गर्ने गरेको पाइएको छ :

- बालबालिकाकै ईच्छा अनसार गीत, नाच, कविता भन्न लगाउने
- चौर र कक्षा कोठा सफा गराउने
- गाली गर्ने
- डर, धम्की तथा चेतावनी दिने
- धेरै गृहकार्य(राइटिङ) दिने
- अभिभावकलाई जानकारी गराउने
- सबै विद्यार्थीहरुको अगाडि उभ्याउने
- प्रधानाध्यापकका अगाडि केरकार गर्ने
- माफी माग्न लगाउने
- बसाइ(बेन्च) परिवर्तन गराउने


## अरुको घरमा काम गर्न बसेको अवस्था




थाहा नगरपालिकाको वडा नं. देखि ६ सम्मका १८ वर्षसम्मका केही(१७ जना) बालबालिका अरुको घरमा काम गर्न बसेको देखिन्छ।

पारिवारिक समस्या, आर्थिक अभाव, गरिवी आदिका कारण उनीहरु अरुका घरमा काम गर्न बसिरहेको देखिन्छ। अरुको घरमा काम गर्न बसेकाहरुमध्ये धेरैजसो आफन्तको घरमा बसिरहेका छन्। उनीहरु थाहा नगरपालिकाभन्दा बाहिर रहेको तथ्याङ्क फेला परेको छ।


## समुदायमा बाल अधिकारबारेको बुझाइ




थाहा नगरपालिकाअन्तर्गत वडानं. १ देखि ६ सम्मका समुदायका व्यक्तिहरुमा बालअधिकारबारे मध्यमस्तरको बुझाइ रहेको पाइएको छ । शिक्षित व्यक्तिहरुले बालअधिकारलाई राम्ररी परिभाषित गर्न समेत सकेको पाइयो भने अर्धशिक्षित र साक्षर व्यक्तिहरुले बालअधिकारको अवधारणा नै भन्न नसके पनि बालबालिकाले केकस्ता अधिकार पाउनु पर्छ भन्ने कुरा भन्न सकेको पाइएको छ । शुरुमा तपाईंलाई बाल अधिकारको बारेमा जानकारी छ भनी सोध्दा ५७ प्रतिशतले 'छ' भनी उत्तर दिएका थिए। बाल अधिकारको बारेमा जानकारी छ भनी उत्तर दिएका ९० प्रतिशत व्यक्तिहरुले बाल अधिकार भनेको बालबालिकाले खान पाउने अधिकार, लाउन पाउने अधिकार, बाँच्न पाउने अधिकार, पढ्न पाउने अधिकार भनी बताएका थिए। उनीहरुले बालबालिकालाई खान, लाउन र पढ्न दिनु पर्ने र त्यही नै उनीहरुको अधिकार हो भनी बताएका थिए । बाँकी व्यक्तिहरुले भने माथिको अतिरिक्त बालबालिकाको जन्मदर्ताको अधिकार, स्वास्थ्यको अधिकार, समानताको अधिकार, बोल्न पाउने अधिकार, मनोरन्जन पाउने अधिकार जस्ता अधिकारको चर्चा गरेका थिए।

बालअधिकारको परिभाषा, अवधारणा, सिद्धान्त, क्षेत्र तथा अधिकारका बारेमा समुदायमा जान्ने व्यक्तिहरु भने एउटा वडामा एकादुई मात्र फेला परेका थिए।


## बालबालिकामा लागू पदार्थ दुर्व्यशनको लत रहे/नरहेको स्थिति




लागू पदार्थ दूर्व्यसन सामाजिक कलंकको रुपमा रहेको छ। व्यक्तिगत, पारिवारिक हुँदै सामाजिक समस्याको रुपमा देखा परेको लागू पदर्थिको दूर्व्यसनबाट थाहा नगरका बालबालिकाहरुसमेत बच्न नसकेको पाइएको छ । विद्यालयमा आधारभूत तहबाटै लागूपदार्थ सेवन गर्ने र विद्यालय छाडेका बालबालिकाहरुले लागू पदार्थ सेवन गरेको भेटिएको छ। बालबालिकाका अभिभावकहरुसँग लिइएको तथ्याङ्कको आधारमा यस्तो भेटिएको हो । कतिपय अभिभावाकले आफूलाई छोराछोरी लागुपदार्थ


दूर्व्यशनीमा रहेको वा नरहेकोबारे केही जानकारी नभएका बताएका थिए । अधिकाँशले कुनै पनि दूर्व्यशनीमा नहरेको ठोकुवा गरेका थिए भने केहीले आफ्नो सन्तान लागुपदार्थको दूर्व्यशनीमा रहेको र छुटाउनका लागि प्रयास गरिरहेको जानकारी दिएका थिए । सर्वेक्षणको क्रममा सोधेका ४४०४ जना मध्ये ६७२ जनाले कुनै न कुनै रुपमा आफ्नो परिवारका बालबालिका लागुपदार्थको दूर्व्यशनीमा रहेको बताएका छन् ।

## सामाजिक कुरीतिको अवस्था





परिवारमा हुने घरेलु हिंसा, बहुविवाह जस्ता कुरीतिहरुले बालबालिकामाथि गम्भीर असर पर्दछ । यस कुरालाई मध्यनजर गरी सर्वेक्षणको क्रममा १ र्वाभित्र सामाजिक कुरीतिसम्बन्धी घटेका/भएका घटनाहरुको बारेमा सोधिएको थिए । यसबाट तथ्याङ्क सकारात्मक आए पनि समुदायमा सामाजिक कुरीतिको अवस्था अझै विद्यमान देखिएको छ । १ वर्षभित्र सामाजिक कुरीतिसम्बन्धी कुनै घटना घटेको छ कि छैन भनी विवरण हेर्दा घरेलु हिंसा भइरहेको देखियो । तथ्याङ्क अनुसार ४ जनाले घरेलु हिँसा भएको बताएका छन् भने ६ जनाले बहुविवाह भएको बताएका छन् । कुनै घटना नघटेको बताउने सङ्ख्या भने ४३९४ रहेको छ ।


## बालसंरक्षण : विविध




सर्वेक्षणको क्रममा धेरैजसो बालबालिकाको घरमा बस्ने र पढ्ने कोठा अलग्गै नभएको पाइएको छ । उनीहरुलाई घरमा अलग्गै शान्त र बालमैत्री वातावरणमा पढ्ने वातावरण बनाउन जरुरी देखिएको छ । कूल ४४०४ जना मध्ये २७२० जनाले बालबालिका बस्ने र पढ्ने कोठा अलग्गै नभएको जानकारी दिएका छन् । १६८४ परिवारमा भने बालबालिकाको बस्ने र पढ्ने कोठा अलग रहेको छ ।




बालबालिकाको त के कुरा, परिवार नै घर र गोठ एउटै बनाएर बसेको अवस्था पनि भेटिएको छ। भुईतलाको एकातिर भान्सा तथा सुत्ने कोठा र अर्कातिर गाईभैंसी वा बाख्रा पाल्ने गरेको पाइएको छ। ३०८१ जनाको मानिस बस्ने र गाइबस्तु बाँध्ने गोठ अलग्गै रहँदा ३२६ जनाको भने अलग नरहेको अवस्था छ। त्यसैगरी ९९७ जनाको परिवार भने गोठको चोटा(माथिल्लो तला)मा सुत्ने गरेका छन्।





थाहा नगरपालिकाको वडा नं. १ देखि ६ सम्मको विवरण हेर्दा बालबालिकालाई वर्षमा एक जोर कपडा दिन नसक्ने परिवारहरु भेटिएका छन्। सर्वेक्षणमा सहभागी ४४०४ परिवारमध्ये ८२ परिवारमा बालबालिकाले वर्षमा एक जोर कपडा पनि पाउँदैनन्। उनीहरु एक पटक किनिदिएको विद्यालय पोशाकले दुई-तीन वर्षसम्म पुऱ्याउने र च्यातिएमा सिलाएर वा टालेर लगाउने गरेका छन्। त्यस्ता बालबालिकाहरुलाई स्थानीय सरकार वा संघ/संस्थाहरुबाट छात्रवृत्ति प्रदान गर्नुपर्ने देखिन्छ। दशैं, ल्होछार जस्ता चाडपर्वहरुमा आफन्तकोमा जाँदा पनि उनीहरु विद्यालय पोशाक नै लगाएर जाने गरेको पाइएको छ।

सर्वेक्षणमा भाग लिएकामध्ये ७६६ जनाले बालबालिकालाई वर्षमा एक जोर कपडा हालिदिने गरेका छन् भने दुई जोरभन्दा बढी लुगा किनिदिने परिवारको सङ्ख्या उल्लेखनीय(३५५६) रहेको छ।




थाहा नगरपालिकाका बालबालिका खासगरी प्रकृतिजन्य प्रकोपबाट टाढा रहन सकेका छैनन्। परिवारका सदस्य प्रकोपबाट प्रभावित हुँदा त्यसको प्रत्यक्ष असर बालबालिकालाई पर्दछ। परिवारका सदस्य प्रकोपबाट प्रभावित छन् (?) भन्ने प्रश्नमा १५५ जनाले कुनै न कुनै प्रकारको प्रकोपबाट प्रभावित भएको बताएका छन्। खासगरी खडेरी, अतिवृष्टि, असिना आदिका कारण खेतीपातीमा हुने प्रकोपबाट प्रभावित भएको देखिएको छ। त्यसैगरी बाढी-पहिरोको जोखिम पनि उत्तिकै रहेको छ। ९६ प्रतिशत घरपरिवार भने प्रकोपबाट प्रभावित नरहेको तथ्याङ्क प्राप्त भएको छ।




थाहा नगरपालिका स्थापना भएको एक दशक वित्न लाग्दा पनि बालबालिकाहरु १ घण्टा बढी पैदल हिँडेर विद्यालय पुग्न बाध्य छन्। यही कारणले उनीहरुको विद्यालयमा निरन्तरता कम हुने,

अनियमित हुने र घरमा पढ्ने समयको अभावले सिकाइको अवस्था कमजोर हुने गरेको पाइएको छ। नगरका ४१३ परिवारका बालबालिकालाई विद्यालयसम्म पुग्न १ देखि ३ घण्टासम्म लाग्ने गरेको पाइएको छ। बढी समस्या वडा नं. ४ र ५ मा देखिएको छ। उक्त वडाहरुमा आधारभूत तहभन्दा माथिल्लो तहको पढाइ हुने विद्यालय नभएकोले माध्यमिक तहको अध्ययनका लागि करिब २ घण्टाको हाराहारीमा हिँड्नुपर्ने वाध्यता रहेको छ। यसका लागि जनकल्याण माविले बसको व्यवस्था गरेको भए पनि बस चढ्ने ठाउँसम्म आइपुग्न पनि एक घण्टाभन्दा बढी हिँड्ने पर्ने देखिएको छ। सबै विद्यार्थीको पहुँचमा बस सेवा पुग्न नसकेकोले बालबालिकालाई छोटो समयमा विद्यालयसम्म पुग्ने वातावरण बनाउन सोच्नुपर्ने देखिन्छ।

सर्वेक्षणमा सहभागी ४४०४ परिवारमध्ये १४२१ परिवारका बालबालिकालाई विद्यालय पुग्न ३० देखि ६० मिनेट लाग्छ भने १५७५ परिवारका बालबालिकालाई १५देखि ३० मिनेट लाग्छ। ८४८ परिवार भने १५ मिनेट भन्दा कम दुरीमा रहेका छन्।

## परिच्छेद -९
## सुझाव तथा निष्कर्ष

बालमैत्री स्थानीय शासन नेपालले अन्तर्राष्ट्रिय मञ्चमा व्यक्त गरेको प्रतिबद्धता र हस्ताक्षर गरे अनुसार कार्यन्वयनमा आएको हो। यस अनुसार नेपालको दीगो बिकास लक्ष्यसँग पनि सम्बन्धित रहेकाले संघीय सरकार, प्रदेश सरकार हुँदै स्थानीय सरकारको नीतिमा बालमैत्री स्थानीय शासनसम्बन्धी नीति समेटेनु आवश्यक देखिन्छ।

स्थानीय तहकोअधिकार क्षेत्र भित्र पर्ने २२ एकल र १५ वटा साझा सूचीमा कतिपय बिषयहरू बालमैत्री शासनसँग सम्बन्धित छन्। यसमा खासगरेर शिक्षा, स्वास्थ्य, सरसफाई, सहभागिता, संरक्षणका बिषयमा स्थानीय तह आफैले कानून निर्माण गर्न सक्ने हुँदा स्थानीय तहको कानून निर्माताहरूमा बालमैत्री अवधारणासम्बन्धी सहमत र प्रोत्सहित हुन आवश्यक देखिन्छ।

थाहा नगरपालिकामा बालमैत्री स्थानीय शासनका उपलव्धीलाई बचाई राख्न चुनौतिपूर्ण देखिन्छ। खासगरी विद्यालयहरुमा कक्षा छाड्ने दर, बाल विवाह, बालबालिकामा देखिएको लागूऔषध दूर्व्यसन जस्ता बिषयमा गम्भीर हुनै पर्ने देखिएको छ। बालबालिका विरुद्ध हुने हिंसा, शोषण, दुर्व्यवहार कायम रहेकाले यसका विरुद्ध निरन्तर कार्य हुन जरुरी छ।

थाहा नगरपालिकामा बालअधिकारसम्बन्धी निम्न विषय तथा कार्यहरुमा सम्बोधन गर्न सुझाव दिइएको छ :।

- सबै बालबालिकाको स्वास्थ्य बीमा प्रवर्धन गर्ने तथा न्यून आर्थिक अवस्था भएका बालबालिकाको स्वास्थ्य बीमा गराउने प्रबन्ध गर्नुपर्ने ।

- कशोर किशोरीलाई मुलतः यौन तथा प्रजनन् स्वास्थ्यसम्बन्धी समस्या भन्न सक्ने वातावरण सिर्जना गर्न तथा गोपनियता कायम गर्न स्वास्थ्यकर्मीहरुलाई संवेदनशील बनाउनु पर्ने ।

- गर्भावस्था वा प्रसुतीपछि मातृ-शिशुको स्वास्थ्य नियमित परीक्षण गराउन आवश्यक कार्य गर्नुपर्ने ।

- जनचेतना अभिवृद्धिका लागि स्वास्थ्य संस्थाको परिचालन तथा अनुगमन गर्ने र नियमित मातृ-शिशुको स्वास्थ्य परीक्षणका लागि सचेतना गर्नुपर्ने ।

- विभिन्न स्थानहरुमा स्वास्थ्य तथा घटना दर्ता सिविरहरु सञ्चालन गर्नुपर्ने ।

- परिवारबाट अलग हुने जोखिममा रहेका बालबालिकाको लागि पारिवारिक सहयोग तथा आर्थिक विकासका कार्य गर्नु पर्ने ।

- कुनै पनि कारणबाट अनाथ, असहाय वा बेवारिस भएका बालबालिकाको पहिचान गरी सूचना अध्यावधिक गर्नुपर्ने तथा बाल संरक्षण प्रणालीको विकास गर्नुपर्ने ।

- परिवारमा आधारित स्याहारको व्यवस्था हुन नसकेका बालबालिकाको लागि आवासीय बालगृह वा अन्य वैकल्पिक स्याहारको व्यवस्था गर्नुपर्ने ।

- अपाङ्गता भएका बालबालिकाको अपाङ्गताको विविध किसिम सहित तथ्याङ्क संकलन तथा अभिलेखीकरण गर्नुपर्ने र परिचय पत्रको व्यवस्था गराउनु पर्ने ।

- अपाङ्गता भएका बालबालिकाको लागि आवश्यक पर्ने विशेष स्याहार, मनोविमर्श, पुनर्स्थापना, उपचार, छात्रवृत्ति जस्ता सेवाहरूको नक्साङ्कन तथा सूचीकरण गर्नुपर्ने ।

- सेवा उपलब्ध नभएको अवस्थामा आवश्यकता अनुसार सेवाको स्थापना, सञ्चालन, मापदण्ड निर्धारण तथा अनुगमन गर्नुपर्ने तथा गैरसरकारी तथा निजी सेवा प्रदायक मार्फत् त्यस्तो सेवा प्रवाह गर्ने व्यवस्था मिलाउनुपर्ने ।

- बालविवाहबाट हुने आर्थिक, सामाजिक तथा स्वास्थ्य एवम् व्यक्तित्व विकाससम्बन्धी असर र कानुनी प्रावधान आदिबारे लक्षित समुदाय पहिचान गरी सचेतना गर्नुपर्ने ।

- बालविवाह गर्न वा गराउन लागेको अवस्थामा सम्बन्धित परिवार तथा बालबालिकालाई सम्झाई-बुझाई तथा आवश्यक सहयोग, सेवा उपलब्ध गराई बालविवाह नगर्ने वातावरण निर्माण गर्नुपर्ने ।

- बालविवाहको कारण पत्ता लगाउँदै बालविवाहमुक्त स्थनीय तह अभियान थालनी गर्नुपर्ने ।

- बालश्रम हुने सम्भावित निजी तथा व्यावसायिक क्षेत्रको नियमित अनुगमन गर्नुपर्ने ।
- बालश्रम उपयोग निरुत्साहित गर्ने र बालश्रम प्रयोग भएका सेवा तथा सामाग्री प्रयोग नगर्ने, नगराउने ।
- निश्चित आधार तथा मापदण्डको आधारमा बालश्रम मुक्त वडा/पालिका घोषणा तथा हरियो झण्डा अभियान (बालश्रममुक्त यातायात क्षेत्र, होटल, रेस्टुरेन्ट, उद्योग तथा कलकारखाना, आदि) सञ्चालन गर्नुपर्ने ।
- बालश्रमिक हुन सक्ने जोखिम भएका परिवार लक्षित चेतना अभिवृद्धिका साथै आय आर्जन लगायतका सेवाहरुमा पहुँच स्थापना गर्नुपर्ने ।
- देशभित्र तथा देशबाहिर हुनसक्ने बालबालिकाको बेचबिखन विरुद्ध अभिभावक तथा बालबालिकालाई सञ्चारमाध्यम, स्थानीय समूह, बालक्लब, विद्यालय लगायत विभिन्न माध्यमबाट सचेतना गर्नुपर्ने ।
- बेचबिखनमा पारिएका बालबालिकाको उद्धार, स्वदेश फिर्ती, पारिवारिक पुनर्मिलन, पुनर्स्थापना, आपत्कालिन संरक्षण, परामर्श, कानुनी उपचार तथा जिवनोपयोगी सीप र सहयोग लगायतका सेवा तथा सहयोग प्रदान गर्नुपर्ने ।
- बालबालिकामाथि हुने यौनशोषण तथा दुर्व्यवहार र यसबाट बच्ने उपायबारे समुदायमा आधारित संघसंस्था वा समूह, बालबालिका, अभिभावक, शिक्षकलगायतमा सचेतना अभिबृद्धि गर्नुपर्ने ।
- शिक्षण संस्था, स्वास्थ्य सेवा प्रदायक लगायत बालबालिकासँग सम्पर्कमा आउने सेवा प्रदायकले यौनशोषण तथा दुर्व्यवहारको लक्षण पहिचान गर्ने तथा उजुरी गर्ने क्षमता अभिवृद्धि तथा उजुरी प्रणाली स्थापना गर्नुपर्ने ।
- सम्भावित बाढी पहिरो आउने स्थानको पहिचान गरी सोको नियन्त्रणका लागि आवश्यक कार्य गर्नुपर्ने ।
- विपद्का कारण शिक्षा तथा स्वास्थ्यबाट बञ्चित बालालिकाको शैक्षिक निरन्तरता तथा स्वास्थ्य उपचारका लागि आवश्यक सहयोग गर्नुपर्ने
- इन्टरनेटको सही प्रयोग तथा यसको दुरुपयोगबाट हुनसक्ने हानीबारे शिक्षक, बालबालिका तथा अभिभावकलाई सचेतना गर्नपर्ने ।
- इन्टरनेटको दुरुपयोगबाट जोखिममा परेका बालबालिकालाई मनोसामाजिक परामर्श, कानूनी उपचार लगायतका आवश्यक सहयोग गर्नुपर्ने
- लागूपदार्थ दुर्व्यसनी तथा ओसारपसार विरुद्ध विद्यालय, अभिभावक र बालबालिकालाई सचेतना गर्नुपर्ने ।

- दुर्व्यसनमा परेका बालबालिकाको पुनःस्थापनका लागि विभिन्न संघसंस्था तथा निकायहरुको समन्वयमा आवश्यक दुर्व्यसन उपचारको व्यवस्था गर्नुपर्ने ।

- आफ्नो कार्यक्षेत्रभित्र रहेका विधार्थीहरुको संख्या एकीन गरी समयमै पाठ्पुस्तकको व्यवस्थापनका लागि नगरपालिकाले सम्बन्धित निकायसँग समन्वय गर्नुपर्ने ।

- सबै बालबालिकाले समयमै पाठ्पुस्तक पाए नपाएको अनुगमन गर्नुपर्ने ।

- विविध समूहका बालबालिकालाई प्रदान गरिने छात्रवृत्तिहरुको उचित ढंगले  वितरण गरे नगरेको अनुगमन गर्नुपर्ने ।

- विद्यालयलाई दण्ड सजाँयमुक्त घोषणा गर्न शिक्षकहरुलाई भयरहित शिक्षण सिकाईसम्बन्धी तालीम दिई कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाउनुपर्ने ।

- विद्यालयमा दण्ड सजायका घटना घटेमा तत्काल आवश्यक सम्बोधन तथा कारवाही गर्नुपर्ने ।

- छात्र र छात्राको लागि छुट्टाछुट्टै, अपाङ्गमैत्री शौचालय भए नभएको अनुगमन गर्नुपर्ने र नभएमा सोको व्यवस्था गराउनु पर्ने ।

- छात्राहरुका निम्ति स्यानेटरी प्याडको व्यवस्था गराउनु पर्ने, सोको उपयोग तथा प्रयोगपश्चातको व्यवस्थापन गराउनु पर्ने ।

- खानेपानीको उचित व्यवस्थापन गराउनु पर्ने ।

- निःशुल्क तथा अनिवार्य शिक्षा अवधारणाको सचेतीकरण गर्ने ।

- विपन्न परिवारका बालबालिकालाई स्टेशनरी, ड्रेस तथा छात्रवृत्ति लगायतको व्यवस्था गरी नियमित विद्यालय जानको लागि अभिप्रेरित गर्नुपर्ने ।

- आवश्यकता अनुसार दिवा खाजाको व्यवस्था गर्नुपर्ने ।

- शिक्षण नियमित भए नभएको अनुगमन गरी गराई दण्ड तथा पुरस्कारको व्यवस्था गर्नुपर्ने ।

- विद्यालयहरुमा कुनै पनि दृष्टिकोणबाट विधार्थी विधार्थीबीच हुने वा विधार्थीमाथि हुनसक्ने कुनै पनि किसिमको भेदभाव, हेपाई, दुर्व्यवहार हुन नदिन विद्यालय बालसंरक्षण नीति/आचारसंहिता बनाई लागू गर्नुपर्ने ।

- विद्यालयमा उजुरी पेटिका राख्नुको साथै यससम्बन्धी सम्बोधन गर्ने संयन्त्र निर्माण गर्ने र समयसमयमा अनुगमन गर्नुपर्ने ।

- आफ्नो कार्यक्षेत्रभित्र बालबालिकाको पहुँच हुनेगरी प्रारम्भिक बालविकास केन्द्रहरु सञ्चालन भए नभएको अनुगमन गरी सोको व्यवस्थित तथा बालमैत्री सञ्चालनका लागि सहजिकरण गर्नुपर्ने ।

- प्रत्येक विद्यालयमा मनोविमर्श सेवाको सुनिश्चितताका लागि तालिम प्राप्त मनोविमर्शकर्ताको व्यवस्था गर्ने वा विद्यालयकै शिक्षकलाई मनोविमर्श सम्बन्धी उपयुक्त तालिम दिई सो सम्बन्धी सेवा प्रदान गर्नुपर्ने ।

- आफ्नो कार्यक्षेत्रभित्र रहेका विद्यालयहरुमा बालबालिकाको नियमित स्वास्थ्य परिक्षणको व्यवस्था गर्नुपर्ने ।

- आफ्नो कार्यक्षेत्रभित्र रहेका विद्यालय तथा समुदायमा आधारित बालक्लबहरुको सूचीकरण गर्ने र आवश्यकता अनुसार गठन गर्नुपर्ने ।

- बालसंरक्षणका सवालहरु पहिचान तथा सम्बोधनका लागि बालक्लबहरुको आवश्यक परिचालन गर्नुपर्ने ।

- नगरपालिकास्तरीय नीति निर्माण तथा कार्यक्रम तर्जुमाको क्रममा बालबालिकासम्बन्धी विषयवस्तुका लागि बालबालिकाको उपयुक्त विचार वा सुझावलाई समावेश गर्नुपर्ने ।

- नगरपालिका अन्तर्गत गठन हुने विभिन्न समिति, उपसमितिहरुमा बालबालिकाको शैक्षिक र शारीरिक क्षमताको आधारमा सहभागी गराउनुपर्ने (सदस्य वा आमन्त्रित)

- परिवार, विद्यालय, समुदाय, वडा तथा नगरपालिकास्तरमा बालसहभागिताको महत्वबारे अवधारणागत स्पष्टताका लागि आवस्श्क अन्तरक्रिया तथा अभिमूखीकरण गर्नुपर्ने ।

## अनुसूची-१
## (सर्वेक्षणबाट प्राप्त तथ्याङ्क)

| वडा नं. | परिवारमुली | | | जातीगत विवरण | | | | | | धार्मिक विवरण | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | क्षेत्री | बाहुन | तामाङ | नेवार | अन्य | जम्मा | हिन्दु | बौद्ध | क्रिश्चियन | अन्य | जम्मा |
| १ | १०१ | ५४४ | ६४५ | ५ | ११ | ११८ | ५०७ | ४ | ६४५ | ५२० | ९२ | ३२ | १ | ६४५ |
| २ | २४८ | ६१८ | ८६६ | ३१६ | ८२ | २६१ | १३१ | ७६ | ८६६ | ६८९ | १५१ | १० | १६ | ८६६ |
| ३ | १५९ | ६५२ | ८११ | ४७९ | ९ | १५२ | ११० | ६१ | ८११ | ६६९ | १११ | १२ | १९ | ८११ |
| ४ | १३४ | ६१७ | ७५१ | ३४४ | ० | ३२७ | ३ | ७७ | ७५१ | ४९३ | २३० | २३ | ५ | ७५१ |
| ५ | ७० | ४९२ | ५६२ | २३ | ३ | ४७४ | ५ | ५७ | ५६२ | १७३ | ३६४ | २५ | ० | ५६२ |
| ६ | ११९ | ६५० | ७६९ | १२४ | ८३ | १७७ | ३२४ | ६१ | ७६९ | ५९२ | १३२ | ३७ | ८ | ७६९ |
| **जम्मा** | ८३१ | ३५७३ | ४४०४ | १२९१ | १८८ | १५०९ | १०८० | ३३६ | ४४०४ | ३१३६ | १०८० | १३९ | ४९ | ४४०४ |

| वडा नं. | मातृभाषा | | | | | बालबालिकाको उमेरगत जनसंख्याको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | १ बर्षमुनि | | १ देखि २ | | ३ देखि ४ | | ५ देखि ६ | | ७ देखि ८ | | ९ देखि १० | |
| | नेपाली | तामाङ | नेवारी | अन्य | जम्मा | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका |
| १ | ८३ | ७९ | ४८३ | ० | ६४५ | ४१ | ३१ | २० | ३६ | ४४ | ३२ | ५१ | ५९ | ६० | ३० | ५० | ४९ |
| २ | ६५१ | ७९ | १२८ | ८ | ८६६ | ५५ | ४४ | ३८ | ३८ | ५८ | ५७ | ६८ | ५० | ७८ | ६६ | ६१ | ४६ |
| ३ | ६०९ | १०३ | ९८ | १ | ८११ | ३४ | २९ | ३६ | २१ | ५६ | ४१ | ४९ | ४९ | ५२ | ४९ | ७७ | ३७ |
| ४ | ४५७ | २८८ | १ | ५ | ७५१ | ६० | ३३ | ५५ | २० | ८१ | ४१ | ४९ | ७१ | ४५ | ५१ | ६५ | ४० |
| ५ | ५६१ | ० | १ | ० | ५६२ | २६ | १४ | ३४ | ४१ | ३७ | ४२ | ६९ | ५६ | ६१ | ५२ | ५३ | ४६ |
| ६ | २७१ | १७० | ३२४ | ४ | ७६९ | ३६ | ३३ | ३७ | ५१ | ६१ | ७६ | ९१ | ७३ | ८० | ७२ | ४६ | ६९ |
| २१ | २६३२ | ७१९ | १०३५ | १८ | ४४०४ | २५२ | १८४ | २२० | २०७ | ३३७ | २८९ | ३७७ | ३५८ | ३७६ | ३२० | ३५२ | २८७ |

| वडा नं. | उमेरगत जनसंख्याको विवरण | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ११ देखि १२ | | १३ देखि १४ | | १५ देखि १६ | | १७ देखि १८ | | १९ देखि २४ | | २५ देखि ४५ | | ४६ देखि ६० | |
| | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| १ | ६१ | ७५ | ७७ | ६९ | ४९ | ५० | ८३ | ७० | २१६ | २०० | ५४१ | ५५४ | २३१ | २१७ |
| २ | ७२ | ६० | ६९ | ६५ | ५९ | ७२ | ७७ | ६९ | २३६ | २२३ | ८०८ | ७४२ | ३११ | ३३२ |
| ३ | ६६ | ५७ | ७६ | ७४ | ५६ | ५७ | ७२ | ६३ | २३४ | २१९ | ८१४ | ७५७ | २५८ | २९४ |
| ४ | ५५ | ५५ | ६४ | ६८ | ५४ | ५६ | ६१ | ६४ | २०० | २०१ | ५०२ | ५०३ | १९८ | २०१ |
| ५ | ५७ | ६६ | ५३ | ६२ | ५० | ५० | ४८ | ५७ | १९८ | १८९ | ४८८ | ४१२ | १७८ | १९३ |
| ६ | ६४ | ८१ | ७८ | ५९ | ५८ | ५९ | ९३ | ७५ | २२० | ७६४ | ७७० | ७२८ | २१९ | २२९ |
| जम्मा | ३७५ | ३९४ | ४१७ | ३९७ | ३२६ | ३४४ | ४३४ | ३९८ | १३०४ | १७९६ | ३९२३ | ३६९६ | १३९५ | १४६६ |

| वडा नं. | उमेरगत जनसंख्याको विवरण | | | | खानेपानीको स्रोत | | | | | खानेपानी ल्याउन लाग्ने समय(जान/आउन) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ६१ देखि ७५ | | ७५ माथि | | धारा/पाइप | कुवा | ट्युबेल | आकाशे पानी संकलन | जम्मा | घरमै भएको | ३० मिनेटसम्म | ३० मिनेटभन्दा बढी | जम्मा |
| | पुरुष | महिला | पुरुष | महिला | | | | | | | | | |
| १ | १०५ | १०९ | ४२ | ५४ | ६४१ | ४ | ० | ० | ६४५ | ४८८ | १५७ | ० | ६४५ |
| २ | १४३ | १४३ | ५८ | ६९ | ७८२ | १ | ५४ | २९ | ८६६ | ७९६ | ७० | ० | ८६६ |
| ३ | १६४ | १५३ | ३९ | ४६ | ८०६ | ० | ५ | ० | ८११ | ८१० | १ | ० | ८११ |
| ४ | १०२ | ९९ | २६ | ३१ | ७११ | ४० | ० | ० | ७५१ | ६७७ | ७४ | ० | ७५१ |
| ५ | ७५ | ८६ | २२ | २० | ५४९ | १३ | ० | ० | ५६२ | ५०४ | ५७ | १ | ५६२ |
| ६ | १५१ | १५६ | ६५ | १२३ | ७६१ | ६ | ० | २ | ७६९ | ७३६ | ३१ | २ | ७६९ |
| जम्मा | ७४० | ७४६ | २५२ | ३४३ | ४२५० | ६४ | ५९ | ३१ | ४४०४ | ४०११ | ३९० | ३ | ४४०४ |

| वडा नं. | घरायसी रुपमा पानीको प्रयोग | | | | | १ बर्षभित्र झडापखाला लागेको अवस्था | | शौचालयको अवस्था | | | | खाना खानुअघी/बच्चाको दिशा धोएपछी/शौचालय गएपछी हात धुने | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | उमालेर | प्रणालीबाटै सुरक्षित पानी आउने | फिल्टरबाट | केही नगरेको | जम्मा | छ | छैन | पक्की | कच्ची | नभएको | जम्मा | साबुन पानी | केही पनी नगर्ने | जम्मा |
| १ | ४९ | ३६८ | ९७ | १३१ | ६४५ | ११३ | ५३२ | ५८३ | ६० | २ | ६४५ | ६४४ | १ | ६४५ |
| २ | ३७६ | १९८ | ९५ | १९७ | ८६६ | १७६ | ६९० | ८५० | १५ | १ | ८६६ | ८६६ | ० | ८६६ |
| ३ | ४६६ | २७८ | २० | ४७ | ८११ | २५ | ७८६ | ७६४ | ४६ | १ | ८११ | ८११ | ० | ८११ |
| ४ | १०७ | ३४६ | ६९ | २२९ | ७५१ | ५० | ७०१ | ५७९ | १७० | २ | ७५१ | ७३२ | १९ | ७५१ |
| ५ | ४ | ४१९ | १८ | १२१ | ५६२ | ९५ | ४६७ | ४८३ | ७८ | १ | ५६२ | ५५७ | ५ | ५६२ |
| ६ | ६४ | ६२ | १४६ | ४९७ | ७६९ | २९ | ७४० | ६५५ | ११३ | १ | ७६९ | ७६९ | ० | ७६९ |
| **जम्मा** | १०६६ | १६७१ | ४४५ | १२२२ | ४४०४ | ४८८ | ३९१६ | ३९१४ | ४८२ | ८ | ४४०४ | ४३७९ | २५ | ४४०४ |

| वडा नं. | स्वास्थ्य संस्थामा पुग्न लाग्ने समय | | | | | तत्काल बिरामी पर्दा उपचार गर्ने आर्थिक क्षमता | | बालरोग/खोपको बारेमा जानकारी | | एचआइभि संक्रमितबाट जन्मेको बालबालिका | १८ बर्षभन्दा कम उमेरको बालबालिकालाई लागेको दीर्घरोगको अवस्था | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १५ मिनेट | १५-३० मिनेट | ३०-४५ मिनेट | १ घण्टा | १ घण्टा माथि | छ | छैन | छ | छैन | | छ | छैन |
| १ | १९७ | २५० | १६१ | १६ | १३ | ५७० | ७५ | ३८० | २६५ | ० | ४ | ६४१ |
| २ | २३७ | ३६६ | ८५ | ११७ | ५४ | ७०७ | १५९ | ६८० | १८६ | ० | ६ | ८६० |
| ३ | २०४ | १७२ | ७१ | १९४ | १६५ | ६३९ | १७२ | ६०३ | २०८ | ० | ४ | ८०७ |
| ४ | २५१ | १७९ | ६९ | १८१ | ६९ | ४०९ | ३४२ | ५२४ | २२७ | ० | ११ | ७४० |
| ५ | ३० | ७५ | १५६ | २५७ | २७ | ३५८ | २०४ | ९० | ४७२ | ० | ० | ५६२ |
| ६ | २५४ | २८४ | १३६ | ८५ | ७ | ५१४ | २५५ | ५१९ | २५० | ० | १ | ७६८ |
| **जम्मा** | ११७३ | १३२६ | ६७८ | ८५० | ३३५ | ३१९७ | १२०७ | २७९६ | १६०८ | ० | २६ | ४३७८ |

| वडा नं. | दीर्घरोगका कारण १८ बर्षमुनीको बालबालीकाको मृत्यु(गत १० बर्षमा) | १ बर्षभित्र ५ बर्षमुनिको बालबालिकाको मृत्यु | ५ वर्ष मुनिका बालबालिकाले पोषिलो खाना( दिनको कम्तिमा ३ पटक दुध, लिटो, भात, फलफूल र सागसब्जी) खान पाउँछन् ? अवस्था | | १/५ बर्षसम्मको बालबालिकाको मासिक/त्रैमासिक रुपमा तौल लिने गरेको अवश्था | |
|---|---|---|---|---|---|---|
| | | | पाउँछन | पाउँदैनन | छ | छैन |
| १ | ४ | २ | ६३८ | ७ | ५५५ | ९० |
| २ | १ | १ | ८६३ | ३ | ६७४ | १९२ |
| ३ | ३ | ० | ८१० | १ | ७९९ | १२ |
| ४ | ३ | २ | ७२७ | २४ | ५६१ | १९० |
| ५ | ० | १ | ५२९ | ३३ | ५२५ | ३७ |
| ६ | २ | ० | ४९८ | २७१ | ४७६ | २९३ |
| **जम्मा** | १३ | ६ | ४०६५ | ३३९ | ३५९० | ८१४ |

| वडा नं. | जन्मदर्ता गराएको अवश्था | | १८ बर्षसम्मको बालबालिका अरुको घरमा बसेका विवरण | | छोराछोरीबिच कुनैफरक व्यवहार गरेको | | यौनशोषणको कुनै घटना | १ बर्षभित्र सामाजिक कुरीति सम्बन्धी कुनै घटना | | | बालगृह/कुनै संस्थामा बसेका बालबालिका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छ | छैन | छ | छैन | छ | छैन | भएको | नभएको | बाल विवाह | घरेलु हिंसा | |
| १ | ५४२ | १०३ | १ | ६४४ | १३ | ६४५ | ० | ६४४ | १ | १ | ० |
| २ | ६७६ | १९० | ० | ८६६ | १ | ८६६ | ० | ८६६ | ० | ० | ० |
| ३ | ६३८ | १७३ | ४ | ८०७ | ० | ८११ | ० | ८११ | ० | ० | ० |
| ४ | ६०२ | १४९ | ४ | ७४७ | १ | ७५१ | ० | ७४६ | ५ | ३ | ० |
| ५ | ४३० | १३२ | ० | ५६२ | ० | ५६२ | ० | ५६२ | ० | ० | ० |
| ६ | ६७४ | ९५ | ८ | ७६१ | ० | ७६९ | ० | ७६९ | ० | ० | ० |
| **जम्मा** | ३५६२ | ८४२ | १७ | ४३८७ | १५ | ४४०४ | ० | ४३९८ | ६ | ४ | ० |

| वडा नं. | सडक बालबालिकाको अवश्था | बाल अधिकारको बारेमा जानकारी | | बालबालिका लागुपदार्थ दुर्व्यसनिमा रहेको/नरहेको जानकारी | | बर्षमा कति जोर लुगा दिनुहुन्छ ? | | | | बालबालिका बस्ने र पढ्ने कोठा अलग्गै छ ? | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छ | छैन | छ | छैन | एक जोर पनि नदिने | १ जोर सम्म | २ जोर भन्दा माथि | जम्मा | छ | छैन |
| १ | ० | ३२३ | ३२२ | ८२ | ५६३ | २ | १३४ | ५०९ | ६४५ | ४२६ | २१९ |
| २ | ० | ५९४ | २७२ | ५८ | ८०८ | ० | २०४ | ६६२ | ८६६ | ३०२ | ५६४ |
| ३ | ० | ६८५ | १२६ | ४८४ | ३२७ | ० | १३१ | ६८० | ८११ | ४३० | ३८१ |
| ४ | ० | ३८३ | ३६८ | ३२ | ७१९ | ० | १४२ | ६०९ | ७५१ | १६५ | ५८६ |
| ५ | ० | १०८ | ४५४ | ३ | ५५९ | ५१ | ७२ | ४३९ | ५६२ | ९८ | ४६४ |
| ६ | ० | ३९९ | ३७० | १३ | ७५६ | २९ | ८३ | ६५७ | ७६९ | २६३ | ५०६ |
| **जम्मा** | ० | २४९२ | १९१२ | ६७२ | ३७३२ | ८२ | ७६६ | ३५५६ | ४४०४ | १६८४ | २७२० |

| वडा नं. | मानिस बस्ने घर र गाईबस्तु बाँध्ने गोठ अलग्गै छन ? | | | विद्यालय जान लाग्ने समय | | | | विद्यालय भर्ना नभएका बालबालिका | निर्णयमा बालबालिकाको सहभागिता | | परिवारका कुनै सदस्य स्थानिय संघ संस्थामा आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छ | छैन | गोठको चोटामा सुत्ने गरेको | १५ मि. | १५-३० मि. | ३०-६० मि. | १ घण्टा माथि | छ | छ | छैन | छ | छैन |
| १ | ३१२ | १४ | ३१९ | ६८ | १९८ | २९७ | ८ | ० | ४०० | २४५ | ६४५ | ० |
| २ | ७७१ | २३ | ७२ | १२८ | ३६४ | २०४ | ७८ | ० | ३४९ | ५१७ | ८६६ | ० |
| ३ | ५४९ | १० | २५२ | २३० | १३४ | २९२ | ५९ | ० | ४९७ | ३१४ | ८११ | ० |
| ४ | ३८६ | १३० | २३५ | २२३ | १०८ | २१६ | १७९ | ० | ३५९ | ३९२ | ७५१ | ० |
| ५ | ५०५ | २९ | २८ | ३९ | ८२ | २७७ | ६२ | ० | १८१ | ३८१ | ५६२ | ० |
| ६ | ५५८ | १२० | ९१ | १६० | ३७१ | १३५ | २७ | ० | १८७ | ५८२ | ७६९ | ० |
| **जम्मा** | ३०८१ | ३२६ | ९९७ | ८४८ | १२५७ | १४२१ | ४१३ | ० | १९७३ | २४३१ | ४४०४ | ० |

| वडा नं. | घरको छानोको अवश्था | बत्तीको प्रमुख स्रोत | खान बनाउन प्रयोग हुने मुख्य इन्धन | १८ बर्षमुनिका बालबालिका शारिरिक/मानसिक रुपले अपांग छन ? |
|---|---|---|---|---|

| | ढलान | खरको छानो | जस्ताको छाना | टायल/ ढुङ्गाको छानो | जम्मा | बिजुली | सोलार | अन्य | जम्मा | दाउरा | एलपी ग्यास | गोबर ग्यास | छ | छैन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २५४ | ० | २६५ | १२६ | ६४५ | ६४४ | ० | १ | ६४५ | ३३४ | ३०० | ११ | ४ | ६४१ |
| २ | २०५ | ० | ५८७ | ७० | ८६२ | ८६० | २ | ० | ८६२ | ५२६ | २४० | ९६ | ६ | ८५६ |
| ३ | २५७ | ० | ५५२ | २ | ८११ | ८११ | ० | ० | ८११ | ५०० | ३१० | १ | ५ | ८०६ |
| ४ | २२१ | १ | ५२९ | ० | ७५१ | ७४७ | १ | ३ | ७५१ | ४६१ | २८७ | ३ | १३ | ७३८ |
| ५ | ५६ | ० | ४९५ | ११ | ५६२ | ५५५ | २ | ५ | ५६२ | ५४९ | १३ | ० | १ | ५६१ |
| ६ | ४१५ | ० | ३५० | ४ | ७६९ | ७६८ | ० | १ | ७६९ | ३८० | ३८४ | ५ | ४ | ७६५ |
| **जम्मा** | १४०८ | १ | २७७८ | २१३ | ४४०० | ४३८५ | ५ | १० | ४४०० | २७५० | १५३४ | ११६ | ३३ | ४३६७ |

| वडा नं. | परिवारको बार्षिक आय | | | | | परिवारको बार्षिक खर्च | | | | आफ्नो उत्पादन/आम्दानीले कति महिना खान पुग्छ ? | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ५० हजार सम्म | ५०-१ लाख | १-५ लाख | ५लाख माथि | जम्मा | ५० हजार सम्म | ५०-१ लाख | १-५ लाख | ५लाख माथि | ३ महिनाभन्दा कम | ३-६ महिना | ६-९ महिना | ९-१२ महिना | बचत हुने | जम्मा |
| १ | १० | ११६ | ४४२ | ७७ | ६४५ | ७ | ३९ | ५७५ | २२ | ३१ | १७५ | ५० | ३०१ | ८८ | ६४५ |
| २ | १७ | ९६ | ६७२ | ७७ | ८६२ | ८ | ४५ | ७८३ | २७ | ४२ | १५१ | ३८ | ५४१ | ९० | ८६२ |
| ३ | ५८ | १६७ | ५१९ | ६७ | ८११ | १२ | ५३ | ७०८ | ३७ | ११ | २०४ | ५१ | ५४५ | ० | ८११ |
| ४ | २५ | १७७ | ४८६ | ६३ | ७५१ | ११६ | ९४ | ३७३ | १४७ | २२८ | २८२ | ५४ | १३१ | ५६ | ७५१ |
| ५ | २१४ | २३५ | १०७ | ६ | ५६२ | ९६ | २४० | २१५ | ११ | १९ | १६९ | १७१ | २०३ | ० | ५६२ |
| ६ | ४५ | १८९ | ४५८ | ७७ | ७६९ | १७ | २४ | ५९५ | १३१ | ५३ | २५२ | १०५ | २३६ | १२३ | ७६९ |
| **जम्मा** | ३६९ | ९८० | २६८४ | ३६७ | ४४०० | २५६ | ४९५ | ३२४९ | ३७५ | ३८४ | १२३३ | ४६९ | १९५७ | ३५७ | ४४०० |

| वडा नं. | परिवारमा ऋण लिएको अवश्था | | ऋण तिर्न बालबालिकालाई विद्यालय छोड्न लगाउनु भएको छ ? | | ऋण लिनुको उद्देश्य | | | | | | परिवारका सदस्य प्रकोपबाट प्रभावित छन ? | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छ | छैन | छ | छैन | वैदेशिक रोजगारी | उद्योग/ व्यापार | कृषि/ पशुपालन | घर खर्च | अन्य | जम्मा | छ | छैन |
| १ | ३६५ | २८० | ६ | ६३९ | ४२ | ४४ | १०८ | १६१ | १० | ३६५ | ६ | ६३९ |
| २ | २३८ | ६२४ | ० | ८६२ | ११ | २२ | ४९ | १३८ | १८ | २३८ | १ | ८६१ |
| ३ | ४८२ | ३२९ | ६ | ८०५ | ८ | ६१ | २३६ | १४२ | ३५ | ४८२ | ५३ | ७५८ |
| ४ | ३६० | ३९१ | ३ | ७४८ | १७ | ४५ | २१२ | ८४ | २ | ३६० | २४ | ७२७ |
| ५ | २९४ | २६८ | १ | ५६१ | १२ | १० | ५५ | २०७ | १० | २९४ | ७० | ४९२ |
| ६ | ४७४ | २९५ | २ | ७६७ | १६ | ४९ | १६० | २३९ | १० | ४७४ | १ | ७६८ |
| **जम्मा** | २२१३ | २१८७ | १८ | ४३८२ | १०६ | २३१ | ८२० | ९७१ | ८५ | २२१३ | १५५ | ४२४५ |

## सन्दर्भ सामग्री तथा श्रोतहरु :


१. घरधुरी सर्वेक्षण, २०७९/०८०
२. थाहा नगरपालिका स्वास्थ्य शाखाको अभिलेख, २०७९/०८०
३. थाहा नगरपालिका स्वास्थ्य शाखाको प्रतिवेदन, २०७८/०७९
४. थाहा नगरपालिका शिक्षा शाखाको अभिलेख, २०७९/०८०
५. नेपालमा बालबालिकाको स्थिति २०७४, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
६. बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९
७. बालबालिकासम्बन्धी जिल्ला रणनीति(मकवानपुर), २०६९
८. नेपालको संविधान, २०७२
९. भयमुक्त सिकाइ वातावरणका निमित्त नीतिगत व्यवस्था, २०६७, नेपाल सरकार
१०. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
११. संक्षेपमा स्थानीय तहमा बालअधिकारसम्बन्धी प्रमुख केही विषय तथा कार्यहरु, केन्द्रीय बाल कल्याण समिति
१२ दिगो विकास लक्ष्य र बालबालिका, केन्द्रीय बाल कल्याण समिति
१३ बाल सहभागिता निर्देशिका, केन्द्रीय बाल कल्याण समिति
१४ बालभेला सञ्चालन र सहजीकरण पुस्तिका, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
१५. बालसंरक्षणमा क्रियाशील संघसंस्था तथा कार्यकर्ताहरुको लागि शिक्षण-प्रशिक्षण एवम् स्व-अध्ययन स्रोत-पुस्तक, बाल अधिकार अध्ययन प्रतिष्ठान र केन्द्रीय बाल कल्याण समिति
१६. सामाजिक परिचालकहरुका लागि सहयोगी हाते पुस्तिका, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
१७. स्थानीय तहमा बालबालिकाको आवाज, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
१८. बालबालिकाको पार्श्वचित्र, धनकुटा जिविस
१९. बालमैत्री स्थानीय शासन सञ्चालन रणनीति, २०६८
२० बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८
२१. बालबालिका
२२. बालबालिका ऐन २०४८
२३. मुलुकी ऐन, २०२० (बाह्रौसंसोधन सहित)
२४. आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु बिक्री वितरण नियन्त्रण ऐन, २०४९
२५. बालअधिकार सम्बन्धी महासन्धी १९८९
२६. बालबालिका सम्बन्धी ऐन, २०७५ र नियमावली, २०७८:
२७. बालश्रम निषेध तथा नियमित गर्ने ऐन, २०५६ र नियमावली २०६२
२८. मानब बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ नियमावली २०६५
२९. मुलुकी अपराध (संहिता) ऐन, २०७४
३०. मुलुकी फौजदारी (संहिता), २०७४
३१. मुलुकी देवानी (संहिता) ऐन, २०७४
३२. बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२
३३. पन्ध्रौ योजना (२०७६।२०७७-२०८०।२०८१)
३४. बाल गृह सञ्चालन कार्यविधि, २०७५
३५. बालमैत्री स्थानीय शासन कार्यान्यन निर्देशिका, २०७८